काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

वर्ष १८, अंक १०३, पृष्ठ ८, बिहीबार, ४ भदौ २०८३, श्रावण शुक्लपक्ष अष्टमी, Thursday, 20 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

**आर्थिक**

वीरगन्ज चिनी कारखानाको अध्ययन प्रक्रिया सुरु भएपछि उखु किसान उत्साहित

**विचार**

साना व्यवसायीहरू असक्षम भएर पछाडि परेका होइनन्, सक्षम बनाउने प्रणाली कमजोर भएर पछाडि परेका हुन् ।



**अन्तिम चरणमा एसियाली खेलकुदको तयारी**

आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म नागोया र आइचीमा हुने एसियाली खेलकुदमा करिब १५ हजार खेलाडी र पदाधिकारी सहभागी हुने अपेक्षा गरिएको छ ।

# बजेट पार्न मरिहत्ते कार्यान्वयनमा सधैं लफडा

**देवेन्द्र बस्नेत**

*दाङ, भदौ ३*

दाङको घोराही उपमहानगरपालिका-१८ स्थित अम्बिकेश्वरी मन्दिरसम्म पुग्ने सडक सजावटका लागि भन्दै लुम्बिनी प्रदेश सरकारबाट १५ लाख रुपैयाँ बजेट विनियोजन भयो। बजेटले मितेरी हस्पिटलदेखि मन्दिरसम्म पुग्ने सडक सजावट गर्ने मागलाई सम्बोधन गरेको थियो। तर प्रदेश सरकार उद्योग, पर्यटन तथा यातायात मन्त्रालयबाट विनियोजित उक्त भएको रकमले मन्दिरसम्म जोड्ने सडक सजावटलाई सम्बोधन गरेको थियो तर यो सडकमा सजावट पूर्वाधार निर्माण नगर्न स्थानीय जनप्रतिनिधिसहितको दबाब आयो,' एक स्थानीय भन्छन्, 'बजेटको शीर्षकमा उल्लेख भएभन्दा फरक योजनाको काम नहुने नीतिका कारण काम हुन सकेन।'


गढवा गाउँपालिका-१ जेठान गाउँमा सडक निर्माणका लागि २० लाख रुपैयाँ प्रदेश सरकारबाट विनियोजन भयो। प्रदेशको सहरी विकास तथा खानेपानी मन्त्रालयबाट विनियोजन भएको बजेटमा गाउँमा निश्चित सडक निर्माणका लागि भनेर उल्लेख गरियो। तर स्थानीय जनप्रतिनिधिले बजेटमा उल्लेख भएभन्दा फरक सडक निर्माण गरिनुपर्ने तर्क राख्न थाले। उनीहरूकै दबाबबमोजिम बजेटमा उल्लेख भएभन्दा फरक स्थानमा सडक निर्माणका लागि लागत अनुमान तयार भयो। वडाध्यक्षको यो कार्यको विरोध केही स्थानीयले गर्न सुरु गरे। अन्ततः प्रदेश सरकारबाट विनियोजित सडक स्तरोन्नतिको बजेट खर्च हुन नसकी 'फ्रिज' भयो।

> मागअनुसार बजेट पनि पर्छ तर विभिन्न खिचातानी र स्वार्थले योजना कार्यान्वयन हुन सक्दैनन्। योजना कार्यान्वयनमा स्थानीय जनप्रतिनिधि र समूहबिच स्वार्थको द्वन्द्व हुँदा बजेट 'फ्रिज' हुने समस्या बल्भिरहेको छ। कसले जस पाउने भन्ने होडबाजीले पनि यस्तो हुने गरेको छ।

बजेट खर्च नभएर 'फ्रिज' भयो।

स्थानीयका अनुसार बजेट कार्यान्वयनमा राजनीतिक दलको स्वार्थ हाबी भयो। सडक सजावट रोक्ने योजनामा गाउँलेको एउटा समूह एक कित्तामा उभियो। अझ यसमा स्थानीय जनप्रतिनिधिसमेत सामेल भए। घोराही उपमहानगरपालिका-१८ का वडाध्यक्ष नै यो योजना कार्यान्वयन नगरेर सडक सजावटका लागि विनियोजित बजेट मन्दिर परिसरमै भौतिक पूर्वाधार निर्माणमा खर्चनुपर्ने पक्षमा देखिए। 'प्रदेश सरकारबाट विनियोजन

बाँकी पृष्ठ २



## किन सधैं असार पर्खिन्छ बजेट ?

**दिनेश सुवेदी**

*रोल्पा, भदौ ३*

देशमा विभिन्न कालखण्डमा अकल्पनीय परिवर्तनहरू भए। सत्ता मात्र होइन, समयसमयमा व्यवस्थासमेत फेरिए। तर काम गर्ने शैली भने फेरिएको छैन। वर्षौंदेखि सुनिँदै आएको 'असारे विकास'बाट रोल्पा पनि अछुतो छैन। जिल्लाका एउटा नगरपालिकासहित १० स्थानीय तह छन्। यी स्थानीय तहले वार्षिक पुँजीगत बजेटको ठुलो हिस्सा अर्थात् करिब ५३ प्रतिशत आर्थिक वर्षको अन्तिम महिना असारमा मात्र खर्च गरेको पाइएको छ।

यो रोग रोल्पाको मात्र नभएर देशैभरिको समस्या हो। कार्यान्वयनको समयमा लापरबाही र जिम्मेवारीबोध नहुँदा यस्तो अवस्था आउने गर्छ। विभिन्न बहानामा हुने ढिलासुस्तीका कारण आम नागरिक पाउनुपर्ने सुविधाबाट वञ्चित हुन्छन्। भौतिक निर्माण असारमा हुन्छ भने अन्य विभिन्न कार्यक्रम पनि असार पर्खेर बस्छन्। ११ महिनामा गरेको जम्मा खर्चभन्दा असारको एक महिनामा गरेको खर्च बढी हुँदा पनि न गतिलो अनुगमन हुन्छ न गुणस्तरीय काम नै।

महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको नतिजाअनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लाका १० स्थानीय तहले पुँजीगततर्फ एक अर्ब २२ करोड ४३ लाख दुई हजार रुपैयाँ खर्च गरेकोमा ६५ करोड १८ लाख ८२ हजार रुपैयाँ अर्थात् ५३.२५ प्रतिशत रकम असारमै भएको छ। रोल्पा नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा १३ करोड ५३ लाख ९६ हजार रुपैयाँ बजेट खर्च गरेकोमा असारमा मात्र सात करोड १९ लाख दुई हजार बजेट खर्च गरेको छ। रुन्टीगढी गाउँपालिकाले १४ करोड ७९ लाख नौ हजार रुपैयाँ पुँजीगत खर्च गरेकोमा असारमा मात्र ६ करोड ७१ लाख ९८ हजार खर्च गरेको देखिन्छ। गंगादेव गाउँपालिकाले ७८ प्रतिशत रकम असारमा खर्च गरेको छ। उक्त आवमा यो गाउँपालिकाले १० करोड ७४ लाख ९० हजार पुँजीगत बजेट खर्च गरेकोमा आठ करोड ३८ लाख रुपैयाँ असारमा मात्रै खर्च गरेको छ। थबाङ गाउँपालिकाले १२ करोड १२ लाख २३ हजार रुपैयाँ खर्च गरेकोमा आठ करोड ३६ लाख ५५ हजार असारमा मात्र खर्चेको छ।

बाँकी पृष्ठ ५

# रास्वपा : बाहिर नरम भित्र गरम

**नागरिक संवाददाता**

*काठमाडौं, भदौ ३*

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको आन्तरिक विवाद तीव्र बन्दै गएका बेला सभापति रवि लामिछानेले आफू र प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता बालेन्द्र शाहबिच कुनै समस्या नरहेको दोहोऱ्याएका छन्। रास्वपा संसदीय दलको कार्यालय सिंहदरबार बुधबार आयोजित सांसद र मन्त्रीसहितको बैठकमा सभापति लामिछानेले यस्तो दाबी गरेका हुन्। बैठकमा रास्वपा संसदीय दलका नेता एवं प्रधानमन्त्री शाह भने अनुपस्थित थिए।

बैठकपछि एकअर्काको कार्यशैलीप्रति असन्तुष्ट लामिछाने र शाहले अलग र फरक ढंगले पार्टीभित्र भेटघाट र छलफललाई तीव्र बनाउँदै आएका छन्।

> अमर्यादित गतिविधि गरेर रमिता नदेखाउन सांसद र मन्त्रीलाई सभापति लामिछानेको निर्देशन

लामिछानेले प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा 'एक्लो भएको' भनी लेखेको विषयलाई गलत अर्थ नलगाउन बैठकपछि सञ्चारकर्मीलाई आग्रह गरे। 'बालेनजीले लेख्नुभएको विषय, उहाँ कवि पनि हो नि त। कलाकार पनि हुनुहुन्छ,' लामिछानेले भने, 'यत्रो भिडमा पनि आज मैले एक्लो महसुस गर्न सक्दिनँ त, सक्छु नि। त्यसकारण त्यस्तो होइन, हरेक शब्दका अर्थ खोज्न गयौं भने कतै पुगिँदैन। सिंगो पार्टी सँगै उभिएको छ, कहाँ हुनुहुन्छ उहाँ एक्लो ?'

प्रधानमन्त्री शाहले पार्टी सभापति लामिछानेले मन्त्रिपरिषद् हेरफेर गर्न नदिएको गुनासो निकटसँग गर्दै आएको स्रोतको दाबी छ।

बाँकी पृष्ठ २



रास्वपा संसदीय दलको कार्यालयमा बसेको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै सभापति एवं सांसद रवि लामिछाने।

*तस्बिर : द्वारिका काफ्ले/नागरिक*

## प्रमका प्रमुख सल्लाहकार बेन नै अनुगमनमा

**भुवन शर्मा**

*काठमाडौं, भदौ ३*

प्रधानमन्त्री बालेन्द्र शाहका प्रमुख सल्लाहकार कुमार बेन नै एक सरकारी कार्यालयमा छड्के गर्न गएको पाइएको छ। त्यस कार्यालयमा बेन पुग्दा ५५ कर्मचारीमध्ये १४ जना अनुपस्थित थिए। अनुपस्थितमध्ये एक जना कार्यालय प्रमुख नै थिए। गत साउन १९ गते बिहान ९ बजेपछि सेवाग्राहीका रूपमा बेन ललितपुरको लगनखेलस्थित मालपोत कार्यालयमा छड्के/अनुगमन गर्न पुगेका थिए। बेनको निवास त्यहाँबाट नजिकै छ।


बेन त्यस कार्यालयमा केहीबेर बसे। उनी त्यहाँ बस्दासम्म कार्यालय प्रमुख छवि नेपालीसहित १४ कर्मचारी कोही आएनन्। अनुगमनका क्रममा उनी कार्यालय प्रमुखको कार्यकक्षसहित विभिन्न कोठामा पुगेका थिए तर धेरैजसो कोठा खाली थिए। उनले कोठा खाली भएको भिडियोसमेत बनाए। १२ सेकेन्डको भिडियो उनले तत्काल भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावललाई पठाए। त्यो भिडियोमा सेवाग्राही कार्यालय पुगेको तर कर्मचारी कम भेटिएको प्रस्ट देखिन्छ।

बाँकी पृष्ठ ५

# आश्चर्यमा आँखासँगै खुल्छ मस्तिष्क

**श्रीराम सुवेदी**

*काठमाडौं, भदौ ३*



कुनै आश्चर्यजनक कुरा सुन्दा र देख्दा आँखा ठुलो पार्नुलाई हामी सामान्य ठान्छौं तर नयाँ अनुसन्धानले यस्तो प्रतिक्रियाले मानिसलाई परिस्थितिअनुसार आफूलाई ढाल्न, छिटो सिक्न र पूर्वाग्रह घटाउन मद्दत गर्ने देखाएको छ।

अनुसन्धानअनुसार कुनै अप्रत्यासित घटना हुँदा मानिसको ध्यान त्यसतर्फ तानिने मात्र होइन, मस्तिष्कमा तीव्र परिवर्तनसमेत हुन्छ। यसले मानिसलाई परिवर्तित परिस्थितिमा ढाल्न मद्दत गर्छ।

'आँखाको नानी फैलिनु उत्तेजना बढेको संकेत हो। हाम्रो अध्ययनले उत्तेजनामा हुने तीव्र उतारचढावले मस्तिष्कमा उपयोगी काम गरिरहेको देखिन्छ,' अध्ययनका लेखक तथा ब्राउन विश्वविद्यालयका स्नायु विज्ञान, संज्ञानात्मक तथा मनोवैज्ञानिक विषयका सहप्राध्यापक म्याट नासारलाई उद्धृत गर्दै विश्वविद्यालयद्वारा जारी विज्ञप्तिमा लेखिएको छ।

'नेचर ह्युमन बिहेभियर' नामक वैज्ञानिक जर्नलमा प्रकाशित उक्त अध्ययनअनुसार आश्चर्यले मस्तिष्कलाई पुराना अडानबाट केही हदसम्म मुक्त गर्छ र परिस्थितिमा परिवर्तन आउँदा मानिसलाई अझ सही ढंगले प्रतिक्रिया दिन मद्दत गर्छ। ब्राउन विश्वविद्यालयअन्तर्गतको कार्ने इन्स्टिच्युट फर ब्रेन साइन्सका अनुसन्धानकर्ताको नेतृत्वमा गरिएको अध्ययनले सतर्कतामा आउने छोटा तर तीव्र परिवर्तनले मस्तिष्कलाई आफ्ना पुराना अपेक्षा पुनःसमायोजन गर्न सहयोग गर्ने देखाएको छ। यसले मानिसलाई नयाँ सूचनाबाट सिक्न र पुराना धारणाबाट गलत दिशामा जानबाट जोगिन मद्दत गर्छ।

जब कुनै अप्रत्याशित घटना हुन्छ तब मानव शरीरले लगभग तुरुन्तै प्रतिक्रिया दिन्छ। आँखाको नानी फैलिन्छ, मस्तिष्कको गतिविधिमा परिवर्तन आउँछ र मस्तिष्कमा 'नोरेपाइनफ्राइन' नामक रासायनिक सन्देशवाहकको मात्रा बढ्छ। नोरेपाइनफ्राइन शरीरमा संकटसँग लडने अथवा भाग्ने प्रतिक्रिया दिन सक्रिय रासायनिक सन्देशवाहक हो। यो प्रतिक्रिया मस्तिष्कको एउटा सानो भाग 'लोकस कोरुलियस'बाट सुरु हुन्छ। आकारमा निकै सानो भए पनि यसले मस्तिष्कका धेरै भागमा संकेत पठाउँछ। यी संकेत सतर्कता र शरीरको तनाव प्रतिक्रियासँग सम्बन्धित छन्।

सहप्राध्यापक नासारका अनुसार मस्तिष्कले कुनै निश्चित परिस्थितिको मानसिक सन्दर्भलाई स्मृतिमा राख्छ। जब मस्तिष्कले आफू नयाँ परिस्थितिमा पुगेको महसुस गर्छ तब पुरानो सन्दर्भलाई नयाँ सन्दर्भले प्रतिस्थापन गर्छ। आँखाको नानीको आकारमा आउने परिवर्तन तथा मस्तिष्कको गतिविधि मापन गर्ने इलेक्ट्रोइन्सेफालोग्राफी (इइजी) मा देखिने निश्चित संकेतहरूले मस्तिष्कले नयाँ सन्दर्भ ग्रहण गरिरहेको देखाउँछन्। यसले पुरानो परिस्थितिको प्रभावलाई कम गर्छ र पुराना अपेक्षाबाट मुक्त एउटा नयाँ मानसिक अवस्था बनाउँछ। त्यसैले मानिसले नयाँ विषय अझै छिटो सिक्न सक्छ।

**मस्तिष्कले कसरी आफूलाई अनुकूल बनाउँछ ?**

यो प्रक्रिया बुझ्न अनुसन्धानकर्ताले सरल तरिकाले दृश्य परीक्षण गरे। ६३ जना सहभागीलाई कम्प्युटरको स्क्रिनमा विभिन्न रङका वर्ग (स्क्वायर) देखाइयो र अर्को पटक कुन रङ देखिन सक्छ भनेर पटकपटक अनुमान गर्न लगाइयो। हरेक चरणपछि उनीहरूले आफूले देखेको कुरा बताए र त्यसका आधारमा आफ्नो अपेक्षा परिवर्तन गरे। परीक्षणभर अनुसन्धानकर्ताले सहभागीको आँखाको नानीको आकार मापन गरे र इइजी प्रयोग गरेर मस्तिष्कको गतिविधि रेकर्ड गरे।

अध्ययनका सहलेखक ह्यारिसन मार्बलका अनुसार अनुसन्धानकर्ताले उत्तेजना प्रणालीले व्यवहारमा पार्ने दुई मुख्य प्रभावलाई अध्ययन गर्न खोजेका थिए, जसमा एउटा सिकाइसँग र अर्को धारणासम्बन्धी पूर्वाग्रहसँग सम्बन्धित थियो। अन्ततः ५७ वटा इइजी डाटासेट र ६० वटा आँखाको नानीसम्बन्धी मापनबाट प्राप्त तथ्यांकले मानिस आश्चर्यचकित हुँदा मस्तिष्कले कसरी प्रतिक्रिया जनाउँछ भन्ने विस्तृत चित्र प्रस्तुत गऱ्यो।

बाँकी पृष्ठ २

# ढिलो आमा बन्न डिम्ब भण्डारण

**पवित्रा सुनार**

*काठमाडौं, भदौ ३*

दुई साताअघि काठमाडौंकी ३२ वर्षीया एक युवती ललितपुरस्थित क्रिएटर आइभिएफ केन्द्रमा पुगिन्। उनी आफ्नै डिम्ब निकालेर भविष्यका लागि सुरक्षित गर्ने उद्देश्यले त्यहाँ पुगेकी हुन्। विवाहित ती महिलाले तत्काल बच्चा जन्माउन नचाहेका कारण डिम्ब भण्डारण गर्न खोजेकी हुन्। उनी अहिले चिकित्सकको परामर्शमा छिन्।

काठमाडौंकै ३५ वर्षीया अर्की युवतीले एक वर्षअघि सोही केन्द्रमा आफ्नो डिम्ब निकालेर भण्डारण गरिसकेकी छन्। विदेशमा बस्ने ती युवती अविवाहित हुन्। पछि विवाह भए बच्चा जन्माउन सकियोस् भन्ने उद्देश्यले उनले डिम्ब भण्डारण गरेकी हुन्।

यी दुईबाहेक थप दुई युवतीले पनि केन्द्रमा डिम्ब भण्डारण गरिसकेका छन्। काठमाडौंको इन्दिरा आइभिएफमा हालसम्म सात युवतीले डिम्ब भण्डारण गरिसकेका छन्। सबै केन्द्रमा गरी करिब एक सय युवतीले डिम्ब भण्डारण गरेको अनुमान गरिएको छ।



> विशेष गरी ३० वर्षपछि डिम्बको संख्या र गुणस्तर घट्दै जाने भएकाले विदेश अध्ययन वा रोजगारीमा रहेका, ढिलो विवाह गर्न चाहने तथा तत्काल सन्तान नचाहने युवतीले यो विकल्प रोज्न थालेका छन्।

ग्रान्डी अस्पतालको आइभिएफ केन्द्रले १२ वर्षअघिदेखि नै डिम्ब भण्डारण सुरु गरेको हो। त्यहाँ कतिले डिम्ब भण्डारण गरे भन्ने यकिन तथ्यांक अस्पतालसँग छैन। सर्वोच्च अदालतले २० वर्षमुनिका युवतीको डिम्ब निकाल्न नपाउने व्यवस्था गरेपछि ग्रान्डीले डिम्ब भण्डारणको काम नै बन्द गरेको त्यही अस्पतालमा स्त्रीरोग तथा आइभिएफ विशेषज्ञ डा. पदमराज पन्त बताउँछन्। उमेर पुगेका, एकल तथा सम्बन्ध विच्छेद गरेका महिलाको हकमा भने डिम्ब फ्रिज गर्न सकिने डा. पन्त बताउँछन्।

पछिल्लो समय अविवाहित तथा एकल महिला पनि डिम्ब भण्डारणको माग लिएर आउने गरेको प्रसूति गृह अस्पतालको आइभिएफ केन्द्रकी प्रजनन विशेषज्ञ डा. ज्वाला थापा बताउँछिन्। हालसम्म चार जना युवती डिम्ब भण्डारणबारे बुझ्न आएका थिए। अस्पतालमा अविवाहित महिलाको डिम्ब भण्डारण गर्ने सेवा भने छैन।

बाँकी पृष्ठ २

## भित्री पृष्ठ


- संघीय अनुदानका शिक्षक-कर्मचारीको तलब वृद्धि
- बागमती राप्रपामा विवाद
- शाही र भट्टलाई विश्वासको मत
- लुम्बिनीमा मन्त्री टुंग्याउन सकस
- ग्यास अभाव टार्न इन्डक्सन चुलो
- एनसेलले सरकारलाई बुझायो पाँच अर्ब


# अब इन्टरनेटको गतिअनुसार शुल्क

**मधुजंग पाण्डे**

*काठमाडौं, भदौ ३*

नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले केही स्वदेशी ठुला इन्टरनेट सेवा प्रदायकहरूलाई राहत पुग्ने गरी नयाँ महसुल दर स्वीकृत गरेको छ। सेवा प्रदायकहरूले लामो समयअघि पेस गरेको महसुल दर स्वीकृत भएन। जसले गर्दा मर्कामा परेका सेवाप्रदायकलाई अब ग्राहकसँग इन्टरनेटको गतिअनुसार नयाँ शुल्क उठाउन सहज हुने भएको छ।

यसअघि सेवा प्रदायकले ग्राहकसँग इन्टरनेटको गतिअनुसार नभएर मासिक रूपमा प्रयोग हुने एमबिपिएसको शुल्क नै तोकेर शुल्क उठाउँदै आएका थिए। अब यस्तो गर्न पाइने छैन। इन्टरनेटको गतिअनुसार नै शुल्क लिनुपर्ने भएको छ। यसले उपभोक्तालाई पनि केही राहत हुने प्राधिकरणको दाबी छ। दूरसञ्चार प्राधिकरण ऐन २०५३ को दफा ४२ अनुसार दूरसञ्चार सेवा दस्तुर र टेलिफोन स्वामित्व शुल्कको कानुनी अवस्थाबारे अध्ययन गरी विभिन्न सेवा प्रदायकका लागि नयाँ महसुल दरहरू स्वीकृत गरिएको हो। प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्याललले यस्तो जानकारी गराएका हुन्।

दूरसञ्चार प्राधिकरणलाई आर्थिक ऐन २०८३ ले टेलिफोन स्वामित्व शुल्क र दूरसञ्चार सेवा दस्तुर निर्धारण गर्ने अधिकार दिएको छ। प्रवक्ता अर्याललले तीन वटा इन्टरनेट सेवा प्रदायकसहित सात वटा दूरसञ्चार सेवा प्रदायकको महसुल दर स्वीकृत गरेको बताए। उनले यो महसुल दर स्वीकृतिपछि सम्बन्धित सेवा प्रदायकले वेबसाइटमार्फत ग्राहकलाई जानकारी दिने र प्राधिकरणले समेत वेबसाइटबाट जानकारी दिएको बताए। प्राधिकरणले पहिलोपटक सेवा प्रदायकलाई ६५० एमबिपिएस गतिको इन्टरनेटका लागि दुई हजार ७०० रुपैयाँ लिन पाउने गरी महसुल दरमा स्वीकृति दिएको छ। यो महसुल दरपछि अब सेवाप्रदायकले गतिअनुसार आफ्ना ग्राहकसँग शुल्क लिन पाउने छन्। प्राधिकरणले निर्धारण गरेको यस नयाँ महसुल दरअनुसार अब २० एमबिपिएसदेखि ६५० एमबिपिएससम्मको इन्टरनेट पाइने छ। नयाँ स्वीकृत महसुलअनुसार ग्राहकले न्यूनतम मासिक ७५० देखि दुई हजार ७०० रुपैयाँसम्मको इन्टरनेट खरिद गर्न पाउने छन्।

> नयाँ महसुल दरअनुसार २० एमबिपिएसदेखि ६५० एमबिपिएससम्मको इन्टरनेट पाइने छ। जसअनुसार ग्राहकले न्यूनतम मासिक ७५० देखि दुई हजार ७०० रुपैयाँसम्मको इन्टरनेट खरिद गर्न पाउने छन्।

इन्टरनेट सेवा प्रदायक वर्ल्डलिंकको फिक्स्ड वायर्ड ब्रोडब्यान्ड, भायनेट र सुबिसुले पेस गरेका नयाँ महसुल दरहरूलाई पनि प्राधिकरणले यही साउनमा स्वीकृति दिएको जनाएको छ। यसअघि प्राधिकरणबाट १५० एमबिपिएससम्मको मात्र स्वीकृत भएको थियो।

बाँकी पृष्ठ ५

# आश्चर्यमा आँखासँगै खुल्छ मस्तिष्क

पृष्ठ १ बाट

**अपेक्षा गलत हुँदा मस्तिष्कमा के हुन्छ ?**

अनुसन्धानमा स्पष्ट र समान प्रकारको ढाँचा देखियो। अध्ययनमा सहभागी अपेक्षाअनुसारकै रङ देख्दा आफ्नै अपेक्षामाथि धेरै निर्भर रहे। अर्थात् उनीहरूको धारणा आफूले पहिले सोचेक कुरातर्फ बढी देखियो। तर अपेक्षा गरिएभन्दा फरक रङ देखिएपछि अवस्था परिवर्तन भयो। आँखाको नानी फैलियो र मस्तिष्कका केही विद्युतीय तरंग बलिया भए। यी संकेतले मस्तिष्कको सूचना प्रशोधन तरिकामा परिवर्तन आएको देखाए।

अध्ययनतमा सहभागी आफ्ना पुराना अपेक्षाबाट कम प्रभावित भए र वास्तवमा आँखाले देखेको कुरामा बढी भर पर्न थाले। साथै भविष्यमा के हुन सक्छ भन्ने आफ्नो अनुमान पनि उनीहरूले अझै प्रभावकारी ढंगले समायोजन गरे। अर्थात् आश्चर्यले मानिसलाई वास्तविकता अझ स्पष्ट रूपमा बुझ्न र नयाँ कुरा छिटो सिक्न मद्दत गर्‍यो।

**मस्तिष्कको स्वचालित 'रिसेट' प्रणाली**

अनुसन्धानकर्ताले यो प्रक्रियालाई एक प्रकारको 'मानसिक रिसेट' का रूपमा व्याख्या गरेका छन्। जब मस्तिष्कले आफूले अपेक्षा गरेको कुरा र वास्तविकताबिच फरक पाउँछ, त्यतिबेला उसले विगतको सूचनाको प्रभाव कम गर्छ। यसले नयाँ सूचनालाई प्राथमिकता दिन सम्भव बनाउँछ। पुरानो र अब उपयोगी नरहेको धारणामा अडिग रहँदा हुने गल्तीबाट पनि यसले जोगाउँछ।

तर यो रिसेटले सधैं सिकाइको मात्रा बढाउँछ भन्ने होइन। बरु परिस्थितिअनुसार सिकाइको गति परिवर्तन गर्छ। जहाँ निरन्तर परिवर्तन हुने सम्भावना हुन्छ, त्यहाँ मस्तिष्कले नयाँ सूचनाबाट बढी सिक्छ। तर वातावरण स्थिर छ भने उसले सावधानी अपनाउँछ र प्रत्येक सानो वा आकस्मिक परिवर्तनमा अत्यधिक प्रतिक्रिया दिँदैन। यस्तो लचकदार प्रणालीले तीव्र रूपमा परिवर्तन भइरहने जटिल वातावरणमा मानिसलाई अनुकूल हुन मद्दत गर्छ।

**धारणालाई आकार दिने संकेत**

अध्ययनले मानिसले कुनै कुरा कसरी बुझ्छ र त्यसबाट कसरी सिक्छ भन्ने दुई प्रक्रिया एकआपसमा नजिकबाट जोडिएको देखाएको छ।

पूर्वाग्रह घटाउने उत्तेजनाका संकेतहरूले नै मानिसले आफ्ना पुराना विश्वास वा अपेक्षालाई कति परिवर्तन गर्ने भन्ने कुरामा पनि प्रभाव पार्छन्। जब उत्तेजनाका संकेत बलिया हुन्छन् तब मानिस पुरानो अपेक्षामा कम र आफ्ना इन्द्रियले प्राप्त गरेको वास्तविक सूचनामा बढी निर्भर हुन्छ। परिस्थितिमा परिवर्तन आएको अवस्थामा यसले उसको सही निर्णय गर्ने क्षमता बढाउँछ। यसरी मस्तिष्कले एउटा सन्तुलन कायम गर्छ- हरेक सानो परिवर्तनमा आफ्नो धारणा बदलिरहनु पर्दैन तर अर्थपूर्ण परिवर्तन आएमा त्यसलाई तुरुन्तै पहिचान गर्न सकिन्छ।

**पर्दापछाडि चल्ने प्रणाली**

अनुसन्धानको सबैभन्दा रोचक पक्षमध्ये एउटा के हो भने यो प्रक्रिया मानिसको सचेत प्रयासबिना हुन्छ। सहभागीलाई आफ्ना आँखाका नानी वा मस्तिष्कको गतिविधिमा भइरहेको परिवर्तनबारे जानकारी थिएन। तर यी संकेतले उनीहरूले सूचना कसरी बुझ्ने र त्यसबाट कसरी सिक्ने भन्ने कुरालाई प्रभावित गरिरहेका थिए। अनुसन्धानकर्ताले मस्तिष्कले आफैं पनि यस्ता संकेत उत्पन्न गर्न सक्ने प्रमाण पाए। कतिपय अवस्थामा नयाँ दृश्य उत्तेजना नहुँदा पनि आँखाको नानी फैलिएको थियो। यसले मस्तिष्कले परिस्थितिमा परिवर्तन आएको महसुस गर्दा बाह्य घटना नहुँदा पनि आफैंलाई 'रिसेट' गर्न सक्ने सम्भावना देखाउँछ।

**व्यक्तिअनुसार फरक तर एउटै आधारभूत प्रणाली**

अध्ययनमा सबै सहभागीले एउटै ढंगले प्रतिक्रिया दिएनन्। केहीमा उत्तेजनाका संकेत र व्यवहारबिचको सम्बन्ध अरूको तुलनामा बलियो थियो। तर एउटा स्पष्ट समानता देखियो। जसमा यस्ता संकेतले उनीहरूको धारणामाथि बलियो प्रभाव पारेका थिए, सिकाइमा पनि त्यस्तै बलियो प्रभाव परेको देखियो। यसले धारणा र सिकाइ दुवैलाई एउटै आधारभूत मस्तिष्क प्रणालीले निर्देशित गर्ने सम्भावना देखाउँछ। अर्थात्, मानिसले आफ्नो सोचाइ र धारणालाई परिस्थितिअनुसार कसरी परिवर्तन गर्छ भन्ने प्रक्रियाका पछाडि एउटै साझा संयन्त्र हुन सक्छ।

**मस्तिष्क बुझ्ने नयाँ दृष्टिकोण**

अध्ययनले परिवर्तनसँग मस्तिष्कले आफूलाई कसरी अनुकूल बनाउँछ भन्नेबारे नयाँ दृष्टिकोण प्रस्तुत गरेको छ। मस्तिष्क घटनापछि मात्र प्रतिक्रिया दिने अंग होइन। यसले निरन्तर वरपरका घटनाका ढाँचालाई पहिचान गर्छ र संसारबारे आफ्नो आन्तरिक बुझाइलाई अद्यावधिक गरिरहन्छ।

उत्तेजनाका संकेतले धारणा र सिकाइबिच पुलको काम गर्छन्। तिनले मस्तिष्कलाई विगतको अनुभवमा कहिले भरोसा गर्ने र कहिले त्यसलाई छाड्ने भन्ने निर्णय गर्न मद्दत गर्छन्। सायद यही कारणले आश्चर्य आफैंमा यति धेरै शक्तिशाली अनुभव हुन्छ। यसले केही महत्त्वपूर्ण परिवर्तन भएको संकेत गर्छ र हाम्रो ध्यान त्यसतर्फ खिच्छ।

**व्यावहारिक महत्त्व**

अनुसन्धानले शिक्षा, निर्णय क्षमता र मानसिक स्वास्थ्यसम्बन्धी अनुसन्धानमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ। मस्तिष्कले नयाँ सूचनासँग आफूलाई कसरी समायोजन गर्छ भन्ने बुझेर वैज्ञानिकले सिकाइ सुधार्ने नयाँ उपाय विकास गर्न सक्छन्। कक्षाकोठामा शिक्षकले पूर्ण रूपमा पूर्वानुमान गर्न सकिने पाठसँगै केही अप्रत्याशित वा आश्चर्यजनक तत्व समावेश गरी पाठ योजना बनाउन सक्छन्। यसले विद्यार्थीको ध्यान र सिकाइलाई प्रभावकारी बनाउन सक्छ। निर्णय प्रक्रियामा पनि यसले उपयोगी संकेत दिन सक्छ। कुनै कुरा हाम्रो अपेक्षाभन्दा फरक हुँदा उत्पन्न हुने आश्चर्यलाई आफ्ना पूर्वधारणा पुनःजाँच गर्ने अवसरका रूपमा प्रयोग गर्न सकिन्छ। यसले अझ राम्रो निर्णय लिन मद्दत गर्न सक्छ। अध्ययनले समग्रमा बदलिँदो संसारमा मानिसले आफूलाई कसरी अनुकूल बनाउँछ भन्ने हाम्रो बुझाइलाई थप गहिरो बनाउने वैज्ञानिक अपेक्षा छ। अनिश्चित परिस्थितिमा सफल हुन मानिसको सोचाइ र धारणामा लचकता कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा पनि यसले देखाएको अनुसन्धानकर्ताको दाबी छ। (ब्राउन विश्वविद्यालयको विज्ञप्ति र विज्ञानसम्बन्धी अन्तर्राष्ट्रिय समाचारमा आधारित)

# बजेट पार्न मरिहत्ते कार्यान्वयनमा सधैं लफडा

पृष्ठ १ बाट

'हामीले माग गरेबमोजिम सडकका लागि बजेट विनियोजन भएको थियो तर बजेटमा जुन बाटो भनेर उल्लेख भएको थियो त्यो बाटोमा काम नहुने बनाइयो,' स्थानीय पुनाराम चौधरीले भने, 'वडाध्यक्षले बजेटमा तोकिएको बाटोभन्दा फरक सडकमा रकम खर्च गर्न खोजेपछि हामीले विरोध गर्‍यौं अनि सडकका लागि परेको बजेटले कामै हुन सकेन, बजेट फर्केर गयो।'

अन्य समय सुनसानजस्तै रहने लुम्बिनी प्रदेशको राजधानी देउखुरी क्षेत्र बजेटका समयमा भरिभराउ रहन्छ। प्रदेशका १२ जिल्लाबाटै नागरिक योजना मागका लागि राजधानी आउँछन्। बजेट पार्न होडबाजी नै चल्छ। मागअनुसार बजेट पनि पर्छ तर विभिन्न खिचातानी र स्वार्थले योजना कार्यान्वयन हुन सक्दैनन्। योजना कार्यान्वयनमा स्थानीय जनप्रतिनिधि र बासिन्दाबिचकै असहमति प्रमुख समस्या रहने गरेको छ। स्थानीय स्तरमा देखिने यो बेमेलले सरकारले छनोट गरेका करोडौं रकमका योजना कार्यान्वयन हुन नसकेको यथार्थ लुम्बिनीमा छ। यस्ता योजनामा दलगत स्वार्थसमेत जोडिने गरेको हुन्छ।

प्युठानको नौबहिनी गाउँपालिका-८ को लुकुमदेखि झुलेनी जोड्ने पर्यटन पदमार्ग निर्माणका लागि प्रदेश सरकारबाट १० लाख रुपैयाँ विनियोजन भयो। उद्योग, पर्यटन तथा यातायात मन्त्रालयमार्फत विनियोजन भएको यो बजेटबाट योजना सम्पन्न गर्न भेलासमेत आयोजना गरियो। वडाका जनप्रतिनिधिसमेतको सहभागितामा बोलाइएको भेलाले योजनाको काम उपभोक्ताकै सहभागितामा गर्ने निर्णय गर्दै उपभोक्ता समितिसमेत गठन गर्‍यो। सोही भेलाको निर्णयअनुसार मन्त्रालयअन्तर्गतको पर्यटन डिभिजन कार्यालय कोहलपुरबाट इस्टिमेटसमेत भयो तर योजनाको काम सुरुआत गर्ने बेलामै स्थानीबिच स्वार्थ बाझियो। उपभोक्ता समिति गठन पारदर्शी नभएको भन्दै एउटा समूहले विरोध जनायो। काम रोकिनुपर्ने भन्दै त्यो समूहले पर्यटन डिभिजन कार्यालयलाई दिएको दबाबका कारण काम सुरु हुन सकेन। अन्ततः स्थानीयको विवादकै कारण यो योजनाको काम भएन र रकम 'फ्रिज' भयो। 'सुरुमा स्थानीयको भेलाबाटै उपभोक्ता समिति गठन गरेर काम सम्पन्न गर्ने निर्णय भयो र त्यसैले सबैको सहमतिमा उपभोक्ता समिति गठन पनि भयो,' यो योजनाका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न सक्रिय रहेका श्रीराम भण्डारीले भने, 'पछि स्थानीयको एउटा स्वार्थ समूहले यो काम रोकिनुपर्छ भन्दै विरोध जनायो, स्थानीयकै बिचमा बेमेल देखिएपछि प्रदेश सरकारले यहाँ काम गर्न सकेन, अन्ततः बजेट नै फ्रिज हुन पुग्यो।'

उनका अनुसार उपभोक्ता समितिप्रति असहमति जनाएका केही स्थानीयले उक्त कामको जिम्मा आफूहरूले पाउनुपर्ने सर्त राखेका थिए तर उपभोक्ता समिति आफैंले काम गर्ने गरी निर्णय भइसकेका कारण उनीहरूलाई योजना निर्माण कार्यको जिम्मेवारी दिन सक्ने परिस्थिति बनेन। तत्पश्चात् आफूहरूको स्वार्थअनुकूल परिस्थिति निर्माण नभएपछि योजनाको कामै रोक्ने रणनीतिमा उक्त समूह लागेको थियो। 'उक्त योजनाको काम आफूहरूले गर्न पाउनुपर्ने सर्त उनीहरूले राख्न थाले,' भण्डारी भन्छन्, 'उपभोक्ता समितिबाट काम गर्ने निश्चय भइसकेका कारण उनीहरूलाई कामको जिम्मा दिन सकिएन अनि उनीहरू योजना रोक्न लागे र सफल पनि भए।'

कतिपय योजनामा स्थानीयको आन्तरिक विरोध नभए पनि स्थानीयको चासो कमजस्तै देखिन्छ। अर्घाखाँचीको प्रसिद्ध धार्मिक क्षेत्र पाणिनिमा प्रदेश सरकारबाट गत आर्थिक वर्षमा ५० लाख रुपैयाँ विनियोजन भयो। पाणिनि धार्मिक क्षेत्रमा भौतिक पूर्वाधार निर्माणका लागि परेको यो बजेट पनि खर्च हुनै सकेन। प्रदेश सरकारबाट विनियोजित यो बजेट कार्यान्वयनका लागि ठेक्का प्रक्रियामा जानुपर्थ्यो तर समयमै ठेक्का लाग्न सकेन। यसका लागि स्थानीयको चासो बढी हुनुपर्ने थियो। पछि ठेक्का लागेर काम सम्पन्न गर्ने अवधि नपुग्ने भयो। अन्ततः ठेक्का लाग्न सकेन। 'सुरुमा ठेक्का लागेन। पछि हामीले कामका लागि चासो राख्यौं,' मन्दिर व्यवस्थापन समितिका सचिव हरि पोखेल भन्छन्, '५० लाख छुट्याएकोमा एक रुपैयाँको पनि काम भएन।' उक्त योजनाका लागि अहिले पनि प्रदेश सरकारबाट ५० लाख रुपैयाँ बजेट विनियोजन भएको सुनाउँदै उनले भने, 'हेरौं यो वर्ष के हुन्छ ?'

योजना कार्यान्वयनमा देखिने यो समस्याको प्रमुख कारण स्थानीय स्तरमा जस लिने होड हो। कसैले व्यक्तिगत पहुँच वा सम्बन्धका आधारमा योजना माग गरेर ल्याएपछि उसले 'व्यक्तिगत जस' पाउने बुझाइ स्थानीय केहीमा हुन्छ। यसमा स्थानीय तहका प्रतिनिधिहरूको समेत स्वार्थ जोडिने भएका कारण योजना कार्यान्वयनमा समस्या बढ्ने गरेको विश्लेषक विपुल पोखेलको बुझाइ छ। 'केही कार्यान्वयन हुन नसकेका योजनाहरूको साक्षी बनेर हेर्ने अवसर पनि मलाई भयो। यसमा समस्या के देखिन्छ भने योजना कार्यान्वयनमा गयो र काम सम्पन्न भयो भने त्यसको जस कसले पाउने भन्ने होड प्रमुख समस्याका रूपमा देखिन्छ,' पोखेल भन्छन्, 'यसर्थ योजना कार्यान्वयनमा एकरूपता हुन नसक्नु बजेट फ्रिज हुने प्रमुख कारणको रूपमा रहेको छ।'

# रास्वपा : बाहिर नरम भित्र गरम

पृष्ठ १ बाट

पार्टीले हस्तक्षेप गर्दा सरकारको काम प्रभावकारी हुन नसकेको गुनासो पनि शाहको छ। लामिछाने पनि सरकारको कामप्रति सन्तुष्ट छैनन्। उनले प्रधानमन्त्रीलाई कार्यशैली परिर्वतन गर्न आग्रह गरेको दाबी स्रोतको छ। यो आग्रह स्वीकार गर्न प्रधानमन्त्री शाहले अटेर गरेपछि सभापति लामिछानेले निकट सांसदमार्फत संसद्मै 'कालो चस्मा उर्तान' भन्न लगाएको दाबी गरिएको छ।

प्रधानमन्त्री शाह निकट नेताहरू भने सभापति लामिछानेमाथि उनी स्वयं सरकारको नेतृत्व गर्न लालायित भएको आरोप लगाउँछन्। त्यसका लागि वातावरण बनाउन लामिछानेले पार्टी महाधिवेशन र विधानमा सोहीअनुसार चलखेल गरिरहेको आरोप प्रधानमन्त्री पक्षको छ। सभापति लामिछानेले भने महाधिवेशनपछि पार्टीभित्र समायोजन प्रक्रिया सकिएकाले विधानले सभापतिलाई दिएको अधिकारअनुसार योग्य व्यक्तिलाई क्रमशः जिम्मेवारीमा ल्याउने दाबी गरेका छन्।

पार्टीभित्र दुई धार वा गुट रहेको कुरा अस्वीकार गर्दै लामिछानेले रास्वपाभित्र कुनै गुट नरहेको दाबी सञ्चारकर्मीसँग गरे। 'यो रविले बालेनलाई, बालेनले रविलाई गरेको बाचा होइन, इतिहासलाई र देशलाई हामीले सँगै बसेर गरेको वाचा हो,' लामिछानेले भने, 'यहाँ यस्ता सामान्य कुराहरूले यत्रो पोलिटिकल र हिस्टोरिक कमिटमेन्ट बिग्रियो भन्नु घरमा साथीभाइसँग सानो कुरामा नमिलेर जिस्किएको जस्तो हो र ? हामी नापेर, जोखेर कुराकानी गर्दैनौं, हामीमा कुनै किसिमको कन्फ्युजन पनि छैन।'

सभापति लामिछानेले मन्त्री र सांसदलाई सरकारका कामकारबाही कसरी सम्पादन गर्ने र संसद्मा कसरी प्रस्तुत हुने भन्ने विषयमा सुझाव तथा निर्देशन दिएका थिए। उनले अमर्यादित गतिविधि गरेर रमिता नदेखाउन सांसद र मन्त्रीलाई निर्देशन दिएका छन्।

**विधान संशोधन कार्यदल गठन**

रास्वपाले संसदीय दलको भूमिकालाई थप सशक्त, अनुशासित र जनउत्तरदायी बनाउन विधान संशोधनको प्रक्रिया अघि बढाएको छ। संसदीय दलको बुधबार बसेको अनौपचारिक बैठकले मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा विधान संशोधन कार्यदल गठन गरेको हो। कार्यदललाई आवश्यकताअनुसार विधान संशोधन मस्यौदा र कार्यविधि तयार पार्न ७ दिनको समय दिइएको छ। संसदीय दलका उपनेता गणेश पराजुलीका अनुसार संसद्मा संसदीय मर्यादा पालन, सांसदहरूको जिम्मेवारी बोध र कानुन निर्माण प्रक्रियामा पार्टीको उपस्थिति बलियो बनाउन यो कदम चालिएको हो।

रास्वपाका नेताहरूका अनुसार संसद् भवनभित्र सांसदको आचरण, अनुशासन र मर्यादालाई थप व्यवस्थित बनाउन र जिम्मेवारीप्रति थप सजग गराउन विधानमा सुधार गर्न लागिएको हो। कानुन निर्माण प्रक्रियामा पार्टीका तर्फबाट निर्वाह गर्नुपर्ने भूमिकालाई कसरी अझ सशक्त र परिपक्व बनाउने भन्ने विषयलाई विधान संशोधन गरी प्रस्ट पारिने छ। बैठकमा मन्त्रीहरूले आफ्ना कामको ब्रिफिङ गर्ने र सांसदले आआफ्नो क्षेत्रका समस्या तथा गुनासो राख्ने क्रममा समन्वयको कमी देखिएकाल त्रुटि सुधार्न विधान र कार्यविधिर्म स्पष्ट पार्न लागिएको हो।

# ढिलो आमा बन्न डिम्ब भण्डारण

पृष्ठ १ बाट

केही वर्षअघि एक विवाहित महिलाको डिम्ब भण्डारण गरिएको थियो। दुई वर्षदेखि आइभिएफ सेवा सञ्चालन गरेको शिक्षण अस्पतालमा भने डिम्ब भण्डारण गर्न युवतीहरू आएका छैनन् तर क्यान्सर लागेर केमोथेरापी लिएका महिलाको डिम्बाशय नष्ट हुने जोखिम हुने भएकाले उनीहरूको डिम्ब भने भण्डारण गरिन्छ।

**के हो डिम्ब भण्डारण प्रक्रिया**

तत्काल आमा बन्न नचाहेका तथा अनुकूलता नमिलेका महिलाहरूले डिम्ब निकालेर पछिका लागि सुरक्षित राख्ने प्रक्रियालाई नै डिम्ब भण्डारण भनिन्छ। विधिपूर्वक भण्डारण गरिने डिम्ब लामो समयसम्म पनि जस्तको तस्तै रहन्छ। भण्डारण गरिएको डिम्बलाई पछि विवाह भएपछि वा अनुकूल समय आएपछि पुरुषको शुक्रकिटसँग प्रयोगशालामा निषेचन गरिन्छ। भ्रूण बनेपछि पाठेघरमा राखेर गर्भधारण गराउने प्रक्रिया अपनाइन्छ। डिम्बको गुणस्तर कायम राख्न उचित तापक्रम र आवश्यक रसायनको प्रयोग गरी विशेष प्रविधिबाट लामो समय फ्रिज गरेर सुरक्षित राखिन्छ। समय मिलेपछि युवती उक्त डिम्ब प्रयोग गरी आमा बन्ने प्रक्रियामा जान सक्छिन्। यो प्रक्रियामा प्रयोग हुने रसायन तथा प्रविधि महँगो पर्ने भएकाले सबैको पहुँचमा पुग्न नसकेको चिकित्सकहरू बताउँछन्।

**किन डिम्ब भण्डारण गर्न चाहन्छन् युवती**

चिकित्सकका अनुसार डिम्ब प्रायः ३० वर्ष कटेकाहरू डिम्ब भण्डारण गर्न चाहन्छन्। डिम्ब भण्डारण गर्न चानेमा ४८ वर्षसम्मका महिला पनि छन्। उनीहरू प्राज्ञिक अध्ययनमा व्यस्त रहेका, आत्मनिर्भर बन्न खोजिरहेका तथा प्रेम सम्बन्धमा रहे पनि विवाह निश्चित नभएकाहरू हुन्। साथै विवाह गरे पनि सम्बन्ध टिक्न सक्ने अवस्था कम देखेका र सम्बन्धविच्छेद भएका महिलाहरू पनि डिम्ब फ्रिजको खोजीमा हुने क्रिएटर आइभिएफकी स्त्रीरोग तथा आइभिएफ विशेषज्ञ डा. सानुमाया श्रेष्ठले बताइन्। उनका अनुसार विवाहपछि सम्बन्धविच्छेद पनि हुन सक्ने भन्दै डिम्ब भण्डारण गर्न चाहनेहरू पनि भेटिन्छन्। 'विदेशमा बस्ने र ढिलो विवाह गर्ने चाहने युवतीहरू पनि डिम्ब भण्डारण गर्न खोज्छन्,' श्रेष्ठले भनिन्। पछिल्लो समय ढिलो विवाह गर्ने र ढिलो बच्चा जन्माउने चलन सहरी समाजमा बढ्दै गएको छ।

वैदेशिक अध्ययन वा रोजगारीमा गएका युवतीहरूले पनि डिम्ब भण्डारणको माग गर्ने गरेको इन्दिरा आइभिएफ सेन्टरकी प्रजनन विशेषज्ञ डा. नेहा हुमागाईंले बताइन्। डिम्ब भण्डारण गर्ने युवतीहरू प्रजनन स्वास्थ्य र स्वस्थ शिशु जन्माउने प्रक्रियाबारे राम्रो जानकारी भएकाहरू हुन्छन्। ढिलो विवाह भए पनि आमा बन्ने चाहना पूरा गर्न उनीहरू डिम्ब सुरक्षित राख्न चाहन्छन्। साथै उमेर बढ्दै जाँदा डिम्बको गुणस्तर घट्ने र कतिपय अवस्थामा डिम्बको संख्या नै कम हुँदै जाने भनेर बुझेका कारण पनि उनीहरूले यस्तो विकल्प रोज्ने गरेका छन्। अहिलेका सहरिया युवतीहरू सकेसम्म ढिलो विवाह गर्ने र ढिलो सन्तान जन्माउने क्रम बढेको शिक्षण अस्पताल महाराजगन्जकी चिकित्सक डा. पुनम शर्मा बताउँछिन्। 'अहिलेका युवतीहरू विवाहको सबै भार वहन गर्न चाहँदैनन्, समाज बदलिइसकेको छ,' डा. शर्माले भनिन्।

**३५ वर्षपछि डिम्बको संख्या घट्दै जान्छ**

चिकित्सकका अनुसार महिलाको अण्डाशयमा सीमित संख्यामा डिम्ब हुन्छन्। उमेर बढ्दै जाँदा डिम्बको संख्या र गुणस्तर दुवै घट्दै जान्छ। विशेषगरी ३५ वर्षपछि डिम्बको संख्या घट्दै जाने र गुणस्तरमा पनि कमी आउने चिकित्सकहरू बताउँछन्। कतिपय महिलामा ३८ वर्षपछि डिम्बको संख्या निकै कम हुन सक्छ। यस प्रक्रियाबारे राम्रो जानकारी भएका युवतीहरू युवा उमेरमै डिम्ब भण्डारण गरेर भविष्यमा सन्तान जन्माउने सम्भावना सुरक्षित राख्न चाहन्छन्। डिम्ब भण्डारणपछि लामो समय सुरक्षित राख्न सकिने डा. पन्त बताउँछन्। उचित रूपमा भण्डारण गर्न सके लामो समयसम्म डिम्ब सुरक्षित राख्न सकिने उनी बताउँछन्। डिम्ब उपलब्ध भए पाठेघरको अवस्था र अन्य स्वास्थ्य पक्ष अनुकूल रहेसम्म गर्भधारणको प्रयास गर्न सकिन्छ।

**डिम्ब भण्डारण कति उचित**

चिकित्सकका अनुसार महिलाको डिम्ब र पाठेघर दुवैको गुणस्तर उमेर बढ्दै जाँदा घट्दै जान्छ। पाठेघरमा विभिन्न रोग लाग्दा भ्रूण प्रत्यारोपण गर्न सहज नहुन सक्छ। पाठेघरभित्र फाइब्रोइड, इन्डोमेट्रियोसिसजस्ता समस्या भए गर्भ बस्न कठिन हुन सक्छ।

भण्डारण गरिएका डिम्बको प्रयोगबाट सफलता पनि उमेर, डिम्बको गुणस्तर र अन्य स्वास्थ्य अवस्थाअनुसार फरक पर्न सक्छ। डा. पन्तका अनुसार डिम्ब भण्डारणपछि सफलताको सम्भावना करिब ७० प्रतिशतसम्म हुन सक्छ तर समय र उमेरअनुसार यो घट्दै जान्छ।

ढिलो उमेरमा 'टेस्टट्युब बेबी' जन्माउँदा पाठेघरको स्वास्थ्यलगायत विभिन्न पक्षमा चुनौती आउन सक्ने भएकाले सकेसम्म उचित उमेरमा प्राकृतिक रूपमा बच्चा जन्माउनु उपयुक्त हुने चिकित्सकहरूको सुझाव छ। डिम्ब भण्डारण प्रक्रियाका क्रममा महिलाको स्वास्थ्यमा केही जोखिम हुन सक्ने भएकाले चिकित्सकको परामर्श आवश्यक हुन्छ। 'डिम्ब निकाल्नुअघि दिइने हर्मोनले शरीरमा विभिन्न समस्या उत्पन्न हुन सक्छ,' डा. पन्तले भने।


**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**धनकुटाको**

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०४)

स्वास्थ्य निर्देशनालय, धनकुटा मातहतका निकायहरुको लागि आर्थिक वर्ष २०८३/०८४ को आषाढ मसान्तसम्म आवश्यक पर्ने चिकित्सक/ स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी लगायतका तपसिलमा उल्लेखित पद र तहहरु करार सेवाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमका पदमा न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) र सर्भिलन्स मेडिकल अधिकृतको हकमा ७ दिन भित्र यस निर्देशनालयमा दरखास्त फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कै. |
|---|---|---|---|---|---|
| १ | ०१-२०८३।०८४ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १३ | |
| २ | ०२-२०८३।०८४ | फिजियोथेरापिष्ट | अधिकृतस्तर सातौं | ३ | |
| ३ | ०३-२०८३।०८४ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | अधिकृतस्तर सातौं | २ | |
| ४ | ०४-२०८३।०८४ | अस्पताल व्यवस्थापक | अधिकृतस्तर सातौं | १ | |
| ५ | ०५-२०८३।०८४ | विद्यालय नर्स संयोजक | अधिकृतस्तर सातौं | १ | |
| ६ | ०६-२०८३।०८४ | मनोसामाजिक परामर्श अधिकृत | अधिकृतस्तर सातौं | १ | |
| ७ | ०७-२०८३।०८४ | सर्भिलेन्स मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १ | |
| ८ | ०८-२०८३।०८४ | आइ.टि. अधिकृत | अधिकृतस्तर सातौं | १ | |
| ९ | ०९-२०८३।०८४ | बायोमेडिकल इन्जिनियर | अधिकृतस्तर सातौं | १ | |
| १० | १०-२०८३।०८४ | विद्यालय नर्स | सहायक पाँचौं | ६५ | |

विज्ञापन सम्बन्धी थप जानकारीको लागि स्वास्थ्य निर्देशनालय, धनकुटाको वेबसाइट hd.koshi.gov.np मा हेर्नुहुन र फोन नं.०२६-५२२५०८ मा सम्पर्क गर्न सकिनेछ।

निर्देशक
स्वास्थ्य निर्देशनालय, धनकुटा



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पत्तिको विवरण |
|---|---|
| १. | झापा जिल्ला, दमक न.पा. वडा नं. १० स्थित कित्ता नं. १४४ को क्षेत्रफल २६८.५५ (व.मि.) को घर/जग्गा । |
| २. | झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं. ४ क (हाल कमल गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५६८३, ११५, ११६, ११७, ३८४, ३८६, ३८८ र ५०४ को क्षेत्रफल क्रमशः ५४१.८२, २४५४.७३, ३६७३.६३, २३७०.०८, २०३१.५०, २७०८.६७, २०३१.५०, र ११००३.९५ (व.मि.) को जग्गा । |
| ३. | रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१-० (बिगाह) को जग्गा । |
| ४. | पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १० (हाल वीरगंज म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. २२२ को क्षेत्रफल ७४.८० (व.मि) को घरजग्गा । |

**लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रिय कार्यालय (केन्द्रिय असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

# संसद्‌मा प्रतिपक्षी आक्रामक




ईश्वरी सुवेदी
*काठमाडौं, भदौ ३*

संसद्‌मा प्रतिपक्षको धर्म सरकारको विरोध मात्र गर्ने नभई विकल्प पनि दिनु हो। एकतर्फी विरोध गरेर दबाब बढाउनुको पछाडि सरकारलाई कसरी हुन्छ कमजोर पार्ने भन्ने प्रतिपक्षको रणनीति मात्र बुझिन्छ। नयाँ सरकार बनेपछि प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल कांग्रेस, एमालेलगायतले आफ्ना धारणा पुरानै शैलीमा राखेको पाइन्छ। वर्तमानमा हामी के गर्ने सरकार कता गइरहेको छ भन्ने कुरा तर्कसंगत नराख्दा पटकपटक नियमापत्ति भएको छ र केही शब्द रेकर्डबाट पनि हटाउनुपरेको अवस्था छ।

बुधबारको प्रतिनिधिसभा बैठकमा एमाले संसदीय दलका नेता रामबहादुर थापा बोल्दा बालेन्द्रतन्त्रलगायतका शब्द रेकर्डबाट हटाउन माग भयो। थापाले वर्तमान सरकारले काम गर्न नसकेको भन्दै सरकारको पुनर्गठन गर्न रास्वपा सभापतिलाई सझाव दिए। 'रास्वपाका सभापतिज्यूले पार्टीको प्रमुख राजनीतिक नेताको हैसियतले प्रधानमन्त्रीसहित सरकारको पुनर्गठन गर्न अविलम्ब पहल गर्नुपर्छ', उनले भने।

अन्यथा आन्दोलन हुन सक्ने उनको चेतावनी छ। उनले भने, 'अन्तिम विकल्प बाँकी छ, अन्यथा राष्ट्रियता, लोकतन्त्र तथा जनजीविकाका सवाल पुनर्स्थापना गर्न छिटै चारै दिशाबाट २००७ साल, २०४७ साल, २०६२ सालको भन्दा विशाल अकल्पनीय जनसुनामी आउनेछ, निश्चित आउनेछ।' बालेन्द्र शाह नेतृत्वको सरकारमाथि 'राष्ट्रियता, लोकतन्त्र र जनजीविकामाथि गम्भीर संकट ल्याएको' आरोप उनको छ।

सरकारको शक्तिको स्रोत 'आर्मी, अल्गोरिदम र अमेरिका' भन्दै संसद्‌मा प्रस्तुत भएका थापाले तिब्बती शरणार्थी, दलाई लामाको जन्मोत्सव र भू-राजनीतिक चलखेल जस्ता अति संवेदनशील मुद्दाहरूलाई बहसको केन्द्रमा ल्याएका छन्। छिमेकी मुलुक चीनको चासो र कूटनीतिक सन्तुलनका विषयमा सरकारले केही कदम अघि बढेर समाधान गर्ने दिशामै रहेका बेला उनले यस्तो तर्क गरेको विश्लेषकको मत छ।

विशेषगरी नेपाली सेनाजस्तो गैरराजनीतिक र संवेदनशील संस्थालाई राजनीतिमा जोड्दा पार्टीका केही नेताहरूले यसअघि पनि आपत्ति जनाएका थिए। थापाले बोलेको शब्दलाई सत्तापक्षजस्तै एमाले सांसदले नै आपत्ति जनाएपछि २०८३ वैशाख ३० 'अराजकहरूको भिड', 'राष्ट्रिय झन्डा ओढेर देश जलाउनेहरू' र 'नेपाली सेना मूकदर्शक' जस्ता शब्दहरू हटाइएका थिए। तर अध्यक्ष केपी शर्मा ओलीले प्रतिपक्षको भूमिकालाई आक्रामक बनाइराख्न र आफ्ना परम्परागत तथा पूर्वमाओवादी क्याडरहरूलाई संगठित राख्न यस्ता अभिव्यक्तिलाई राजनीतिक छुट दिएको विश्लेषकहरू बताउँछन्।

प्रतिपक्षले आक्रोश र चेतावनीको भाषाभन्दा पाँचवटा विकल्पको ठोस बाटो अपनाउनुपर्ने विश्लेषकहरूको सुझाव छ। पहिलो, सरकारको नीतिको आलोचना गर्दा त्यसै विषयमा आफ्नो पार्टीको स्पष्ट वैकल्पिक धारणा प्रस्तुत गर्नुपर्छ। चीनसँगको सम्बन्धमा असहमति जनाउँदा आफ्नो भू-राजनीतिक धारणा के हो भनी खुलाउनुपर्छ। दोस्रो, होहल्लाभन्दा संशोधन प्रस्ताव, निजी विधेयक वा नीति प्रस्तावमार्फत संसदीय प्रक्रियाभित्रै असहमति व्यक्त गर्नुपर्छ। तेस्रो, मूल्यवृद्धि, रोजगारी र स्वास्थ्यजस्ता जनजीविकाका विषयमा भावनात्मक आरोपको साटो तथ्यांकमा आधारित समाधानमुखी सुझाव दिनुपर्छ। चौथो, सेनाजस्तो गैरराजनीतिक संस्थालाई विवादमा नतान्ने प्रतिबद्धता जनाई त्यसको सट्टा संवैधानिक निकायमार्फत जवाफदेहिता खोज्नुपर्छ र पाँचौं, आन्दोलन वा जनसुनामीको चेतावनीभन्दा सर्वदलीय संवाद र समितिस्तरीय छलफलको प्रस्ताव अघि सार्नुपर्छ।

विश्लेषकहरूका अनुसार, यी उपायविना प्रतिपक्षको आक्रामकता केवल विरोधका लागि विरोध मात्र रहन्छ, जसले संसदीय बहसलाई रचनात्मक बनाउनुको सट्टा टकरावतर्फ धकेल्ने जोखिम बढाउँछ।

विपक्षी दलको यति ठुलो आक्रामकताका बाबजुद संसद्‌मा सत्तापक्ष संयमित देखिएका छन्। एक राजनीतिक विश्लेषकका अनुसार, संसद्‌मा सिधै भिडन्त गर्दा विपक्षीको उत्तेजक एजेन्डाले थप मिडिया क्रेज पाउने र राष्ट्रिय सुरक्षाका अंगहरू विवादमा तानिने जोखिम हुन्छ। त्यसैले सत्तापक्षले होहल्लाभन्दा पनि नियमापत्ति वा संसद्‌को रेकर्डबाट विवादित शब्द हटाउने प्रक्रियागत बाटो रोजेको पाइन्छ। थापाको बालेन्द्रतन्त्रलगायतका शब्दप्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद समीक्षा बास्कोटाले नियमापत्ति जनाएकी हुन्।

अहिलेको शासन व्यवस्थालाई महेन्द्रतन्त्र, ज्ञानेन्द्रतन्त्र र बालेन्द्रतन्त्र भनी तुलना गरेपछि सांसद बास्कोटाले नियमावलीको नियम २१ को (घ) र संविधानको धारा ७६ तथा १७ को (घ) आकर्षित गर्दै नियमापत्ति गरिन्।

> संसद्‌मा सिधै भिडन्त गर्दा विपक्षीको उत्तेजक एजेन्डाले थप मिडिया क्रेज पाउने र राष्ट्रिय सुरक्षाका अंगहरू विवादमा तानिने जोखिम हुन्छ। त्यसर्थ सत्तापक्षले होहल्लाभन्दा पनि नियमापत्ति वा संसद्‌को रेकर्डबाट विवादित शब्द हटाउने प्रक्रियागत बाटो रोजेको पाइन्छ।

सांसद बास्कोटाले राजनीतिक दल खोल्ने स्वतन्त्रता मौलिक हक भएकाले कुनै पनि दल जनताको मतबाट आउने हुँदा यो कसैको ठेक्का नभएको बताइन्। 'नागरिकले मत दिएर हामीलाई यो ठाउँमा पुऱ्याउनुभएको हो, सरकार निर्माण भएको हो', उनले भनिन्, 'विपक्षी दलका नेताहरूले पटकपटक यही सदनबाट मतदाताको अपमान र लोकतन्त्रको उपहास गरिरहनुभएको छ।'

नेता थापाले प्रयोग गरेको बालेन्द्रतन्त्र भन्ने शब्द अश्लील, अपमानजनक र आपत्तिजनक भएको बास्कोटाको दाबी छ। बास्कोटाले संविधानको धारा ७६ बमोजिम सरकार गठन गरेको बताउँदै संविधान पढ्न थापालाई आग्रह गरिन्। संसद्‌मा बोल्दा मर्यादित र संवैधानिक शब्दहरूको प्रयोग गर्न तथा जनताको अभिमतलाई सम्मान गर्नसमेत आग्रह गरिन्। थापाले आफ्नो भनाइमा प्रयोग गरेका असंसदीय शब्दहरू रेकर्डबाट हटाउनसमेत उनले माग गरिन्।

# बागमतीमा राप्रपा विवाद दलको नेता हटाउने तयारी




वसन्त ढुंगाना
*चितवन, भदौ ३*

बागमती प्रदेशको मुख्यमन्त्रीमा एमालेका किरण थापा मगरले दाबी पेस गरेका छन्। बुधबार राप्रपा र नेकपाको समर्थनमा थापाले प्रदेश प्रमुख दीपकप्रसाद देवकोटासमक्ष मुख्यमन्त्रीमा दाबी पेस गरेका हुन्। एमाले र नेकपा गठबन्धनबिचको भागबन्डाअनुसार, बागमतीको मुख्यमन्त्री एमालेको भागमा परेको थियो। एमालेले मंगलबार थापालाई मुख्यमन्त्रीका रूपमा अघि सार्ने निर्णय गरेको थियो। १०४ सदस्यीय बागमती प्रदेशसभामा सरकार गठनका लागि ५३ सांसदको समर्थन आवश्यक पर्छ। एमालेका २५, नेकपाका २६ र राप्रपाका १२ सांसदको समर्थनसहित थापाले बहुमतको दाबी पेस गरेका हुन्।

यसअघि इन्द्रबहादुर बानियाँले मुख्यमन्त्रीबाट राजीनामा दिएपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका थिए। दाबी पेस गर्ने समय भदौ ४ गते अपराह्न चार बजेसम्म तोकिएको छ। राप्रपाको समर्थन जुटेसँगै एमाले-नेकपा गठबन्धनलाई सरकार गठनका लागि आवश्यक बहुमत सुनिश्चित भएको छ। यद्यपि बागमती प्रदेश सरकार निर्माणको विषयलाई लिएर राप्रपामा विवाद उत्पन्न भएको छ। एमालेका किरण थापालाई मुख्यमन्त्री बनाउन प्रदेशसभा संसदीय दलले सहमति प्रदान गरेपछि त्यसमा पार्टी केन्द्रले हस्तक्षेप गरेको हो।

बुधबार महामन्त्री तथा सचिवालय प्रमुख राजेन्द्र गुरुङद्वारा जारी विज्ञप्तिमा पार्टीको निर्देशनविना बुझाइएको सो पत्रप्रति राप्रपाको सहमति नरहेको उल्लेख गर्दै त्यसलाई मान्यता नदिन प्रदेश प्रमुखसमक्ष अनुरोध गरिएको छ। राप्रपाको गत साउन २० गते बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले बागमतीको सत्ता समीकरणमा सहभागी नहुने जनाएको थियो। यस्तै, प्रदेश सरकारसम्बन्धी विशेष निर्णय आवश्यक परे पार्टीको बृहत्तर हितलाई ध्यानमा राखेर उपयुक्त निर्णय गर्ने अधिकार पार्टी अध्यक्षलाई प्रदान गरिएको बताइएको थियो। सोही निर्णयअनुसार संसदीय दलको नेताले काम नगरेको बागमती प्रदेश सांसद भुवनकुमार पाठकले नागरिकलाई बताए। 'बागमतीको निर्णय गर्ने अधिकार पार्टी अध्यक्षलाई थियो,' पाठकले भने 'पार्टीको निर्णय बमोजिम उहाँले एमालेलाई समर्थन गर्नुभएछ यो गलत छ।'

पार्टीको आधिकारिक निर्णयविपरीत बुझाइएको पत्रलाई आधिकारिक नमान्न र त्यसका आधारमा कुनै प्रक्रिया अघि नबढाउन राप्रपाले प्रदेश प्रमुखलाई आग्रह गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'पार्टीको संसदीय दलको नेतालाई निर्देशन समेत गरिएको पृष्ठभूमिमा पार्टीको कुनै निर्णय र निर्देशन बिना बागमती प्रदेशसभामा नेकपा एमालेका किरण थापालाई मुख्यमन्त्रीमा राप्रपाका सदस्यहरूको समर्थन रहेको भनी बुझाइएको पत्रमा राप्रपाको सहमति नभएको हुँदा उक्त पत्रलाई मान्यता प्रदान नगर्न हुन अनुरोध छ।'

बागमती प्रदेशसभामा राप्रपाका १२ सांसद छन्। एमालेका २५ र नेकपाका २६ सांसद जोड्दा ५१ पुग्छ। बागमतीमा १०४ सदस्य छन्। प्रदेशसभामा बहुमतका लागि ५३ सांसद आवश्यक पर्ने भएकाले बागमतीमा एमाले-नेकपालाई बलियो सरकार बनाउन राप्रपाकै साथ चाहिन्छ। यहाँ कांग्रेसका ३६, नेपाल मजदुर किसान पार्टीका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन्।

## शाही र भट्टलाई विश्वासको मत




नगेन्द्र उपाध्याय/दिलबहादुर छत्याल
*सुर्खेत/धनगढी, भदौ ३*

कर्णाली र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीद्वय मंगलबहादुर शाही र खगराज भट्टले विश्वासको मत प्राप्त गरेका छन्। बुधबार बसेको प्रदेशसभा बैठकमा शाही भट्टले विश्वासको मत प्राप्त गरेका हुन्। कर्णाली प्रदेशसभामा सहभागी ४० जना प्रदेशसभा सदस्यमध्ये शाहीको पक्षमा २१ र विपक्षमा १३ मत खसेको थियो। मुख्यमन्त्री शाहीलाई एमालेका आठ र आफ्ना १३ जना सांसदको मत प्राप्त गरे।

एक सदस्य रहेको राप्रपा र नेकपा छाडेर प्रगतिशील लोकतान्त्रिक पार्टी प्रवेश गरेका पूर्वमुख्यमन्त्री राजकुमार शर्मा तटस्थ रहे। एमालेका १० सांसदमध्ये नन्दा गुरुङ सभामुख छन् भने अर्का सांसद विनोदकुमार शाह बैठकमा उपस्थित भएनन्। एमाले संसदीय दलका नेता यामलाल कँडेलले शाह गम्भीर बिरामी भएर अस्पतालमा उपचार गराइरहेकाले उपस्थित नभएको जानकारी दिए। कांग्रेसका १५ सांसदमध्ये १३ जना प्रदेशसभामा उपस्थित थिए। विश्वासको मत माग्दै मुख्यमन्त्री शाहीले कर्णाली प्रदेशमा राजनीतिक दलहरू प्रतिपक्षी नभएको बताए। उनले कर्णालीको मूल प्रतिपक्षी यहाँको गरिबी, अशिक्षा, पछौटेपन र भौगोलिक विकटता भएको बताए।

'यो चुनौतीविरुद्ध सबै एक ठाउँ उभिनु छ', उनले भने, 'कर्णालीको भौतिक पूर्वाधारसहित समग्र विकासका लागि एक हुन आवश्यक छ।'

**एमाले सहभागी**

कर्णालीमा सत्ता साझेदार दुई दलबिच मन्त्रालयको भागबन्डाको टुंगो लागेसँगै एमालेबाट मन्त्री बनेकाहरूले बुधबार राति पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रदेश सरकारमा एमालेबाट मन्त्री बनेकाहरूलाई प्रदेश प्रमुख यज्ञराज जोशीले पद तथा गोपनीयताको शपथ खुवाएका छन्।

एमालेले जुम्लाका टेकराज पछाईलाई आर्थिक मामिला तथा योजनामन्त्री बनाएको छ। उनी यसअघि सामाजिक विकासमन्त्री भइसकेका छन्। यस्तै मुगुका जितबहादुर मल्लले सामाजिक विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् भने हुम्लाका कलबहादुर हमालले जलस्रोत तथा ऊर्जा विकासमन्त्रीको शपथ लिएका हुन्।

साउन १२ गते मुख्यमन्त्री नियुक्त भएका मंगलबहादुर शाहीले मन्त्रालयको भागबन्डा नमिल्दा मन्त्रीपरिषद् विस्तार गर्न सकेका थिएनन्। बुधबार बिहान एमाले र नेकपाबिच मन्त्रालयको भागबन्डा टुंगिएको थियो। दुई दलबिच भएको सहमतिअनुसार भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय नेकपाको भागमा परेको छ। नेकपाले भने मन्त्री नियुक्त गर्न नसक्दा बुधबार एमालेबाट नियुक्त भएका मन्त्रीहरूको मात्रै शपथ भएको हो।

त्यस्तै सुदूरपश्चिम प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री खगराज भट्टले विश्वासको मत प्राप्त गरेका छन्। तीन राजनीतिक दल मिलेर बनेको नेकपामा मन्त्रीका लागि हानथाप रहेकाले मन्त्री नियुक्त नगर्दै उनले विश्वासको मत लिएका हुन्।

सुदूरपश्चिम प्रदेशसभा बैठकमा बुधबार भएको मतदानमा मुख्यमन्त्री भट्टको विश्वासको पक्षमा ३१ मत खसेको सभामुख भीमबहादुर भण्डारीले बताए। यसैगरी विश्वासको प्रस्तावको विपक्षमा विपक्षमा १५ मत खसेको छ। उनका पक्षमा एमालेका ११ र नेकपाका २० सांसदले मतदान गरेका हुन्। नेकपाका ३२ प्रदेशसभा सदस्यमध्ये सभामुखले मतदान गरेनन् भने एकीकृत समाजबादीबाट निर्वाचित दीर्घ सोडारीको निलम्बनमा रहेकाले मतदान भएन। कांग्रेसका १४ र राप्रपाका एक गरी १५ प्रदेशसभा सदस्यले विश्वासको प्रस्तावको विपक्षमा मत हाले। मतदान हुनुअघि बुधबार सुदूरपश्चिम प्रदेशसभा बैठकमा मुख्यमन्त्री भट्टले विश्वासको मतका लागि प्रस्ताव पेस गरेका थिए।

## लुम्बिनीमा मन्त्री टुंग्याउन सकस

देवेन्द्र बस्नेत
*दाङ, भदौ ३*

लुम्बिनी प्रदेश सरकार विस्तारका लागि सरकारमा सहभागी हुने दलहरूले मन्त्रालय भागबन्डालाई अन्तिम चरणमा पुऱ्याएका छन्। सरकारमा सहभागी हुने दलहरूबाट कसलाई मन्त्री पठाउने भन्ने विषयमा समस्या देखिएका कारण मन्त्रीपरिषद् विस्तारमा कठिनाइ देखिएको छ। नेकपा स्रोतका अनुसार मुख्यमन्त्रीबाहेक एमालेबाट तीनजना, नेकपाबाट तीनजना र जसपाबाट दुई मन्त्री सरकारमा सहभागी हुने गरी मोटामोटी भागबन्डा मिलाइएको छ। यसो गर्दा एमालेबाट एकजना मन्त्रीलाई फिर्ता बोलाउनुपर्ने हुन्छ। एमालेबाट सरकारमा चारमन्त्री छन्, तर एमालेले कसलाई फिर्ता बोलाउने भन्ने टुंगो लागिसकेको छैन। 'एमालेबाट एकजना मन्त्री फिर्ता बोलाउने सहमति भएको छ। एकजनालाई फिर्ता बोलाएर एमालेको भागमा पनि तीन मन्त्रालय कायम गरिने छ', एमाले स्रोतले भन्यो, 'तर कसलाई फिर्ता बोलाउने भन्ने टुंगो लागिसकेको छैन।' एमालेभित्र यो विषय पेचिलो बनिरहेको छ।

यता सत्ता साझेदार दलका रूपमा सरकारमा सहभागी हुन थालेको नेकपाले सरकारमा सहभागी हुने मन्त्रीहरूको नाम टुंगो लगाउन सकिरहेको छैन। नेकपाबाट मन्त्रीका आकांक्षीहरू धेरै देखिएका छन्। पूर्वमन्त्री तथा नेकपाका प्रमुख सचेतक इन्द्रजित चौधरी नेकपाको नेतृत्व गरेर सरकारमा सहभागी हुने मनसायमा देखिएका छन्। यसैगरी दीपेन्द्र पुन मगर पनि मन्त्रीका रूपमा आकांक्षी देखिएका छन्। माधवकुमार नेपाल समूहकी पूर्वमन्त्री भगवती अधिकारी पनि मन्त्रीको आकांक्षीका रूपमा देखिएकी छन् भने कृष्णाकुस्मा थारू पनि मन्त्रीका आकांक्षी छन्। नागरिक उन्मुक्ति पार्टीबाट नेकपामा सम्मिलित राजकुमार चौधरी पनि मन्त्रीको आकांक्षीका रूपमा देखिएका छन्।

यीमध्ये नेकपाले तीनजनाको नाम टुंग्याउनुपर्ने हुन्छ। नेकपाभित्र माधवकुमार नेपाल समूहको प्रतिनिधित्व हुनुपर्ने दबाब एकातिर बढिरहेको छ भने तत्कालीन नाउपा समूहको प्रतिनिधित्व सरकारमा रहनुपर्ने दबाब नेकपाभित्र छ। यही विषयमा सहमति हुन नसकेका कारण नेकपाले तीनजनाको नाम मन्त्रीका रूपमा मुख्यमन्त्री चेतनारायण आचार्यलाई बुझाउन सकेको छैन। 'मुख्यमन्त्रीज्यूले नेकपाबाट सरकारमा सहभागी हुने मन्त्रीहरूको नाम पर्खेर बस्नुभएको छ', मुख्यमन्त्री आचार्यको निजी सचिवालय स्रोतले भन्यो, 'नेकपाबाट नाम नआएका कारण सरकार विस्तार अघि बढ्न सकेको छैन।'

# सिकाइकेन्द्रित पाठ्यक्रम पुनरवलोकनमा जुट्यो पाठ्यक्रम विकास केन्द्र

रुबी रौनियार
*काठमाडौं, भदौ ३*

पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई समयसापेक्ष बनाउन आगामी शैक्षिक सत्रका लागि पाठ्यक्रम पुनरवलोकन, परिमार्जन तथा नयाँ पाठ्यक्रम विकास कार्य अघि बढाएको छ। देशको बदलिँदो सामाजिक-राजनीतिक परिवेशलाई केन्द्रमा राखी पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ पुनरवलोकनका लागि सार्वजनिक राय तथा प्रतिक्रिया संकलनसमेत थालेको पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले बताए।

निर्देशक पराजुलीले केन्द्रको वेबसाइटमार्फत सार्वजनिक रूपमै राय संकलन कार्य अघि बढाएको र अबको पाठ्यक्रम प्रारूप विद्यार्थीको कक्षाकोठाको शिक्षण सिकाइ उपलब्धिमूलक बनाउनेतर्फ केन्द्रित रहेको दाबी गरे। 'विद्यालय शिक्षा पद्धतिको मार्गदर्शक दस्तावेजका रूपमा रहेको विद्यालय शिक्षा शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ समसामयिक परिमार्जनको चरणमा छ', पराजुलीले नागरिकसँग भने, 'प्रारूपको अबको फोकस भनेको बालबालिकाको कक्षाकोठाको शिक्षण सिकाइ उपलब्धिमूलक बनाउनु रहेको छ।'

हालसम्म केन्द्रले आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम २०७६ लाई परिमार्जन गरिसकेको र प्रारम्भिक बाल विकास शिक्षाको पाठ्यक्रम पनि परिमार्जन भइसकेको छ। त्यस्तै सामाजिक अध्ययन विषयमा कक्षा ४-५, ६-८, ९-१० र ११-१२ का लागि २०८२ मा नयाँ पाठ्यक्रम सार्वजनिक गरिएको थियो। यसले आगामी शैक्षिक वर्षमा विषयगत पाठ्यक्रममा थप परिवर्तन र कार्यान्वयनको आधार तयार गर्ने केन्द्रको ठहर छ।

**पाठ्यक्रम प्रारूप नै पुनरवलोकन किन ?**

कार्यकारी निर्देशक पराजुलीका अनुसार देशमा नयाँ राजनीतिक परिवर्तन भएको छ। बदलिँदो सामाजिक परिवेशअनुसार विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ परिमार्जन गर्न आवश्यक परेको हो। 'नयाँ पाठ्यक्रम बनाउन १२ वटा थिमेटिक कमिटी बनाइएको छ', उनले भने, 'सबै विषय गरी एक सय विज्ञले काम गरिरहनुभएको छ। प्रारूप नै विद्यालय शिक्षा प्रणाली सञ्चालनको गाइडलाइन हो।' उनले जोड दिए, 'राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ पुनरवलोकनका लागि सार्वजनिक राय तथा प्रतिक्रिया फाराम जारी गरेको छ। यसबाट आगामी पाठ्यक्रममा विद्यालय शिक्षाको समग्र संरचना, विषयवस्तु, सिकाइ उपलब्धि, मूल्यांकन तथा विद्यार्थीलाई आवश्यक पर्ने सिपलाई थप व्यवस्थित गर्ने छ।'

केन्द्रका अनुसार प्रारम्भिक बाल विकास, आधारभूत तह, माध्यमिक तह, सामाजिक अध्ययन, भाषा, ऐच्छिक विषय तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि पाठ्यक्रम अनुकूलनसम्म काम भइरहेको छ।

श्रवण दृष्टिविहीन बालबालिकाका लागि आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम अनुकूलनसम्बन्धी सामग्रीसमेत केन्द्रले तयार पारिरहेको उनले जनाए। मातृभाषा तथा स्थानीय भाषालाई पनि पाठ्यक्रममा समेट्ने काम भइरहेको छ। पछिल्लो समय याक्खा भाषाको कक्षा १-३ को पाठ्यक्रम सार्वजनिक भएको छ भने भोट भाषाका विभिन्न कक्षाका पाठ्यपुस्तकसमेत प्रकाशित छन्।

**पाठ्यसामग्री पनि परिवर्तन**

नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यपुस्तक तथा थप पाठ्यसामग्री निर्माण र स्वीकृतिको काम पनि सँगसँगै अघि बढाइएको छ। केन्द्रले शैक्षिक सत्र २०८३ देखि २०८५ सम्म प्रयोग हुने थप पाठ्यसामग्रीको सूची सार्वजनिक गर्ने तयारी गरेको छ। यसै क्रममा नेपाली, अंग्रेजी, गणित, सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षालगायतका विषयका सामग्रीमा परिमार्जन गरिनुका साथै ऐच्छिक कम्प्युटर विज्ञान, ऐच्छिक अंग्रेजी, लेखाविधि र व्यवसाय अध्ययनजस्ता विषयका सामग्री पनि केन्द्रले समयअनुकुल परिमार्जन गर्ने तयारी गरिरहेको छ।

**सिपमुखी र व्यावहारिक शिक्षाको अपेक्षा**

नयाँ पाठ्यक्रमले विद्यार्थीलाई परीक्षामुखी शिक्षाबाट व्यावहारिक तथा सीपमुखी शिक्षामा जोड दिएको छ। सूचना प्रविधि, डिजिटल साक्षरता, जीवनोपयोगी सीप, वातावरणीय चेतना, उद्यमशीलता तथा स्थानीय आवश्यकतालाई पाठ्यक्रममा प्रभावकारी रूपमा जोड्ने विषय नयाँ प्रारूपमा समेटिने केन्द्रका कार्यकारी निर्देशक पराजुलीले जनाए। 'तर पाठ्यक्रम परिवर्तनसँगै यसको कार्यान्वयन मुख्य चुनौती देखिन्छ', कार्यकारी निर्देशक पराजुलीले भने, 'नयाँ पाठ्यक्रमअनुसार शिक्षकलाई पर्याप्त तालिम, आवश्यक पाठ्यसामग्री, डिजिटल स्रोत, प्रयोगात्मक कक्षाकोठा र प्रभावकारी मूल्यांकन प्रणाली उपलब्ध गराउन नसके पाठ्यक्रम प्रारूप परिमार्जनको उद्देश्य पूरा हुन सक्दैन।'

दुई दिन बिदाका कारण विद्यालयमा सिकाइको तालमेल मिलाउन केन्द्रले पाठ्यक्रम कस्तो बनाउनेबारे पनि छलफल अघि बढाएको छ। 'सरकारले दुई दिन बिदाको निर्णय शैक्षिक संस्थामा समेत लागु गर्दा कि पाठ्यक्रम पातलो बनाउनुपर्छ कि त विद्यालय सञ्चालनको समय एक घन्टा बढाउनुपर्छ', उनले भने, 'मुख्यतः यी दुवै विकल्पमा केन्द्रले छलफल अगाडि बढाएको छ।' अहिलेसम्म सातामा एक दिन शनिबार बिदा हुने आधारमा कक्षा १-३ सम्मको वर्षको २६ क्रेडिट आवर र आठ सय ३२ वर्किङ आवर छ। कक्षा ४ देखि १० सम्म वर्षभरि एक हजार २४ वर्किङ आवर र ३२ क्रेडिट आवर तय गरिएको छ। शिक्षा नियमावलीअनुसार वर्षको दुई सय २० दिन विद्यालय खुल्नुपर्छ। क्रेडिट आवरअनुसार पाठ्यक्रम, विषयवस्तु तथा विद्यालय समय तोकिएको अवस्थासँग अनुकूल हुने गरी प्रारूपले फेरबदल गर्न सक्ने छ।

## संघीय अनुदानका शिक्षकको बढ्यो तलब

सरकारले संघीय अनुदानमा कार्यरत शिक्षक र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि गर्ने निर्णय गरेको छ। वर्षौंदेखि विद्यालय शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका संघीय अनुदानमा कार्यरत शिक्षक र विद्यालय कर्मचारी न्यून पारिश्रमिकमा कार्यरत थिए। एउटै विद्यालयभित्र संघीय अनुदानमा कार्यरत र स्थायी शिक्षकको तलब सेवा सुविधामा असमानता रहेको भन्दै नेपाल शिक्षक महासंघले भदौ दोस्रो सातादेखि आन्दोलनमा उत्रने तयारीसमेत गरेको थियो।

यसैबिच बुधबार मन्त्रीपरिषद्‌ले अनुदानमा कार्यरत शिक्षकहरूको पारिश्रमिक वृद्धि गर्ने निर्णय गरेसँगै यसले केही हदसम्म राहत दिने शिक्षकहरूले बताए। शिक्षा तथा खेलकुद मन्त्रालयको प्रस्तावमा सरकारले संघीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास इसिडी सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धि गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय सिंहदरबारमा बुधबार बसेको बैठकले संघीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साविक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको हो। निर्णयअनुसार संघीय शिक्षण सहयोग अनुदान कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक ४३ हजार ६६९ रुपैयाँबाट बढेर ४८ हजार ५८ रुपैयाँ पुगेको छ। त्यस्तै, आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक ३४ हजार ७३० रुपैयाँबाट ३८ हजार २०३ रुपैयाँ कायम गरिएको छ।

यसैगरी इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि संघीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक पाँच हजार रुपैयाँ थप गरिएको छ। नयाँ व्यवस्थाअनुसार (इसिडी) सहजकर्ताको मासिक पारिश्रमिक १२ हजारबाट १७ हजार रुपैयाँ, विद्यालय सहयोगीको १० हजारबाट १५ हजार रुपैयाँ र लेखा हेर्ने विद्यालय कर्मचारीको १५ हजारबाट २० हजार रुपैयाँ पुगेको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दूरदराजका विद्यालयमा अहोरात्र खट्ने विद्यालय कर्मचारी तथा इसिडी सहजकर्तले लामो समयदेखि भोग्दै आएका समस्या समाधानको पहिलो चरण भएको उल्लेख गरे। 'सरकार उहाँहरूको रोजगारी सुरक्षा र पेसागत वृद्धि तथा समग्र वृत्ति विकासमा प्रतिबद्ध रहेको छ', मन्त्री पोखरेलले भने, 'विद्यालय शिक्षा क्षेत्रमा लामो समयदेखि थाँती रहेका समस्यालाई संवादमार्फत दिगो समाधान गर्न सरकार लागिपरेको छ।' मन्त्री पोखरेलले सीमित स्रोतका बाबजुद आवश्यक बजेट व्यवस्थापनमा सहजीकरण गरेकोमा अर्थमन्त्रीप्रति धन्यवादसमेत व्यक्त गरेका छन्। 'पारिश्रमिक वृद्धि भएपछि न्यून पारिश्रमिकमा सामुदायिक विद्यालयमा कार्यरत इसिडी सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा संघीय शिक्षण सहयोग अनुदान कोटाका शिक्षक प्रत्यक्ष लाभान्वित हुनेछन्', मन्त्री पोखरलेले भने, 'यसबाट विद्यालयमा कार्यरत जनशक्तिको मनोबल वृद्धि भई शैक्षिक गुणस्तर सुधारमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।'

भगवान्ले हामीलाई सफल होस् भन्ने चाहँदैनन्, प्रयास गर्न नछोडोस् भन्ने चाहन्छन् ।
– मदर टेरेसा

# गर्वलाग्दा बन्नुपर्छ गौरवका आयोजना

राष्ट्रिय गौरवका आयोजना मुलुकको विकासका साधारण परियोजना होइनन् । यस्ता आयोजना राष्ट्रको दीर्घकालीन आर्थिक रूपान्तरण, उत्पादन वृद्धि, रोजगारी सिर्जना र नागरिकको जीवनस्तर सुधारसँग जोडिएका हुन्छन् । त्यसैले राष्ट्रिय गौरवका आयोजना वर्षौंसम्म अलपत्र पर्ने, लागत बढ्दै जाने र निर्माण सम्पन्न हुने मिति पटक-पटक सर्ने प्रवृत्ति विकासप्रतिको गम्भीर बेवास्ता हो । सरकारले अब केही राष्ट्रिय गौरवका सिँचाइ आयोजना निश्चित समयसीमाभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम अघि बढाउने तयारी गरेको छ । यो सकारात्मक सुरुवात हो । तर विगतको अनुभवले लक्ष्य घोषणा मात्र पर्याप्त नहुने स्पष्ट गरिसकेको छ । अब लक्ष्यलाई ठोस कार्ययोजना, जिम्मेवारी, समयसीमा र जवाफदेहितासँग जोड्नुपर्छ ।

सरकारले लगभग चार दशकअघि सुरु भएका बबई सिँचाइ, भेरी-बबई डाइभर्सन, सिक्टा सिँचाइ, रानी जमरा-कुलरिया सिँचाइ तथा सुनकोसी-मरिन डाइभर्सन आयोजनालाई आगामी दुईदेखि पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य अघि सारेको छ । बबई र भेरी-बबईलाई आगामी दुई वर्षभित्र तथा सिक्टा, रानी जमरा-कुलरिया र सुनकोसी-मरिनलाई पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ । लामो समयदेखि सुस्त रहेका आयोजनालाई निश्चित समयसीमासहित अघि बढाउने सरकारी तयारीलाई सकारात्मक रूपमा लिनुपर्छ । विकास आयोजनाको सफलता घोषणा गरिएको बजेटमा होइन, निर्धारित समयमा निर्माण सम्पन्न भएर नागरिकले सेवा पाएको अवस्थामा देखिन्छ ।

अब सरकारले समयभित्र सक्ने भनिरहँदा त्यसका लागि आवश्यक तयारीसमेत सार्वजनिक गर्नुपर्छ । कुन आयोजना कहिलेसम्म सकिने हो भन्ने मात्र होइन, त्यसका लागि वर्षगत, चरणगत र कामगत योजना के हो ? कुन काम कहिले सुरु र कहिले सम्पन्न हुन्छ ? आवश्यक बजेट कति हो ? कुन निकाय जिम्मेवार हुन्छ ? निर्माण कम्पनीको जिम्मेवारी के हो ? समस्या आए समाधान गर्ने अधिकार कसलाई हुन्छ ? यी सबै विषय स्पष्ट हुनुपर्छ । राष्ट्रिय गौरवका आयोजनाको निर्माण अब सामान्य प्रशासनिक प्रक्रियाबाट होइन, विशेष प्राथमिकता र कडा अनुगमनसहित अघि बढाइनुपर्छ ।

> सरकारले अब केही राष्ट्रिय गौरवका सिँचाइ आयोजना निश्चित समयसीमाभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम अघि बढाउने तयारी गरेको छ । यो सकारात्मक सुरुवात हो तर विगतको अनुभवले लक्ष्य घोषणा मात्र पर्याप्त नहुने स्पष्ट गरिसकेको छ ।

बबई सिँचाइ आयोजना ३८ वर्षअघि ठेक्का सम्झौता भएर आर्थिक वर्ष २०४५/४६ बाट निर्माण सुरु भएको आयोजनाको भौतिक प्रगति ८१.९७ प्रतिशत पुगेको छ । भेरी-बबई आयोजनाको भौतिक प्रगति ६६.४ प्रतिशत र वित्तीय प्रगति ५८.६ प्रतिशत छ । निर्माण व्यवसायीका कारण ढिलाइ भएको बताइएको छ । सिक्टा सिँचाइ आयोजनाको कथा पनि फरक छैन । ५३ अर्ब रुपैयाँ लागतको यस आयोजनामा हालसम्म करिब २३ अर्ब खर्च भएको छ भने भौतिक प्रगति ५१ प्रतिशत छ । रानी जमरा-कुलरियाको भौतिक प्रगति ७५ प्रतिशत पुगे पनि जग्गा प्राप्ति र निर्माण सामग्रीको समस्या बाँकी छ । महाकाली सिँचाइ आयोजनाको अवस्था अझ गम्भीर छ । करिब ३७ अर्ब रुपैयाँ लागत अनुमान भएको आयोजनाको भौतिक प्रगति करिब ३१ प्रतिशत र वित्तीय प्रगति ३०.६८ प्रतिशत मात्र छ । सुनकोसी-मरिन आयोजनाको भौतिक प्रगति ३४ प्रतिशत र वित्तीय प्रगति ३७ प्रतिशत पुगेको छ ।

यही सन्दर्भमा अब राष्ट्रिय गौरवका आयोजनाको निर्माण कम्पनीको स्पष्ट अभिलेख सार्वजनिक गर्न आवश्यक छ । हालसम्म कुन आयोजनाको कुन काम कुन निर्माण कम्पनीले पाएको थियो ? कुन कम्पनीले समयमा काम सम्पन्न गर्‍यो ? कुन कम्पनीले सकेन ? ढिलाइको कारण के थियो ? सम्झौता रकम कति थियो ? म्याद कति पटक थपियो ? कामको प्रगति कति भयो ? कम्पनीमाथि कारबाही भयो कि भएन ? क्षतिपूर्ति वा जरिवाना तिराइयो कि तिराइएन ? यी विवरण नागरिकले थाहा पाउनुपर्छ । विकास आयोजनामा पारदर्शिता केवल खर्च विवरण सार्वजनिक गर्नु होइन, जिम्मेवारी र कार्यसम्पादनको विवरण सार्वजनिक गर्नु पनि हो ।


अब प्रत्येक गौरवका आयोजनाको निर्माण खाका, चरणगत योजना, स्रोत व्यवस्थापन, जोखिम व्यवस्थापन र स्पष्ट समयतालिका तयार हुनुपर्छ । तोकिएको समयमा काम सम्पन्न नगर्ने निर्माण कम्पनीलाई सम्झौताअनुसार जरिबाना, क्षतिपूर्ति, ठेक्का रद्द तथा आवश्यक परे कालोसूचीमा राख्नेसम्मका कारबाही स्पष्ट रूपमा पहिल्यै निर्धारण गरिनुपर्छ । जग्गा, बजेट, डिजाइन, वन, वातावरण, स्थानीय विवाद वा अन्तरसरकारी समन्वयका समस्या समाधान गर्ने जिम्मेवारी सरकारकै हो ।

सरकारले गौरवका आयोजना समयमा सक्ने गरी ठोस योजनासहित अघि बढाउने जुन प्रतिबद्धता जनाएको छ, त्यसलाई व्यवहारमा प्रमाणित गर्नुपर्छ । अब आयोजनाको 'स्कोप' बढ्दै जाने, लागत संशोधन भइरहने र म्याद थपिँदै जाने पुरानो संस्कार अन्त्य गर्नुपर्छ । आयोजना सुरु गर्दा नै यसको दायरा, लागत, समय र परिणाम यथासम्भव स्पष्ट हुनुपर्छ । परिवर्तन आवश्यक भए त्यसको औचित्य र प्रभाव पनि सार्वजनिक हुनुपर्छ ।



शोभा ज्ञवाली

# विकासको गति यति सुस्त किन ?




**गाउँमा सानो पसल चलाउने महिला, घरमै उत्पादन गर्ने उद्यमी, कृषि व्यवसाय गर्ने किसान, स्थानीय उत्पादन बेच्ने युवा, हस्तकला गर्ने परिवार, सानो होटल वा सेवा व्यवसाय सञ्चालन गर्ने व्यक्ति, यी सबै नेपाली अर्थतन्त्रका वास्तविक आधार हुन् ।**

पछिल्ला दिनहरूमा विभिन्न राजनीतिक दलका नेता तथा जिम्मेवार व्यक्तिहरूसँग नेपालको विकास र भविष्यबारे गम्भीर संवाद गर्ने अवसर मिल्यो । मैले उनीहरूसँग एउटै प्रश्न राखेँ- के नेपाल अब विकासको गतिलाई तीव्र बनाएर साँच्चिकै परिवर्तन गर्न सक्छ ? के हामीले विकासलाई अझ आक्रामक, परिणाममुखी र तीव्र बनाउन सक्दैनौं ?

धेरैको जवाफ लगभग एउटै थियो- 'नेपालको अवस्था धेरै वर्षदेखि यस्तै छ । विकास बिस्तारै हुँदै जान्छ । विकास निरन्तर गर्नुपर्छ तर एकैपटक ठुलो परिवर्तन सम्भव हुँदैन ।'

विकास निरन्तर प्रक्रिया हो तर यही उत्तरभित्र एउटा गम्भीर प्रश्न लुकेको छ- दशकौंदेखि हामी 'विकास बिस्तारै हुँदै छ' भनिरह्यौं, अब पनि नेपाली नागरिकले वास्तविक परिवर्तन महसुस गर्न कति युग कुर्नुपर्ने ? कति पुस्ताले पर्खनुपर्ने ? कति युवाले रोजगारीका लागि बिदेसिनुपर्ने ? कति किसानले आफ्नो उत्पादनको उचित मूल्य नपाएर निराश हुनुपर्ने ? कति महिलाले उद्यम गर्ने सपना पुँजी, सिप र बजारको अभावमा रोक्नुपर्ने ? कति साना व्यवसायीले ऋण, ब्याज, सरकारी झन्झट र बजारको अनिश्चिततासँग संघर्ष गरिरहनुपर्ने ?

हामीले नेपालमा केही पनि भएको छैन भन्न खोजेका होइनौं । सडक बनेका छन्, सञ्चार र प्रविधिको पहुँच विस्तार भएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार भएका छन् । तर, विकासको प्रश्न यतिमै सकिँदैन । प्रश्न विकास भयो कि भएन भन्ने मात्र होइन, विकासको गति, पहुँच र प्रभाव पर्याप्त छ कि छैन भन्ने हो । विकासको गति यति सुस्त छ कि एउटा पुस्ताले अवसर खोज्दै बिदेसिनुपर्छ र अर्को पुस्ताले पनि त्यही बाटो पछ्याउनुपर्ने अवस्था आउँछ भने हाम्रो विकासको मोडलमाथि पुनर्विचार गर्नैपर्छ । नेपाललाई अब केवल निरन्तर विकासको नारा पर्याप्त छैन । नेपाललाई तीव्र, समावेशी र परिणाममुखी विकास चाहिएको छ ।

**विकासको केन्द्रमा को ?**

नेपालको विकासबारे बहस गर्दा हामी प्रायः सहरका शिक्षित, पहुँच भएका र केही पुँजी भएका व्यवसायीलाई केन्द्रमा राख्छौं । तर नेपालको वास्तविक अर्थतन्त्र त्यसभन्दा धेरै ठुलो छ । गाउँमा सानो पसल चलाउने महिला, घरमै उत्पादन गर्ने उद्यमी, कृषि व्यवसाय गर्ने किसान, स्थानीय उत्पादन बेच्ने युवा, हस्तकला गर्ने परिवार, सानो होटल वा सेवा व्यवसाय सञ्चालन गर्ने व्यक्ति यी सबै नेपाली अर्थतन्त्रका वास्तविक आधार हुन् ।

उनीहरूसँग पर्याप्त पुँजी, आधुनिक सिप तथा बजारसम्म सहज पहुँच छैन । प्रविधिको पहुँच कमजोर छ । सहज ऋण र सरकारी सेवामा पहुँच पनि छैन । त्यसैले उनीहरू पछाडि परेका हुन् । उनीहरू असक्षम भएर पछाडि परेका होइनन्, उनीहरूलाई सक्षम बनाउने प्रणाली कमजोर भएर पछाडि परेका हुन् । त्यसैले विकास नीति केवल पहिले नै सक्षम मानिसलाई अझ सक्षम बनाउनेमा सीमित हुनुहुँदैन । जससँग पैसा छैन, सिप छैन, शिक्षा छैन र पहुँच छैन, उसलाई कसरी सक्षम बनाउने ? यही प्रश्न नेपालको विकास नीतिको केन्द्रमा हुनुपर्छ ।

नेपालको भविष्य विश्वविद्यालयबाट निस्किएका युवाले मात्र बनाउने होइनन् । विश्वविद्यालय पढ्न नपाएका युवाले पनि बनाउनेछन् । औपचारिक शिक्षा पूरा गर्न नसकेकी महिलाले पनि बनाउनेछिन् । पुस्तौंदेखि खेती गरिरहेको किसानले पनि बनाउनेछ । सानो व्यवसाय गरेर परिवार मात्र होइन, अरूलाई समेत रोजगारी दिइरहेको उद्यमीले पनि बनाउनेछ ।

> साना व्यवसायीसँग पर्याप्त पुँजी, आधुनिक सिप तथा बजारसम्म सहज पहुँच छैन । प्रविधिको पहुँच कमजोर छ । सहज ऋण र सरकारी सेवामा पहुँच पनि छैन । त्यसैले उनीहरू पछाडि परेका हुन् । उनीहरू असक्षम भएर पछाडि परेका होइनन्, सक्षम बनाउने प्रणाली कमजोर भएर पछाडि परेका हुन् ।

त्यसैले विकासको अवसर सबै तहमा पुग्नुपर्छ । नयाँ पुस्ता आयो, नयाँ परिणाम कहिले आउँछ ? आज युवा पुस्ता राजनीतिमा आउनु सकारात्मक संकेत हो । नयाँ पुस्तासँग ऊर्जा छ, नयाँ सोच छ र पुरानो राजनीतिक संस्कारलाई प्रश्न गर्ने साहस छ । तर नयाँ पुस्ता राजनीतिमा आउनु मात्र पर्याप्त छैन । मैले राजनीतिक नेतृत्वसँग अर्को प्रश्न पनि गरेको छु- 'तपाईंहरू सरकारमा पुग्नुभयो भने नेपालको जटिल आर्थिक र सामाजिक समस्या कसरी समाधान गर्नुहुन्छ ?'

कहिलेकाहीं जवाफ आउँछ- 'हामी सिक्दै छौं ।' सिक्नु नराम्रो होइन । संसारमा कुनै पनि नेता पूर्ण हुँदैनन् तर सरकार चलाउनु भनेको केवल सिकिरहने ठाउँ होइन । संसद् पनि त्यस्तै हो । त्यहाँ सरकार निर्णय गर्ने र परिणाम दिने संस्था हो । सरकारलाई अझ धेरै जवाफदेही बनाउने ठाउँ हो संसद् ।

नेपालको बेरोजगारी, गरिबी, कमजोर शिक्षा, सिपको अभाव, कृषि संकट, पुँजीको अभाव, उद्योगको कमजोरी र सरकारी झन्झट आजका मात्र समस्या होइनन् । यी विषयमा दशकौंदेखि बहस भइरहेको छ । त्यसैले अब जनताले 'हामी सिक्दै छौं' मात्र सुन्न चाहँदैनन् । जनताको प्रश्न सरल छ- 'अब परिणाम कहिले आउँछ ?'

**राजनीतिक परिवर्तनको अर्थ के ?**

हामीले पटक-पटक राजनीतिक परिवर्तन गर्‍यौं, व्यवस्था परिवर्तन गर्‍यौं, सरकार परिवर्तन गर्‍यौं, दल र नेतृत्व परिवर्तन गर्‍यौं । पटक पटक आन्दोलन गर्‍यौं । एउटा सामान्य नेपाली नागरिक आज पनि खाना, शिक्षा, स्वास्थ्य, रोजगारी र सिपका लागि संघर्ष गरिरहेको छ भने हामीले आफैंलाई गम्भीर प्रश्न गर्नुपर्छ- परिवर्तनको केन्द्रमा आखिर राजनीति थियो कि जनता ? राजनीतिक परिवर्तनको अन्तिम उद्देश्य नागरिकको जीवन परिवर्तन हुनु हो । सरकार परिवर्तन आफैंमा उपलब्धि होइन । नागरिकको जीवनमा देखिने परिवर्तन मात्र वास्तविक उपलब्धि हो । यही मापदण्डमा हेर्दा हाम्रो राजनीतिक यात्रामाथि अझ कठोर प्रश्न गर्नुपर्ने ठाउँ छ ।

'नेपाल यस्तै हो, नेपालमा यो सम्भव छैन, विकास बिस्तारै हुन्छ, हामीले धेरै वर्षदेखि यही गर्दै आएका छौं,' यी वाक्य सामान्य लाग्न सक्छन् तर यिनै वाक्यले असम्भवलाई स्वाभाविक र असफलतालाई नियति बनाइदिन्छन् । देश परिवर्तन गर्नुअघि मानसिकता परिवर्तन गर्नुपर्छ ।

**समस्या मात्र होइन, अथाह सम्भावना पनि छ**

संसारका धेरै देशले छोटो समयमा शिक्षा, उद्योग, प्रविधि, पूर्वाधार र रोजगारीमा ठुलो छलाङ मारेका छन् । नेपालले पनि त्यसबाट सिक्न सक्छ । हामीसँग कृषि, पर्यटन, जलस्रोत, डिजिटल अर्थतन्त्रको सम्भावना छ । यहाँ स्थानीय उत्पादन छ, हस्तकला छ, सेवा क्षेत्र छ र सबैभन्दा ठुलो कुरा युवा जनशक्ति छ ।

हामीसँग समस्या मात्र छैन, असाधारण सम्भावना पनि छ । समस्या सम्भावना नहुनु होइन, सम्भावनालाई परिणाममा बदल्ने नीति, लगानी, सिप, नेतृत्व र कार्यान्वयनको गति कमजोर हुनु हो । त्यसैले अब विकासको गति बदल्नुपर्छ ।

साना उद्यमीलाई दान होइन, अवसर, सहुलियतपूर्ण ऋण, सरल सरकारी प्रक्रिया, व्यावसायिक सिप, डिजिटल पहुँच, बजारको सुनिश्चितता चाहिन्छ । स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति चाहिन्छ । एउटा शिक्षित र पुँजी भएको उद्यमीलाई मात्र माथि उठाएर देश समृद्ध हुँदैन । पुँजी र शिक्षाको दुवै अभावमा संघर्ष गरिरहेको उद्यमीलाई माथि उठाउने प्रणाली पनि चाहिन्छ । त्यसले रोजगारी सिर्जना गर्छ । गाउँको अर्थतन्त्र बलियो बनाउँछ । युवालाई देशमै अवसर दिन्छ र अर्थतन्त्रलाई उत्पादनमुखी बनाउँछ ।

**अब सरकारको हिसाब माग्नुपर्छ**

अब नेपाली जनताले सरकारसँग केवल घोषणा होइन, परिणामको हिसाब माग्ने बेला आएको छ । सरकार कस्तो बन्यो ? कसको बन्यो ? होइन, प्रश्न सरकारले नागरिकका लागि के गर्‍यो ? कति रोजगारी सिर्जना भयो ? कति नयाँ उद्यमी जन्मिए ? कति महिला आर्थिक रूपमा आत्मनिर्भर भए ? कति किसानको आय बढ्यो ? कति युवाले देशमै अवसर पाए ? कति सरकारी प्रक्रिया सरल भए ? कति साना व्यवसायीले सहज ऋण पाए ? कति स्थानीय उत्पादन बजारमा पुगे ? सरकारको सफलता वा असफलता यिनै प्रश्नबाट मापन हुनुपर्छ ।

बजेट कति छुट्याइयो भन्नेभन्दा त्यसले कति जीवन बदल्यो भन्ने महत्त्वपूर्ण हो । योजना कति घोषणा भए भन्नेभन्दा कति कार्यान्वयन भए भन्ने महत्त्वपूर्ण हो । सरकार कति दिन टिक्यो भन्नेभन्दा त्यस अवधिमा नागरिकले के पाए भन्ने महत्त्वपूर्ण हो । राज्यको सफलता कागजमा होइन, नागरिकको जीवनमा देखिनुपर्छ । नेपाल किन बनेनबाट नेपाल कसरी बनाउनेतर्फ हाम्रो ध्यान जानुपर्छ ।

म निरास हुन चाहन्नँ किनकि नेपालसँग सम्भावना छ । यद्यपि सम्भावना आफैं विकास होइन । त्यसका लागि दृष्टिकोण चाहिन्छ, स्पष्ट दिशा चाहिन्छ, सही नीति चाहिन्छ, लगानी चाहिन्छ, सिप चाहिन्छ, इमानदार नेतृत्व चाहिन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा काम गर्ने इच्छाशक्ति चाहिन्छ । अब प्रश्न बदलिनुपर्छ । नेपाललाई हामी कसरी बनाउने ? राजनीतिक परिवर्तनको वास्तविक अर्थ यही हो । लोकतन्त्रको वास्तविक परीक्षा पनि यही हो ।

नेतृत्वका अनुहार बदलिइरहन सक्छन् तर अब परिवर्तनको मापन कुर्सीमा होइन, जनताको जीवनमा हुनुपर्छ । यही नै आजको सबैभन्दा ठुलो आवश्यकता हो । राजनीतिक परिवर्तनबाट आर्थिक र सामाजिक परिवर्तनतर्फको निर्णायक यात्रा अब चाहिएको छ किनकि नेपालको भविष्य कुनै दलको घोषणापत्रमा होइन, नेपाली नागरिकको जीवनमा लेखिनुपर्छ । सरकार नागरिकको जीवनमा भेटिनुपर्छ । यो लक्ष्य प्राप्तिका लागि विकासको गति सुस्त भएर सम्भव छैन ।

-ज्ञवाली सामाजिक तथा आर्थिक अभियन्ता, उद्यमशीलता प्रवर्धक तथा लेखक हुन् । उनले नेपाली समाज, युवा, महिला उद्यमशीलता, रोजगारी, अर्थतन्त्र तथा सामाजिक रूपान्तरणका विषयमा निरन्तर लेख्दै र आवाज उठाउँदै आएकी छन् ।

# जलविद्युत् : नेपालको समृद्धिको आधार



भोला शर्मा

झन्डै १० हजार कर्मचारीहरू कार्यरत रहेको नेपाल विद्युत् प्राधिकरण मुलुकको ठुलो सार्वजनिक संस्थान हो । विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्ने उद्देश्यले नेपाल विद्युत् प्राधिकरणको स्थापना २०४२ भदौ १ गते भएको हो । स्थापनाको ४१ वर्ष पार गरेको यस संस्थानले करिब ९९ प्रतिशत घरधुरीमा विद्युत्को पहुँच पुर्‍याउन सफल भएको छ । यस संस्थानका ६० लाखभन्दा बढी ग्राहक छन् ।

नेपाल विद्युत प्राधिकरणको विकासक्रमलाई तीन चरणमा हेर्न सकिन्छ । पहिलो चरण थियो- विद्युत् पहुँच विस्तार । दोस्रो चरण थियो- विद्युत् आपूर्ति व्यवस्थापन र लोडसेडिङ अन्त्य । अब तेस्रो चरण सुरु भएको छ- ऊर्जा उत्पादन, आन्तरिक खपत, अन्तरदेशीय व्यापार र ऊर्जा पूर्वाधारको रणनीतिक व्यवस्थापन । वास्तवमा यो तेस्रो चरण नै सबैभन्दा बढी चुनौतीपूर्ण छ । किनकि अब समस्या विद्युत् उत्पादनमा मात्र छैन । उत्पादन भएको विद्युत् कहाँ खपत गर्ने ? कुन उद्योगमा पुर्‍याउने ? कुन प्रसारण लाइनबाट बजारसम्म पुर्‍याउने ? कुन देशमा कुन दरमा बिक्री गर्ने ? हिउँदमा माग कसरी धान्ने ? वर्षायामको अतिरिक्त ऊर्जा कसरी व्यवस्थापन गर्ने ? लगानीकर्तालाई दीर्घकालीन बजार कसरी सुनिश्चित गर्ने ? यी सबै प्रश्न एकैपटक समाधान गर्नुपर्ने अवस्था आएको छ ।

**२०८२/८३ विद्युत् व्यापारमा ऐतिहासिक मोड**

आर्थिक वर्ष २०८२/८३ नेपालको विद्युत् व्यापारका दृष्टिले ऐतिहासिक वर्ष बनेको छ । उक्त आर्थिक वर्षमा भारत र बंगलादेशतर्फ विद्युत् निर्यातबाट २९ अर्ब ३२ करोड ४७ लाख रुपैयाँ आम्दानी भएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यस्तो आम्दानी १७ अर्ब ४५ करोड ८७ लाख रुपैयाँ थियो । अर्थात् एकै वर्षमा निर्यात आम्दानीमा करिब ६८ प्रतिशत वृद्धि भएको छ । अझ महत्त्वपूर्ण तथ्य अर्को छ । २०८२/८३ मा विद्युत् आयात परिमाण ३१.५७ प्रतिशतले घटेर एक अर्ब १४ करोड ९८ लाख युनिटमा सीमित भएको छ । आयात खर्च पनि अघिल्लो वर्षको १२ अर्ब ९२ करोड ३० लाखबाट घटेर १० अर्ब ५५ करोड ९९ लाखमा आएको छ । निर्यात आम्दानीबाट आयात खर्च कटाउँदा नेपालले विद्युत् व्यापारमा १८ अर्ब ७६ करोड ४८ लाख रुपैयाँ खुद व्यापार बचत गरेको छ । अघिल्लो वर्षको चार अर्ब ५३ करोड ५७ लाख रुपैयाँको तुलनामा यो खुद बचत करिब चार गुणा पुगेको हो ।

आज नेपालले वर्षायाममा आफ्नै उत्पादनको बिजुली भारत र बंगलादेशलाई बेचिरहेको छ । अझ उल्लेखनीय कुरा, आर्थिक वर्ष २०८२/८३ मा विद्युत् निर्यातबाट नेपालले २९ अर्ब ३२ करोड ४७ लाख रुपैयाँ आम्दानी गरेको छ । अघिल्लो वर्षको तुलनामा यो आम्दानी ६७.९६ प्रतिशतले बढी हो । निर्यात परिमाण समेत ६२.८९ प्रतिशतले बढेर तीन अर्ब ८७ करोड ७४ लाख ९२ हजार युनिट पुगेको छ । नेपालको विद्युत् उत्पादन क्षमता अब चार हजार मेगावाटको आसपास पुगेको छ । २०८२ फागुनसम्म कुल जडित विद्युत् क्षमता ४,१०५ मेगावाट पुगेको र राष्ट्रिय ग्रिडमा ३,९९७ मेगावाट जडान भएको तथ्यांक सार्वजनिक भएको छ । त्यसमध्ये निजी क्षेत्रको योगदान २,५८७ मेगावाट रहेको छ । वैकल्पिक ऊर्जासहित विद्युत् पहुँच ९९.१ प्रतिशत जनसंख्यामा पुगेको छ । विद्युत् ग्राहक संख्या झन्डै ६० लाख पुगेको छ । यो एउटा सामान्य तथ्यांक होइन, नेपालको ऊर्जा क्षेत्रमा आएको संरचनात्मक परिवर्तनको सूचक र आर्थिक समृद्धिको प्रमुख आधारशीला हो ।

**निजी क्षेत्र : उत्पादनको मेरुदण्ड**

नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको योगदान अहिले निर्णायक बनेको छ । राष्ट्रिय ग्रिडमा जोडिएको करिब चार हजार मेगावाटमध्ये निजी क्षेत्रको हिस्सा २,५८७ मेगावाट पुगेको तथ्यांकले देखाउँछ । बाँकी सार्वजनिक-निजी साझेदारीको वास्तविक उत्पादन रहेको छ । यसबाट नेपाल विद्युत् प्राधिकरणको भूमिका पनि परिवर्तन भएको छ ।

विद्युत्मा लगानीका लागि उचित वातावरण सिर्जना गर्नु नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको कर्तव्य हो । यसका लागि विद्युत् खरिद सम्झौता समयमै व्यवस्थापन गर्नुपर्छ । प्रसारण पूर्वाधार समयमै तयार गर्नुपर्छ । बजार सुनिश्चित गर्नुपर्छ । अनि त्यससँगै संस्थाको दीर्घकालीन वित्तीय दायित्व पनि व्यवस्थापन गर्नुपर्छ । यो साधारण प्रशासन होइन, न कि सार्वजनिक संस्थान व्यवस्थापनका अनुपम उदाहरण हो । तब मात्र निजी क्षेत्रलाई विद्युत् व्यवस्थापनमा सन्तुलित रूपमा अगाडि बढाउन सकिन्छ ।

**उत्पादनको बजार व्यवस्थापन**

नेपालको ऊर्जा क्षेत्रमा अहिले एउटा नयाँ बहस सुरु भएको छ- विद्युत् निर्यात गर्ने कि देशभित्रै खपत बढाउने ? वास्तवमा उत्तर सहज छैन । निर्यात गर्दा स्वदेशमा उद्योगधन्दा तथा कलकारखानाको विकास हुन सक्दैन । आन्तरिक खपत बढाउन मुलुकमा पूर्वाधार विकास र औद्योगिक विकासको गति छैन । देशभित्र लगानीको वातावरण र तत्परताको अवस्था सिर्जना गरी विद्युत्को उत्पादनशील खपत बढाउनुपर्छ अनि मात्र अतिरिक्त विद्युत् निर्यात गर्नुपर्छ । विद्युत्को आन्तरिक खपतका लागि उद्योगमा विद्युत् खपत बढाउनुपर्छ । कृषिमा विद्युत् सिँचाइ विस्तार गर्नुपर्छ । विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्छ । विद्युतीय सवारी विस्तार गर्नुपर्छ ।

नेपालको ऊर्जा प्रणालीको सबैभन्दा रोचक विरोधाभास के हो भने वर्षायाममा नदीमा पानी बढ्छ । 'रन अफ रिभर' आयोजनाको उत्पादन बढ्छ । चार हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुन सक्छ । घरेलु माग सीमित हुँदा अतिरिक्त ऊर्जा निर्यात गर्नुपर्ने अवस्था आउँछ । तर हिउँदमा नदीको बहाव घट्छ, उत्पादन घट्छ, घरेलु माग पूरा गर्न भारतबाट विद्युत् आयात गर्नुपर्ने हुन्छ । त्यसैले अबको ऊर्जा नीति केवल थप मेगावाटमा केन्द्रित भएर पुग्दैन । हामीलाई जलाशययुक्त आयोजना, पम्प स्टोरेज आयोजना, ब्याट्री इनर्जी स्टोरेज सिस्टम, माग व्यवस्थापन चाहिन्छ ।

**प्रसारण लाइन : सम्भावनालाई बजारसँग जोड्ने राजमार्ग**


नेपालमा जलविद्युत् आयोजना निर्माण गर्नु एउटा चुनौती हो । तर उत्पादित विद्युत्लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउनु अझ ठुलो चुनौती बन्न थालेको छ । हाल नेपाल-भारतबिच अन्तरदेशीय विद्युत् आयात क्षमता करिब १,५३० मेगावाट र निर्यात क्षमता १,८५० मेगावाट पुगेको विवरण सार्वजनिक भएको छ । आगामी प्रसारण पूर्वाधार विस्तारसँगै यो क्षमता अझ बढ्नेछ । नयाँ बुटवल-गोरखपुर, ढल्केबर-मुजफ्फरपुर तथा अन्य क्रस बोर्डर प्रसारण पूर्वाधार यसै रणनीतिक उद्देश्यका अंग हुन् ।

नेपालले भारतको प्रसारण प्रणाली प्रयोग गरी बंगलादेशमा विद्युत् निर्यात सुरु गरेपछि नेपालको ऊर्जा बजारको भौगोलिक दायरा विस्तार भएको छ । नेपाल र बंगलादेशबिचको ४० मेगावाटको विद्युत् व्यापार अहिले दक्षिण एसियाली ऊर्जा सहकार्यको एउटा व्यावहारिक उदाहरण बनेको छ ।

**अबको चुनौती र कार्यदिशा**

अबको चुनौती विद्युत् पुगेका ठाउँमा गुणस्तरीय, भरपर्दो र उत्पादनशील उपयोग सुनिश्चित गर्नु हो । यस अर्थमा ९९ प्रतिशत भन्दा बढीको विद्युत् पहुँच उपलब्धि महत्त्वपूर्ण भए पनि त्यसपछि आउने प्रश्न अझ गम्भीर छन्- विद्युत् पहुँचलाई आर्थिक पहुँचमा कसरी रूपान्तरण गर्ने ? विद्युत्को बजार व्यवस्थापन कसरी गर्ने ? विद्युत् प्रसार ण लाइनहरूको विस्तार कसरी गर्ने ? ठुला तथा बहुउद्देश्यीय आयोजना निर्माणमा कसरी लगानी जुटाउने ? निजी क्षेत्रलाई विद्युत् उत्पादनमा कसरी सन्तुलित रूपमा अगाडि बढाउने ? प्राधिकरणको पुनर्संरचनामा कुन मोडालिटी प्रयोग गर्ने ? सबै सम्भावनाको केन्द्रमा एउटा कुरा छ- सक्षम संस्था । सक्षम संस्थाबिना सम्भावना कागजमै रहन्छ । तसर्थ समृद्धिको संवाहक विद्युत् विकासको अग्रणी संस्था नेपाल विद्युत् प्राधिकरणको सामयिक सुदृढीकरण जरुरी छ ।

*- शर्मा नेपाल विद्युत् प्राधिकरणका सहायक निर्देशक हुन् ।*



# पुरानै बाटो पहिल्याउँदै सप्तकोसी

## बराह क्षेत्र- ९ का आठ घर सारिए, अरू १४ घर पनि सारिने

**अमर खड्का**
*इटहरी, भदौ ३*


सप्तकोसीले पश्चिमी तटबन्ध क्षेत्रमा गरेको कटान। *तस्बिर : नागरिक*

सप्तकोसी नदीको पश्चिम भँगालोले धार परिवर्तन गर्दै निरन्तर कटान गरेपछि आठ घर परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। अरू १४ घरलाई पनि तत्काल सारिने भएको छ।

निरन्तर कटान गर्दा सुनसरी बराह क्षेत्र- ६ र ९ सँगै उदयपुरको बेलका नगरपालिकाका तीनवटा वडाका बस्ती उच्च जोखिममा छन्। नदीले धार परिवर्तन गरिरहेको स्थान सुनसरी बराहक्षेत्र- ६ र ९ वडाका आधा/आधा भाग पर्छ। यस्तै, बेलका नगरपालिकाका वडा नं १, २ र ३ पर्छन्। कटान निरन्तर जारी रहेपछि अहिलेसम्म आठ घरलाई ऐलानी जग्गामा सारिएको बराह क्षेत्रका मेयर रमेश कार्कीले बताए। 'अरू १४ परिवारको भने अहिले कटान गरेको भन्दा पश्चिमपट्टि आफ्नै जग्गा रहेकाले त्यहीं सार्ने योजना छ', मेयर कार्कीले भने, 'अहिले २२ परिवारलाई सारिए पनि कटान नरोकिँदा अरू बस्तीका धेरै घर जोखिममै छन्। तिनलाई आवश्यकताअनुसार सारिने छ।'

अहिले निरन्तर कटान गरेको स्थानमा तीन वर्षअघि पनि कटान गरेको थियो। त्यतिबेला ३०-३५ घर पश्चिम सरेका थिए। २०४५ सालअघि कोसीका दुवै किनारामा तटबन्ध थिएनन्। कोसी पश्चिमबाट बग्थ्यो। त्यतिबेला श्रीलंका टापु थिएन। कोसी पूर्वी र पश्चिम भँगालो भएर बग्न थालेपछि बिचमा टापु बन्न पुगेको हो।

पुराना जानकारका अनुसार २०४५ सालको भूकम्पपछि कोसीले धार परिवर्तन गरेर पूर्वतर्फ बग्न थाल्यो। पछिल्लो वर्षमा सबैभन्दा बढी खतरा कोसीको पूर्वी तटबन्ध क्षेत्रमै हुँदै आएको थियो। जसले गर्दा २०६५ भदौ २ गते अहिलेको कोसी गाउँपालिका- ३ पश्चिम कुसाहाबाट पूर्वी तटबन्ध भत्काएर कोसीले मानव बस्तीमा प्रवेश गरी तहसनहस पारेको थियो, तर पछिल्ला वर्षमा कोसीले निरन्तर पश्चिम धार परिवर्तन गरिरहँदा फेरि पुरानै बाटो पक्रन खोजेको स्थानीयले अनुमान गर्न थालेका छन्।

बराहक्षेत्र- ६ कै सुशीला चन्द्रवंशीका अनुसार कोसी पुरानो धारमा फर्किए धेरै बस्तीका बासिन्दाको बिचल्ली हुनेछ। कटानले गर्दा बेलकाको डुम्रिबोटदेखि बराहक्षेत्र- ९ को तल्लो सिमानासम्म लगभग १० किलोमिटर क्षेत्रमा जोखिम छ। बेलकाको डुम्रीबोटमा २०७९ साउन अन्तिम साता कोसीले धार परिवर्तन गरेर पश्चिम मानव बस्तीमा पस्दा त्यतिबेला पनि बराहक्षेत्र- ६ र ९ सँगै बेलकाका केही वडालाई तहसनहस बनाएको थियो। ठुलो संख्या विस्थापित भएर पछि पुनर्स्थापित भएको थियो।

## नियमविपरीत उत्खनन

इटहरी, भदौ ३ (नागरिक)- मोरङ-सुनसरी सीमामा पर्ने बुढी खोला क्षेत्रबाट मनोमानी ढंगले बालुवा तथा भरोट माटो उत्खनन हुने गरेको छ। दुहबी नगरपालिका- १ प्रास्टोकी क्षेत्रमा विभिन्न गिरोहले नियमविपरीत उत्खनन गर्दै आएको छ।

नगर प्रहरीले बुधबार अवैधरूपमा बालुवा उत्खनन गरिरहेको अवस्थामा एउटा ट्र्याक्टरलाई नियन्त्रणमा लिएको छ। ट्र्याक्टर खाली रहेकाले छाडिएको दुहबीका नगर प्रमुख वेद गच्छदारले बताए। बर्खामा नियमनकारी निकायले उत्खनन रोक्न कडाइ गरे पनि आँखा छलेर उत्खनन भइरहेको अवस्थामा ट्र्याक्टर नियन्त्रणमा लिए पनि खाली भएकाले छाडिएको जानकारी दिइयो।

सरकारले बर्खाको तीन महिना नदीजन्य पदार्थ उत्खनन रोक्ने व्यवस्था गरे पनि त्यसको उल्लंघन गर्दै खोलाबाट बालुवा निकाल्ने गरिएको छ। अव्यवस्थित उत्खननका कारण खोलाका विभिन्न स्थानमा गहिरो भँगालो बनेको छ। कतिपय स्थानमा करिब १० फिटसम्म गहिरा खाल्डा बनेका कारण नदीको प्राकृतिक स्वरूपमा असर पर्ने जोखिम बढेको छ।

जथाभावी उत्खनन भइरहँदा बुढीखोलाको बहाब, किनार क्षेत्र र मुहानमा दीर्घकालीन असर पर्न सक्ने भन्दै स्थानीयले नियमनकारी निकायको प्रभावकारी अनुगमन र कारबाही माग गरेका छन्। दुहबीका मेयर वेद गच्छादारले नगर प्रहरीले मात्र उत्खनन रोक्न पर्याप्त नहुने रातको समयमा बढी उत्खनन हुने गरेको बताए। 'रातको समयमा उत्खनन हुने गर्छ। नगर प्रहरीसँग केही हुँदैन', उनले भने। इलाका प्रहरी कार्यालय दुहबीका प्रहरी निरीक्षक शिव थापाले प्रहरीले निगरानी गरिरहेको बताए।

उत्खनन रोक्न नगरपालिका र प्रहरीबिच पर्याप्त समन्वय भने हुन नसकेको स्थानीयले बताए। कतिपय अवस्थामा प्रहरीले ट्र्याक्टर तथा टिपर पक्राउ गर्दा नगरले जरिवानाविनै छाडेको जनाइएको छ। यसरी दुवै पक्षबिच समन्वय नहुँदा रातको समयमा बढी मात्रामा उत्खनन हुने गरेको हो।

# किन सधैं असार पर्खिन्छ बजेट ?

पृष्ठ १ बाट




सुनिल स्मृति गाउँपालिकाले असारमा ३८.८५ प्रतिशत बजेट खर्च गरेको छ। उसले पुँजीगततर्फ ११ करोड ९१ लाख ५१ हजार रुपैयाँ खर्च गरेकोमा पाँच करोड ९८ लाख ७३ हजार रुपैयाँ असारमा मात्र खर्चेको छ।

सोही आवमा सुनछहरी गाउँपालिकाले ११ करोड ४२ लाख १६ हजार रुपैयाँ पुँजीगत खर्च गरेकोमा चार करोड ८२ लाख ५० हजार असारमा मात्र खर्च गरेको छ। लुंग्री गाउँपालिकाले १४ करोड १३ लाख ४७ हजार रुपैयाँ बजेट खर्च गरेको छ। जसमध्ये आठ करोड ३९ लाख ९९ हजार रुपैयाँ असारमा मात्र खर्च भएको छ। त्यस्तै माडी गाउँपालिकामा उक्त आवमा पुँजीगततर्फ आठ करोड ३७ लाख १३ हजार रुपैयाँ खर्च भएको छ। जसमा तीन करोड ९७ लाख १३ हजार रुपैयाँ असारमा मात्र खर्च भएको तथ्यांक छ। त्रिवेणी गाउँपालिकामा १४ करोड ३७ लाख ३४ हजार रुपैयाँ खर्च भएको छ। कुल खर्चमध्ये पाँच करोड ९२ लाख २७ हजार रुपैयाँ असारमा मात्र खर्चिएको छ। यसैगरी सोही आवमा परिवर्तन गाउँपालिकाले पुँजीगततर्फ ११ करोड एक लाख २३ हजार रुपैयाँ खर्च गरेको छ। जसमध्ये पाँच करोड ४२ लाख ६७ हजार रुपैयाँ असारमा मात्र खर्च भएको विवरण छ।

आर्थिक वर्षको अन्तिम महिना असारमा आएर बजेटको ठुलो हिस्सा खर्च हुने गरेको देखिन्छ। महालेखा परीक्षक (मलेप) को कार्यालयले हरेक वर्ष गर्ने लेखापरीक्षणपछि दिने रिपोर्ट औपचारिकतामा मात्र सीमित भएका कारण पनि खर्चको यो प्रवृत्ति नरोकिएको हो। जिल्ला जिल्लामा करोडौं रकम बेरुजु हुँदासम्म पनि कानुनमा छिद्र खोजेर चोख्याउने काम हुँदै आएको छ। देशमा सुशासन स्थापना गर्न तीन निकाय मलेप, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायालयले गतिलो भूमिका निर्वाह गरेमा कसैको केही नलाग्ने विज्ञहरू बताउँछन्। तर यी निकाय पनि 'सरकारको काम कहिले जाला घाम' भन्ने पारामा छन्।

देशैभरिको तथ्यांक हेर्दा आर्थिक वर्ष २०८१/८२ मा सरकारले पुँजीगत खर्चका लागि तीन खर्ब ५२ अर्ब ३५ करोड विनियोजन गरेको थियो। त्यसमध्ये दुई खर्ब २२ अर्ब ६९ करोड अर्थात् करिब ६३ प्रतिशत मात्र खर्च भयो। त्यसमा पनि असारमा मात्रै ७९ अर्ब ३० करोड अर्थात् करिब ३५.६ प्रतिशत खर्च भयो। जेठ मसान्तसम्म पुँजीगत बजेटको ४०.६९ प्रतिशत मात्र खर्च भएको थियो तर असारमा ठुलो रकम खर्च भएपछि वर्षान्तमा कुल खर्च ६३ प्रतिशत पुगेको देखिन्छ। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा पनि पुँजीगत खर्चको करिब २९ प्रतिशत असार महिनामै भएको थियो।

# अब इन्टरनेटको गतिअनुसार शुल्क

पृष्ठ १ बाट

यस व्यवस्थाबारे सार्वजनिक सूचनमा उल्लेख भए पनि सेवाप्रदायकले भने प्राधिकरणमा पेस गरिसकेको भन्दै ३०० एमबिपीससम्मको इन्टरनेटको प्याकेज बनाएर बिक्री गर्दै आएका थिए।

**पाँच इन्टरनेट सेवा प्रदायकको लाइसेन्स नवीकरण**

प्राधिकरणले पाँच वटा इन्टरनेट सेवा प्रदायकहरू (डिजी लिंक, जिसान नेटवर्क, श्री वाइफाई, शिखर नेट र युनाइटेड नेटवर्क) कम्पनीको अनुमतिपत्र आगामी पाँच वर्षका लागि नवीकरण गरेको छ। यसैगरी प्राधिकरणले वर्तिस स्पेस प्रालिलाई नयाँ नेटवर्क सेवा प्रदायकको अनुमति दिएको छ। आई-फोर टेक्नोलोजिजको जिएमपिसिएस लाइसेन्स पनि नवीकरण गरेको बताएको छ।

त्यस्तै प्राधिकरणले नेपालमै स्याटेलाइट अर्थ स्टेसन गेटवे र टेलिपोर्ट सेवा सञ्चालनका लागि बाटो खुला गर्न सरकारलाई सिफारिस गरेको छ। यसका लागि आवश्यक अनुमति दस्तुर र नवीकरण शुल्क तोक्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सिफारिस गरिएको प्राधिकरणले जनाएको छ। यसबाट भूउपग्रहमा आधारित इन्टरनेट र सञ्चार सेवामा निजी क्षेत्रको लगानी आकर्षित हुने प्राधिकरणको दाबी छ। प्राधिकरणले आर्थिक अपराध र गैरकानुनी कारोबार रोक्न अनलाइन जुवा क्रिप्टोकरेन्सी, बिटक्वाइन र यौनजन्य सामग्री प्रदर्शन गर्ने वेबसाइट तथा एपहरू बन्द गर्न सेवा प्रदायकलाई कडा निर्देशन दिएको बताएको छ। यस निर्देशन पालना नगर्ने कम्पनीलाई दूरसञ्चार ऐन २०५३ बमोजिम कारबाही हुने चेतावनी प्राधिकरणको छ।

# प्रमका प्रमुख सल्लाहकार बेन नै अनुगमनमा

पृष्ठ १ बाट

छड्केका क्रममा बेनले आफ्नो परिचय खुलाएनन् र एक छिनपछि त्यहाँबाट हिँडे।

प्रधानमन्त्रीका प्रमुख सल्लाहकार बेन अनुगमनमा आएका बेला आफू कार्यालय जानेक्रममा बाटोमै रहेको कार्यालय प्रमुख नेपालीले बताए। 'म लगनखेलमा आइसकेको थिएँ। केही बेरमै कार्यालयमा पुगेको थिएँ। म कार्यालयमा समयमै पुग्ने गरेको छु,' उनले भने। आफ्नो कार्यालयमा सेवा प्रवाह नियमित रहेको र नरोकिएको दाबी उनले गरे। 'हामीले सेवा प्रवाहमा कुनै कमी हुन दिएका छैनौं। सेवा प्रवाहलाई अझ प्रभावकारी बनाएका छौं। सेवाग्राहीलाई दुःख दिएका छैनौं।' प्रधानमन्त्रीका प्रमुख सल्लाहकार बेन अनुगमन गर्न कार्यालय पुगेका दिन १४ कर्मचारी बिदामा रहेको उनले सुनाए।

भूमि व्यवस्था मन्त्रालय स्रोतका अनुसार बेनले भिडियो पठाएपछि मन्त्रालयले तत्कालै उक्त भिडियो राष्ट्रिय सतर्कता केन्द्रमा पठायो र कार्यालयमा अनुपस्थित कर्मचरीलाई कारबाही गर्न अनुरोध गर्‍यो। मन्त्रालयको अनुरोधपछि सतर्कताले कार्यालयमा अनुपस्थित कर्मचारीलाई स्पष्टीकरण सोधेको छ। आफूसहित अनुपस्थिति भएका कर्मचारीलाई सतर्कताले स्पष्टीकरण सोधेको नेपालीले स्वीकार गरे।

सतर्कता केन्द्रका अनुसार आर्थिक वर्ष २०८२/८३ मा केन्द्रका कर्मचारीले एक हजार ५७७ कार्यालयमा गई अनुगमन, छड्के तथा निगरानी गरेका थिए। त्यसक्रममा नौ हजार ६९७ कर्मचारीले कार्यालय समय पालना गरेको पाइएन। यसैगरी तोकिएको पोसाक नलगाउने एक हजार ४०४ जना देखिए। सतर्कताले उक्त आवमा ११ हजार १०१ कर्मचारीलाई कारबाही गर्न सम्बन्धित निकायमा लेखिपठाइएको छ। 'हामीले गरेको छड्के अनुगमनका क्रममा काठमाडौंका दुई/तीन हजार कर्मचारी बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कार्यालयमा बसेको वा सेवा दिएको पाइएन,' ती अधिकारीले भने, 'बिहानै हाजिरी गर्ने र घर हिँड्ने गरेको देखियो। केही त बिहान आएपछि एकैपटक साँझ ५ बजे पुगी हाजिरी गर्ने गरेको पाइयो।' मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयको निर्देशनअनुसार केन्द्रले विभिन्न टोली परिचालन गरी दिनहुँ छड्के अनुगमन गरिरहेको छ।

# भाँडेमा स्वास्थ्योपचार

वीरेन्द्रनगर, भदौ ३ (नागरिक)- क सातादेखि ज्वरोले थलिएका नौमुले गाउँपालिका- ३ भाँडेमा बिहीबार पुगेको स्वास्थ्यकर्मी टोलीले बिरामीको उपचार सुरु गरेको छ। 'ज्वरोले थलिए भाँडेका स्थानीय' शीर्षकको नागरिक दैनिकमा प्रकाशित समाचार पढेपछि स्वास्थ्यकर्मी टोलीले गाउँ पुगेर बिरामीको उपचार सुरु गरेको हो। द्वारी स्वास्थ्यचौकी र अन्य स्वास्थ्य चौकीबाट भाँडे पुगेका स्वास्थ्यकर्मीले उपचार थालेका हुन्।

नौमुले गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भूपेन्द्र शाहीले प्रेस विज्ञप्ति जारी गरीस्वास्थ्यकर्मी टोलीले घरघरमा पुगेर बिरामीको उपचार गरेको उल्लेख गरेको छ। बालुवाटार स्वास्थ्य चौकी, द्वारी स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र नौमुले बजारबाट स्वास्थ्यकर्मी खटिएको शाहीले बताए। बस्तीमै पुगेर बिरामीको अवस्था बुझेर प्रतिवेदनसमेत तयार पार्न स्वास्थ्यकर्मीलाई निर्देशन दिइएको उनले बताए। भाँडेमा ८२ घरधुरी छन्।

# इन्स्पेक्टरमाथि आक्रमण, दुई पक्राउ

**मदन ठाकुर**
*रौतहट, भदौ ३*

रौतहटको बौधिमाई नगरपालिका- ८ सरमुजवामा सुरक्षाकर्मीले मध्यरातमा घरमा प्रवेश गरी परिवारका सदस्यलाई कुटपिट गरेको घटना सार्वजनिक भएको छ। घटनामा ७० वर्षीया बसकलिया देवी र उनका १६ वर्षीया नातिनी करिश्मा यादव गम्भीर घाइते भएका छन्।

मंगलबार मध्यराती करिब १२ बजेको समयमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली स्थानीय शिवपुजन यादव र नवलकिशोर यादवलाई पक्राउ गर्न घर पुगेको थियो। सुरक्षाकर्मीले घरको मुख्य ढोका फुटाएर घरभित्र प्रवेश गरी यादवद्वय दुवैजना दाजुभाइलाई नियन्त्रणमा लिएर परिवारका सदस्यमाथि समेत कुटपिट गरेको आरोप लागेको छ।

शिवपुजनकी आमा बसकलिया देवी, श्रीमती सुगान्धी देवी र १६ वर्षीया छोरी करिश्मामाथि सुरक्षाकर्मीले कुटपिट गरेका थिए। सो क्रममा बसकलिया र करिश्माको टाउकोमा चिरपट भाटाले प्रहार गरेर गम्भीर घाइते तुल्याएको परिवारजनको आरोप छ। घाइते दुवैको सदरमुकाम गौरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये बसकलियाको टाउकोमा सातवटा र करिश्माको टाउकोमा ६ वटा टाँका लगाइएको जिल्ला अस्पताल गौरका आकस्मिक कक्षका चिकित्सकले बताए।

घटनापछि बसकलिया देवीले आफूले कुनै कसुर नगरेको भन्दै मध्यरातमा घरको ढोका फुटाएर प्रवेश गरी आफूमाथि आक्रमण गरेको बताएकी छन्। 'हामीले कुन कसुर गरेका थियौं ? रातिको समयमा ढोका फुटाएर घरमा प्रवेश गरी आक्रमण गर्नु गम्भीर अन्याय हो। हामीले न्याय पाउनुपर्छ', उनले भनिन्।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६
शाखा कार्यालयः चौराहा धनगढी, कैलाली फोन नं. : ०९१-४१७३०१/०२
शाखा कार्यालयः सुन्दरबजार, लमजुङ फोन नं. ०६६-४०२३८२
शाखा कार्यालय : भरतपुर, चितवन फोन नं. : ०५६-५३३२४०/४१

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८३/०५/०४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालयः चौराहा धनगढी, कैलाली

| |
|---|
| १. ऋणीको विवरण |
| नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कञ्चनपुरमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/१२/२० मा दर्ता नं. ६७९/०७३/०७४ कायम भएको कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ६ स्थित दियाली ट्रेड एण्ड अडर सप्लार्यर्स प्रोप्राईटर : कृष्ण दियाली (वि.क.) |
| २. ऋणीको विवरण |
| बुद्धिमान वि.क.को नाति, हर्क बहादुर वि.क.को छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको कृष्ण दियाली (वि.क.) (ना.प्र.प.नं. ७५२०२०/४९१, कञ्चनपुर) |
| व्यक्तिगत जमानतकर्ताहरुको विवरण |
| १. बुद्धिमान वि.क.को नाति, हर्क बहादुर वि.क.को छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको कृष्ण दियाली (वि.क.) (ना.प्र.प.नं. ७५२०२०/४९१, कञ्चनपुर) |
| २. खड्ग बहादुर वि.क. को नाति, बुद्धिमान वि.क.को छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको हर्क बहादुर वि.क. (ना.प्र.प.नं. ६९७४६८५७, कञ्चनपुर) |
| ३. बुद्धिमान वि.क. को बुहारी, हर्क बहादुर वि.क.को पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको सुकमाया वि.क. (ना.प्र.प.नं. ७५२०२०/१२४९, कञ्चनपुर) |
| ४. हर्क बहादुर वि.क को बुहारी, कृष्ण दियाली (वि.क.) को पत्नी, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./उ.म.न.पा. ८ स्थित स्थायी ठेगाना भएको अस्मिता वि.क. (ना.प्र.प.नं. ७५२०२०/१२२३, कञ्चनपुर) |
| धितोमा रहेको सम्पत्तिको विवरण |
| १. हर्क बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ९१४ को क्षेत्रफल ४८७४.२५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| २. कृष्ण दियाली (वि.क.) को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. १७३० को क्षेत्रफल ३३८६.३० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |
| ३. यस बैंकको हितमा गरिएका मौज्दात (Stock) को हाइफोथिकेसन तथा चल/अचल सम्पत्ति र अमूर्त सम्पत्ति माथिको हक समेत । |
| नोटः माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण र धितोमा रहेको सम्पत्तिको विवरण एकै भएको। |

शाखा कार्यालयः सुन्दरबजार, लमजुङ

| |
|---|
| ऋणीको विवरण |
| नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, लमजुङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/०१/१५ मा दर्ता नं. ३८२/०६५/०६६ कायम भई दर्ता भएको लमजुङ जिल्ला, सुन्दरबजार गा.वि.स. वडा नं. ४ स्थित श्री महालक्ष्मी सुन चांदी पसल प्रोप्राइटरः लाल बहादुर विश्वकर्मा |
| व्यक्तिगत जमानतकर्ताहरुको विवरण |
| १. तारापती विश्वकर्माको नाति, हिमलाल विश्वकर्माको छोरा, चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको लाल बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ३५-९१५, चितवन) |
| २. हिमलाल विश्वकर्माको बुहारी लाल बहादुर विश्वकर्माको पत्नी, चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको बुद्धिकला विश्वकर्मा (ना.प्र.प.नं. २०९९/०६२, चितवन) |
| ३. डाँसे कामीको नाति, तारापती विश्वकर्माको छोरा, नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको हिमलाल विश्वकर्मा (ना.प्र.प.नं. १००१३, नवलपरासी) |
| ४. तारापती विश्वकर्माको बुहारी, हिमलाल विश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको निम कुमारी वि.क. (ना.प्र.प.नं. ३९४-८७२६६, नवलपरासी) |
| ५. हिमलाल विश्वकर्माको नाति, लाल बहादुर विश्वकर्माको छोरा, लमजुङ जिल्ला, सुन्दरबजार न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको अमित बि.क. (ना.प्र.प.नं. ४५-०१-७५-०१४७५, लमजुङ) |
| ६. हिमलाल विश्वकर्माको नातिनी, लाल बहादुर विश्वकर्माको छोरी, लमजुङ जिल्ला, सुन्दरबजार न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको आस्मा वि.क. (ना.प्र.प.नं. ४५-०१-७३-०१६३४, लमजुङ) |
| धितोमा रहेको सम्पत्तिको विवरण |
| १. लाल बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, सुन्दरबजार गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १७४०, २१११ र २१६१ को क्रमशः क्षेत्रफल ०-३-२-१, ०-८-०-२ र ०-३-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| २. बुद्धिकला विश्वकर्माको नाममा मालपोत कार्यालय बेसीशहर लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, सुन्दरबजार गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ६७२ को क्षेत्रफल ०-४-१-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| ३. बुद्धिकला विश्वकर्माको नाममा मालपोत कार्यालय बेसीशहर लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, परेवाडाँडा गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. १७६६ को क्षेत्रफल १-९-१-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| ४. लाल बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. २८७ को क्षेत्रफल ०-३-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| ५. हिम लाल विश्वकर्माको नाममा मालपोत कार्यालय चनौली चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ९७७ को क्षेत्रफल १२५२.९१ (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८३/०५/०४ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु चौराहा धनगढी, कैलाली, सुन्दरबजार, लमजुङ र भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८३/०५/१० गते बुधबार कार्यालय समय भित्र शाखा कार्यालय सुन्दरबजार, लमजुङको धितोमा रहेको सम्पत्तिको विवरण नं. ४ र ५ को हकमा यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८३/०५/११ गते बिहिबार दिउँसो ४:०० बजे शर्त नं ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु चौराहा धनगढी, कैलाली, सुन्दरबजार, लमजुङ र भरतपुर, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ।

**बजार**

सुन तोला - ३०४,१००
चाँदी तोला - ४५९५

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.९१ | १५३.५१ |
| युरो | - | १७७.४६ | १७८.१६ |
| पाउन्ड स्टर्लिङ | - | २०७.२९ | २०८.११ |

# वीरगन्ज चिनी कारखानाको अध्ययन प्रक्रिया सुरु भएपछि उखु किसानमा उत्साह



**मदन ठाकुर**

*रौतहट, भदौ ३*

करिब २५ वर्षदेखि बन्द रहेको वीरगन्ज चिनी कारखाना पुनः सञ्चालनको सरकारी पहल अघि बढेसँगै मधेस प्रदेशका उखु किसानमा आशा र उत्साह बढेको छ। सरकारले कारखानाको वर्तमान अवस्था र पुनः सञ्चालनको सम्भाव्यता अध्ययन गर्न कार्यदल गठन गरेपछि किसानले लामो समयदेखि भोग्दै आएको बजारको समस्यामा सुधार आउने अपेक्षा गरेका छन्।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवको पहलमा सरकारले कारखानाको पुनः सञ्चालनका लागि सम्भाव्यता, चुनौती र आवश्यक कार्ययोजना सिफारिस गर्न कार्यदल गठन गरेको हो। कार्यदललाई कारखानाको विगतका निर्णय, यसअघि भएका अध्ययन तथा तयार पारिएका प्रतिवेदनको समीक्षा गर्दै अब चाल्नुपर्ने कदम सिफारिस गर्ने जिम्मेवारी दिइएको छ। कार्यदलले १५ दिनभित्र अध्ययन प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुबेदीका अनुसार मन्त्रालयका सिडिई श्रीकान्त यादवको संयोजकत्वमा कार्यदल गठन गरिएको छ। कार्यदलमा मन्त्रालयका शाखा अधिकृत तथा उद्योग विभागका अधिकृत प्रतिनिधि सदस्य रहेका छन्। कार्यदलका संयोजक यादवले बुधबार मन्त्रालयबाट कार्यदल गठनसम्बन्धी आधिकारिक पत्र प्राप्त भएको र सोही दिनदेखि वीरगन्ज चिनी कारखानाको अध्ययन प्रक्रिया सुरु गरिएको बताए।

सरकारले गठन गरेको कार्यदलले कारखाना सञ्चालन गर्न सकिन्छ वा सकिँदैन भन्ने विषयमा मात्र अध्ययन गर्ने छैन। कारखानाको वित्तीय, आर्थिक, प्राविधिक, कानुनी तथा भौतिक अवस्थाको समग्र मूल्यांकन गरी पुनः सञ्चालनमा देखिएका अवरोध पहिचान गर्ने जिम्मेवारीसमेत कार्यदललाई दिइएको छ।

अध्ययनका क्रममा कारखाना परिसरमा रहेका भवन, संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्थासमेत मूल्यांकन गरिनेछ। दशकौंदेखि प्रयोगहीन रहेका पुराना मेसिन तथा संरचनाबाटै कारखाना सञ्चालन गर्न सकिने अवस्था छ वा नयाँ प्रविधि र पूर्वाधार आवश्यक पर्ने हो भन्नेबारे पनि कार्यदलले सुझाव दिनेछ।

त्यसैगरी कारखानाको स्वामित्वमा रहेको जग्गा तथा अन्य सम्पत्तिको अवस्थासमेत अध्ययन गरिनेछ। जग्गा-सम्पत्तिसँग सम्बन्धित विवाद वा अन्य समस्या भए त्यसको पहिचान गरी समाधानका लागि आवश्यक कानुनी तथा व्यवस्थापकीय विकल्पसमेत कार्यदलले सरकारलाई सिफारिस गर्नेछ। यसपटक सरकारले वीरगन्ज चिनी कारखानालाई 'खोल्ने कि नखोल ने' भन्ने प्रश्नमा मात्र सीमित नराखी कारखानाको सम्पत्ति, संरचना, प्रविधि, वित्तीय अवस्था र कानुनी जटिलताको समग्र अध्ययन गरी पुनः सञ्चालनको व्यावहारिक खाका तयार गर्ने प्रयास गरेको छ।

**उद्योग सञ्चालनको खबरले किसानमा खुसी**

वीरगन्ज चिनी कारखाना पुनः सञ्चालनको प्रक्रिया अघि बढेपछि पर्सा, बारा र रौतहटलगायतका जिल्लाका उखु किसानमा उद्योग सञ्चालन हुने आशा पलाएको उखु उत्पादक महासंघका अध्यक्ष श्यामबाबु राय यादवले बताए। 'सरकारले वीरगन्ज चिनी कारखाना सञ्चालनका लागि कार्यदल गठन गर्नु उखु किसानका लागि खुसीको विषय हो। वर्षौंदेखि उद्योग बन्द हुँदा किसानले उखु बिक्रीका लागि समस्या भोग्दै आएका छन्। अब उद्योग सञ्चालन हुने आशा जागेको छ', उनले भने।

उनका अनुसार मधेस प्रदेशका उखु किसानका लागि वीरगन्ज चिनी कारखाना सञ्चालन हुनु एउटा बन्द उद्योग खुल्नु मात्र नभई उखुको बजार सुनिश्चित गर्ने महत्त्वपूर्ण आधार बन्न सक्छ। उद्योग सञ्चालनमा आएपछि स्थानीय स्तरमै उखु बिक्री गर्न सहज हुने र किसानलाई उत्पादन विस्तार गर्न प्रोत्साहन मिल्ने उनको भनाइ छ।

नेपालमा उखु खेती मुख्यतः तराई-मधेसका जिल्लामा केन्द्रित छ। उखु उत्पादन र चिनी उद्योग एकअर्काका परिपूरक भए पनि उद्योगहरू बन्द हुने, सञ्चालनमा समस्या आउने तथा किसानले उत्पादन गरेको उखुको भुक्तानी समयमै नपाउने समस्याले उखु खेतीप्रतिको आकर्षण कमजोर हुँदै आएको उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवले बताए। कार्यदल गठन भएको खबरले पर्सा, बारा र रौतहटका किसानमा उद्योग पुनः सञ्चालन हुने आशा पलाएको यादवले बताए।

'वर्षौंदेखि बन्द रहेको उद्योग सञ्चालनमा आउने चर्चा सुरु हुनासाथ किसानमा आशा पलाएको छ। उद्योग सञ्चालन भयो भने उखु बेच्न टाढा जानुपर्ने बाध्यता घट्नेछ र उत्पादनको बजार सुनिश्चित हुने विश्वास किसानमा बढेको छ', उनले भने।

**उद्योग बन्द हुँदा किसानलाई दोहोरो मार**

उखु किसानका लागि चिनी उद्योग प्रशोधन गर्ने कारखाना मात्र नभई उत्पादनको बजार सुनिश्चित गर्ने मुख्य आधार हो। उद्योग बन्द हुँदा किसानले आफ्नो उत्पादन बेच्न वैकल्पिक बजार खोज्नुपर्ने अवस्था आउँछ। नजिकै उद्योग नहुँदा ढुवानी खर्च बढ्नुका साथै उखु खेतमै सुक्ने र उत्पादन लागतअनुसारको मूल्य नपाउने समस्यासमेत देखिने गरेको किसानको गुनासो छ। त्यसमाथि चिनी उद्योगहरूबीच प्रतिस्पर्धात्मक बजार कमजोर हुँदा किसानको मोलमोलाइ गर्ने क्षमता घट्ने र उद्योगीले निर्धारण गरेको मूल्यमा निर्भर हुनुपर्ने अवस्था सिर्जना हुन्छ। उखु उत्पादनमा लाग्ने मल, बीउ, सिँचाइ, मजदुर तथा ढुवानी खर्च निरन्तर बढिरहेको अवस्थामा उचित मूल्य र समयमै भुक्तानी नपाउँदा किसानलाई आर्थिक रूपमा ठूलो असर पर्ने गरेको छ।

वीरगन्ज चिनी कारखाना सञ्चालनमा आएमा पर्सा, बारा र रौतहटसँगै आसपासका जिल्लाका किसानले उत्पादन गरेको उखुका लागि स्थायी बजार निर्माण हुन सक्ने किसान प्रतिनिधिहरूको अपेक्षा छ।

**उद्योग खुल्नु मात्रै पर्याप्त छैन**

किसान प्रतिनिधिहरूले उद्योग पुनः सञ्चालनको निर्णयसँगै किसानको हित सुरक्षित गर्ने स्पष्ट नीति आवश्यक रहेको बताएका छन्। उद्योग सञ्चालन भए पनि उखुको मूल्य निर्धारण, तौलमा पारदर्शिता, समयमै भुक्तानी, ढुवानी व्यवस्थापन तथा किसानलाई आवश्यक प्राविधिक र कृषि सामग्री उपलब्धता सुनिश्चित गर्नुपर्ने उनीहरूको माग छ। उखु किसानको मुख्य समस्या उद्योग बन्द हुनु मात्रै नभई उखु बिक्रीपछि भुक्तानी लिन लामो समय कुर्नुपर्ने अवस्था पनि हो। त्यसैले पुनः सञ्चालन हुने उद्योगलाई विगतका समस्याबाट पाठ सिकाउँदै आधुनिक, पारदर्शी र किसानमैत्री ढंगबाट सञ्चालन गर्नुपर्ने किसान प्रतिनिधिहरूको माग छ।

**सोभियत सहयोगमा स्थापना, २५ वर्षदेखि बन्द**

वीरगन्ज चिनी कारखानाको इतिहास नेपालको औद्योगिक विकाससँग जोडिएको छ। २०१५ सालमा तत्कालीन राजा महेन्द्रले सोभियत संघ (रुस) भ्रमणका क्रममा नेपालमा ठूलो क्षमताको चिनी कारखाना निर्माण गर्ने सम्झौता भएपछि त्यसकै पहलमा वीरगन्ज चिनी कारखाना स्थापना गरिएको थियो।

कारखानाले २०२१ साल माघ १८ गतेदेखि औपचारिक रूपमा उत्पादन सुरु गरेको थियो। लामो समय सञ्चालनमा रहेको कारखाना क्रमशः आर्थिक संकट, व्यवस्थापकीय कमजोरी तथा बढ्दो घाटाको चपेटामा पर्दै गयो। अन्ततः सरकारले २०५९ फागुन १५ गते मन्त्रिपरिषद्को निर्णयमार्फत कारखाना बन्द गर्ने निर्णय गरेको थियो। त्यसयता वीरगन्ज चिनी कारखाना सञ्चालनविहीन अवस्थामा छ। अब गठन भएको कार्यदलको १५ दिने अध्ययनले दशकौंदेखि बन्द रहेको यो औद्योगिक प्रतिष्ठानको भविष्यबारे नयाँ बहसलाई औपचारिक निष्कर्षतर्फ लैजाने अपेक्षा गरिएको छ।

कार्यदलको प्रतिवेदनपछि सरकारले कारखाना पुरानै संरचनाबाट सञ्चालन गर्ने, आधुनिक प्रविधिसहित पुनर्संरचना गर्ने, सार्वजनिक-निजी साझेदारीमा लैजाने वा अन्य वैकल्पिक मोडेल अपनाउने भन्ने विषयमा निर्णय लिन सक्नेछ। उद्योग पुनः सञ्चालनको प्रक्रिया अघि बढेसँगै किसान भने अब कारखाना खुल्ने आशालाई व्यवहारमै परिणत हुने दिनको प्रतीक्षामा छन्।

# ग्यास अभाव टार्न गाउँलेलाई इन्डक्सन चुलो

**नागरिक संवाददाता**

*पोखरा, भदौ ३*


विद्युत्को प्रयोग बढाउन र ग्यास खपतलाई घटाउने उद्देश्यसहित पोखरा महानगरपालिका-२२ ले आफ्नो वडाका बासिन्दालाई इन्डक्सन चुलो वितरण गर्न थालेको छ। त्यसको सुरुवात गत सोमबारदेखि भएको छ। पहिलो दिन वडाका २३४ घरधुरीका बासिन्दाका लागि चुलो वितरण गरिएको छ।

नागरिकलाई इन्डक्सन चुलो वितरण गर्न वडा कार्यालयले अघिल्लो आर्थिक वर्ष ३० लाख रुपैयाँ छुट्याएको थियो। त्यसबाहेक वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र र उपभोक्ताको साझेदारीमा चुलो प्रदान गर्न थालिएको हो। पोखरा महानगरका प्रमुख धनराज आचार्यले चुलो वितरण सुरुवात गरेका थिए।

वडाध्यक्ष हिमलाल बरालका अनुसार यो महिनाभित्र वडाभित्रका सबै घरधुरीमा इन्डक्सन चुलो वितरण गर्ने लक्ष्य राखिएको छ। वडाभित्र २२ सय घर रहे पनि करिब दुई सय घरका बासिन्दाको स्थायी बसोबास पोखरा रहेकाले दुई हजार घरमा मात्र चुलो आवश्यक पर्ने उनले बताए। वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको ७० प्रतिशत र उपभोक्ताको ३० प्रतिशत लागत साझेदारीमा पहिलो चरणमा एकहजार चुलो ल्याइएको छ। त्योमध्ये सोमबार २३४ थान बाँडिएको छ। बाँकी थान केही दिनमा वितरण हुने उनले बताए।

'एकहजार थान चुलोका लागि वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले सघाएको हो। त्यसमा ३० प्रतिशत लागत स्थानीयको छ', उनले भने, 'बाँकी एक हजार थानका लागि महानगरले छुट्याएको बजेटबाट खरिद गरेर वितरण गर्ने हो, त्यसमा पनि स्थानीयको साझेदारी त रहन्छ। अहिले त्यसको टेन्डर आह्वान भएको छ। केही दिनमा चुलो आइपुग्ने र त्यसपछि वितरण गरिनेछ। भदौभित्र एक घर एक चुलोका आधारमा वडाभित्रका सबै घरमा इन्डक्सन चुलो चल्न थाल्नेछ।'

स्वदेशमा उत्पादन भएको विद्युत् खपत बढाउँदै अर्थतन्त्रलाई साथ दिन पनि इन्डक्सन चुलो सञ्चालन जरुरी रहेको उनले बताए। 'विद्युत् स्वदेशकै उत्पादन हो तर ग्यास भने होइन। ग्यास बाहिरबाट किनेर ल्याउनुपर्छ', उनले भने, 'स्वदेशी उत्पादनलाई हामीले प्राथमिकता दिनुपर्छ।'




अनुदानमा पाएको इन्डक्सन चुलो देखाउँदै पोखरा-२२ की एक वृद्धा। *तस्बिर : नागरिक*

वडाका कालाबाङ, भुम्दी लगायतका विभिन्न पाँच वटा टोलमा बसोबास गर्ने वडावासीलाई पहिलो चरणमा चुलो वितरण गरिएको वडा अध्यक्ष बरालले बताए। 'पहिलो चरणमा चुलो आवश्यक परेका व्यक्तिले नाम दर्ता गराउन वडा कार्यालयले एकसाताको समय दिएको थियो। त्यसपछि पहिलो चरणमा काम थालेका हौं', उनले भने, 'गाउँ भए पनि अहिले सबैको भान्सामा ग्यास सिलिन्डर छन्। यहीबेला खाना पकाउने ग्यासको चरम अभाव छ। ग्यास नपाएको बेला इन्डक्सन चुलो पाएपछि नागरिकलाई सहज भएको छ।'

खाना पकाउने ग्यासको अभाव देखिन थालेपछि नगरवासीलाई त्यसको विकल्पका रूपमा विद्युतीय चुलो प्रदान गरिएको महानगरका मेयर धनराज आचार्यले बताए। विद्युतीय चुलोको प्रयोगले ग्यास अभावका बेला हुने समस्या र चिन्ता कम गर्नुका साथै स्वदेशमै उत्पादन हुने विद्युत्को उपयोगलाई प्राथमिकता दिन सहयोग पुग्ने नगर प्रमुख आचार्यले बताए।

खाना पकाउन विद्युतीय ऊर्जाको प्रयोग बढाउँदै लैजान सके ग्यासमा हुने परनिर्भरता घटाउनुका साथै स्वदेशमै उत्पादन भएको विद्युत्को खपत बढाउन सकिने सम्भावना रहेको उनको भनाइ छ। महानगरपालिकाले वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्दै नगरवासीलाई सहज र भरपर्दो ऊर्जा उपलब्ध गराउने उद्देश्यले विद्युतीय चुलो वितरण गरिएको जनाएको छ।

पोखरा महानगरपालिकाको पञ्चवर्षीय नगर उर्जा योजना अनुसार सन् २०२९ सम्ममा महानगरपालिका भित्रका २५ प्रतिशत घरधुरीमा विद्युतीय चुलोको पहुँच पुऱ्याउने लक्ष्य राखिएको छ। जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (जिआइजेड), वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, विन्डपावर नेपाल र युरोपियन युनियनको सहयोगमा पोखरा महानगरपालिकाको सहरी योजना आयोगले तयार गरेको नगर ऊर्जा योजनाले विस २१०० (सन् २०४३) सम्म पोखरालाई कार्बन तटस्थ सहर बनाउने लक्ष्य राखेको पनि महानगरले बताएको छ।

पोखराको वर्तमान ऊर्जा उपभोगका हिसाबले खाना पकाउनका लागि प्राथमिक रूपमा प्रयोग भएका इन्धनमा एलपिजीको हिस्सा ८४.२५ प्रतिशत रहेको पनि महानगरले बताएको छ। त्यस्तै बायोग्यास ५.२५ प्रतिशत, काठ दाउरा १०.२७ प्रतिशत र विद्युत्को मात्र ०.२३ प्रतिशत छ। घरायसीस्तरमा एलपिजीको निर्भरता ९८.४५ प्रतिशत पुगेको छ भने व्यावसायिक क्षेत्रमा यो आँकडा ८४.२५ प्रतिशत रहेको पनि महानगरको तथ्यांक रहेको छ।

# चितवनमा बायोफ्लक प्रविधिबाट माछापालन सुरु

**वसन्त ढुंगाना**

*चितवन, भदौ ३*



चितवनमा कम पानीमा बढी माछा उत्पादन गर्ने उद्देश्यले बायोफ्लक प्रविधिबाट माछापालन सुरु गरिएको छ। पानीको पुनः प्रयोग गर्दै थोरै क्षेत्रफलमा धेरै माछापालन गर्न सकिने भएपछि जिल्लाका किसानले यो प्रविधि अपनाउन थालेका हुन्।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ चितवनका अनुसार एरिएटरमार्फत पानीमा निरन्तर अक्सिजन प्रवाह गरी पानीको गुणस्तर कायम राख्दै बायोफ्लक प्रणालीमा माछापालन गरिन्छ। जिल्लामा हालसम्म करिब आधा दर्जन किसानले यो प्रविधि अपनाइसकेका छन्।

कार्यक्रम कार्यान्वयन एकाइ चितवनका प्रमुख महेश रेग्मीले चितवनका किसानले नयाँ प्रविधिका रूपमा बायोफ्लक अपनाउन थालेको बताए। 'चितवनका किसानले नयाँ प्रविधि बायोफ्लक प्रयोग गर्न थालेका छन्', उनले भने, 'जिल्लामा करिब आधा दर्जन किसानले यो प्रविधि अपनाइसकेका छन्।'

बायोफ्लक प्रविधिमा माछाको दिसा तथा अन्य जैविक फोहोरलाई खेर जान नदिई सूक्ष्मजीवको माध्यमबाट माछाको अतिरिक्त आहारमा परिणत गरिन्छ। त्यसका लागि पानीमा उपयुक्त कार्बन स्रोत, ब्याक्टेरिया र मोलासेसको प्रयोग गरिन्छ। एरिएटरको माध्यमबाट निरन्तर अक्सिजन दिइने भएकाले पानीमा रहेका जैविक पदार्थ र अमोनियालाई सूक्ष्मजीवले उपयोग गरी प्रोटिनयुक्त बायोफ्लक निर्माण गर्ने उनले बताए।

यस प्रविधिमा पानीको पुनःप्रयोग हुने भएकाले परम्परागत माछापालनको तुलनामा पानीको आवश्यकता कम हुन्छ। माछाको अतिरिक्त आहारका रूपमा बायोफ्लक प्रयोग हुने भएकाले दानाको खपतसमेत घट्ने उनले बताए। यो प्रविधिबाट चारदेखि पाँच महिनामै करिब ६ सय ग्रामसम्मको माछा उत्पादन गर्न सकिने बताइएको छ। 'बायोफ्लक प्रणालीमा फोहोर व्यवस्थापनसँगै पोषक तत्त्वको पुनः चक्रण हुने भएकाले उत्पादन लागत घटाउन र वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ, उनले भने, 'थोरै क्षेत्रफलमा धेरै माछा उत्पादन गर्न सकिने भएकाले किसानले यो प्रविधि मन पराउनुभएको छ।'

चितवनमा सरकारी स्तरबाट समेत बायोफ्लक प्रविधिलाई प्रोत्साहन गरिएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ चितवनले दुईवटा फार्म हाउसलाई ८५ प्रतिशत लागत साझेदारीमा सहयोग गरेको जनाएको छ। कार्यालयका अनुसार एउटा फार्मलाई चार लाख १२ हजार ६ सय रुपैयाँका दरले अनुदान प्रदान गरिएको छ।

माडी नगरपालिका-६ का पौडेल कृषि फार्मका सञ्चालक हिरा पौडेलले बायोफ्लक प्रविधिबाट माछापालन गर्दा उत्पादन र आम्दानी दुवै बढाउन सकिने बताए। उनले चारवटा पोखरीमा तीन हजार दुई सय माछाका भुरा राखेका छन्। त्यसबाट करिब डेढ टन माछा उत्पादन हुने उनको अनुमान छ। 'पोखरी निर्माण गर्न साढे चार लाख रुपैयाँ खर्च भएको छ', पौडेलले भने, 'पाँच महिनामा करिब पाँच लाख रुपैयाँ आम्दानी हुने अनुमान छ।' दोस्रो चरणमा पोखरी निर्माणको लागत घट्ने भएकाले त्यसपछि नाफा अझ बढ्ने उनको अपेक्षा छ।

पौडेलले माछापालनलाई कृषि उत्पादनमा मात्र सीमित नराखी पर्यटनसँग जोड्ने योजना पनि बनाएका छन्। उनका अनुसार फार्ममा टिकटक तथा सामाजिक सञ्जालका लागि भिडियो बनाउन आउने मानिसको संख्या बढ्दै गएको छ। माछाका परिकार उपलब्ध गराउने रेस्टुरेन्ट सञ्चालन गर्ने तयारी समेत भइरहेको उनले बताए।

माडी क्षेत्रमा बायोफ्लक प्रविधिबाट माछापालन गर्ने अर्को फार्मसमेत सञ्चालनमा रहेको छ। माडी नगरपालिका माछा जोन क्षेत्रसमेत हो। यहाँ करिब पाँच सय हेक्टर क्षेत्रफलमा माछापालन हुँदै आएको छ। प्रतिहेक्टर ४.९ मेट्रिक टन माछा उत्पादन हुने अनुमान गरिएको छ।


**WorldLink**
**COMMUNICATIONS LTD**

**Request for Sealed Financial proposal to purchase Scrap materials**

**Date of first publication Bhadra 4, 2083 (20th August, 2026)**

**WorldLink Communications Limited** has scrap materials in its storage yard located in different locations all over Nepal. Eligible parties interested to purchase the scrap materials on "As it is. Where it is" basis are requested to submit their sealed financial proposal.

- Interested parties should inspect the scrap materials at their own cost.
- A detail list of the items of scrap of various items shall be provided to the bidders who shall be allowed to inspect the same at site.
- Interested parties to bear all the expenses like loading/unloading, transportation and any applicable government taxes and duty as applicable.
- Interested parties should collect the list of scrap from 20th August 2026 and should submit a sealed financial proposal along with valid company registration documents to the following address by 26th August 2026.
- The bid should be submitted in the prescribed Bid form at WorldLink Communications Ltd.
- Please contact the following office for detail information or any inquiry.

**WorldLink Communications Limited**
Jawalakhel, Lalitpur, Nepal.
Contact No.: 9801199213
Email Address: procurement.wlink@worldlink.com.np



**हार्दिक श्रद्धाञ्जली**



जन्म
वि.सं. २०००/०६/१५ गते

स्वर्गवास
वि.सं. २०८३/०४/२९ गते

**स्व. लिला साङ्मो भट्टचन**

यस प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका संचालक समिति सदस्य श्री छन बहादुर भट्टचन ज्यूको ममतामयी माता श्री लिला साङ्मो भट्टचनको असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै, यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामनाको साथ हार्दिक समवेदना व्यक्त गर्दछौं।

Prabhu Mahalaxmi Life

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड, परिवार

# जुम्लाका बजारमा म्याद गुज्रिएका खाद्यवस्तु


गोल्डेन बुढा

जुम्ला, भदौ ३


नेपालको संविधानले प्रत्येक नागरिकलाई सुरक्षित र गुणस्तरीय खाद्य वस्तु उपभोग गर्ने अधिकार सुनिश्चित गरेको छ। संविधानको धारा ३६ ले खाद्यसम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ तर जुम्लाका बजारमा भेटिएको अवस्थाले संवैधानिक अधिकार र उपभोक्ताको वास्तविक दूरी देखिन्छ। सदरमुकाम खलंगादेखि दुर्गम गाउँका बजारसम्म उपभोक्ताको दैनिक जीवनसँग जोडिएका खाद्य तथा पेय पदार्थ म्याद गुज्रिएको अवस्थामा बिक्रीका लागि राखिएको भेटिएको छ।



बजार अनुगमन टोली पुग्दा बियर, बिस्कुट, नुडल्सदेखि विभिन्न पेय पदार्थसम्म म्याद सकिएका वस्तु फेला परेका छन्। केही वस्तु तत्काल जफत गरेर नष्ट गरिएको छ तर उपभोक्ताको हातमा पुग्नुअघि ती वस्तु कसैले किन देखेन भन्ने प्रश्न भने अझै अनुत्तरित छ। जुम्लाको सिञ्जा र हिमा गाउँपालिकाका विभिन्न बजारमा गरिएको पछिल्लो अनुगमनमा मात्रै १८ हजार ३८५ रुपैयाँभन्दा बढी मूल्यका म्याद गुज्रेका तथा अखाद्य खाद्य र पेय पदार्थ जफत गरी नष्ट गरिएको छ।

अनुगमनका क्रममा स्टिम नुडल्स, फेन्टा, स्प्राइट, रिफरेन्स अरेन्ज, रिफ्रेस कोलालगायत म्याद सकिएका वस्तु भेटिएका थिए। सहायक प्रमुख जिल्ला अधिकारी मिनबहादुर रावलको नेतृत्वमा गएको संयुक्त अनुगमन टोलीले ग्रामीण बजारका खाद्य पसल तथा व्यवसाय निरीक्षण गरेको थियो। उपभोगका लागि अनुपयुक्त वस्तु भेटिएपछि तत्काल जफत गरी नष्ट गरिएको रावलले बताए। 'बजारमा उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पार्न सक्ने अखाद्य वस्तुको बिक्री-वितरण रोक्न नियमित अनुगमनलाई प्रभावकारी बनाइनेछ', उनले भने।

जुम्लाको बजार अब सदरमुकाम खलंगामा मात्र सीमित छैन । एक नगरपालिका र सात गाउँपालिकाका ६० वडाका केन्द्रमा स्थानीय बजार विस्तार भइसकेका छन्। गाउँमै बजार पुगेपछि दैनिक उपभोगका वस्तु सहज भएका छन् । बजार विस्तारको गतिअनुसार उपभोक्ता संरक्षणको संयन्त्र भने बलियो हुन सकेको छैन।

हरेक स्थानीय तहमा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा बजार अनुगमन समिति गठन भए पनि ती समितिको सक्रियता कमजोर छ। जिल्ला प्रशासन कार्यालयको संयोजनमा रहेको अनुगमन टोलीले भने सदरमुकामदेखि ग्रामीण बस्तीसम्मका बजारमा अनुगमन गर्दै आएको छ। बजारमा पसल अगाडि मूल्यसूची नराखिएको भेटिनु सामान्य भएको छ। एउटै वस्तुको मूल्य पसलपिच्छे फरक पर्ने गरेको उपभोक्ताको गुनासो छ। कतिपय होटल तथा पसल करदाता सेवा कार्यालयमा दर्तासमेत भएका छैनन्। मिति नाघेका उपभोग्य वस्तु बिक्रीमा राखिएका छन्। प्याकेटमा उत्पादन तथा उपभोग्य मिति स्पष्ट नभएका वस्तु पनि भेटिन्छन्। अर्थात् बजारमा सामान छ, ग्राहक छन्, कारोबार छ तर उपभोक्ताले किनेको सामानको म्याद, गुणस्तर र मूल्यबारे ढुक्क हुने अवस्था छैन।

जुम्लाको बजार समस्याको जड ग्रामीण पसलमा मात्र सीमित छैन। अनुगमनका क्रममा सदरमुकाम खलंगाका ठूला व्यापारीबाट म्याद गुज्रेका तथा दर्ता नभएका पसलमार्फत अखाद्य वस्तु ग्रामीण बजारसम्म पुग्ने गरेको समेत भेटिएको छ। यसले बजार अनुगमनलाई पसलमा पुगेर म्याद गुज्रेका सामान जफत गर्ने प्रक्रियामा मात्र सीमित राख्न नहुने देखाएको छ।

अखाद्य वस्तु कहाँबाट आयो, कसले ल्यायो र कुन माध्यमबाट गाउँसम्म पुग्यो भन्ने आपूर्ति शृंखला पहिल्याउनुपर्ने देखिन्छ। रावलका अनुसार जुम्लाका अधिकांश पसल दर्ता नभएको पाइएको छ। दर्ता नभएका पसलबाटै अखाद्य वस्तु बिक्री हुने गरेको भन्दै उनले स्थानीय सरकारले समेत कडाइका साथ बजार अनुगमन गर्नुपर्ने बताए।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका निमित्त कार्यालय प्रमुख सुवास तिमिल्सिनाका अनुसार अनुगमनका क्रममा ढक-तराजुको क्यालिब्रेसन अद्यावधिक नभएको, साइनबोर्ड नराखिएको तथा खाद्य अनुज्ञापत्र नलिई उत्पादन तथा बिक्रीवितरण गरिएकोसमेत भेटिएको छ। खाद्य स्वच्छताको समस्या प्याकेट बन्द वस्तुमा मात्र सीमित छैन। मासुजन्य वस्तुको कारोबारमा समेत आधारभूत मापदण्ड पालना नभएको अनुगमनका क्रममा भेटिएको छ।

चन्दननाथ नगरपालिका-५ का नमुना फ्रेस हाउस, जुम्ला बंगुर फ्रेस हाउस, सुर्खेती फ्रेस हाउस, पूजा फ्रेस हाउस र कीर्तिक फ्रेस हाउसमा अनुगमन गरिएको थियो। त्यस्तै चिया साइट, स्वुय होटल एन्ड लज, एलिन जनरल स्टोर, काव्य क्याफे, मार्सी घरिना अचार, सन्दिप जनरल स्टोर, अतुस जनरल स्टोर, सभ्यवान जनरल स्टोर सप्लायर्स, गोर्खा एन्ड राजन जनरल स्टोर, न्यु रावत जनरल स्टोर, अञ्जला पसल र ममता किराना पसलमा समेत अनुगमन गरिएको थियो। तिमिल्सिनाका अनुसार अधिकांश फ्रेस हाउस दर्ता नगरी सञ्चालनमा रहेको भेटिएको छ। खाद्य स्वच्छताका आधारभूत मापदण्डसमेत पूरा नगरी व्यवसाय सञ्चालन हुँदा उपभोक्ताको स्वास्थ्य जोखिममा पर्ने अवस्था रहेको उनले बताए।

जिल्ला प्रशासन कार्यालयको संयोजनमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, आन्तरिक राजस्व कार्यालय, पशु अस्पताल, उद्योग वाणिज्य संघ तथा उद्योग तथा उपभोक्ता हकहित संरक्षण कार्यालयसहितको टोलीले बजार अनुगमन गर्दै आएको छ।

उद्योग तथा उपभोक्ता हकहित संरक्षण कार्यालयका प्रमुख मन्दिरनाथ योगीले व्यवसायीलाई समयमै करको दायरामा आउन आग्रह गरेका छन्। 'अनुगमनका क्रममा धेरै समस्या देखियो। सबै समस्या समाधानका लागि विधिवत् रूपमा व्यवसाय दर्ता गर्न सुझाव दिएका छौं', उनले भने। उनका अनुसार नियमित बजार अनुगमन नहुनु, अनुगमन समितिले दिएका सुझाव व्यवसायीले पालना नगर्नु र सदरमुकामदेखि गाउँसम्म अखाद्य वस्तु पुग्नुले समस्या थपिएको हो। संविधानले खाद्यसम्बन्धी हकलाई मौलिक अधिकार मानेको छ तर जुम्लाको बजारमा उपभोक्ताले अझै पनि सामान किन्दा त्यसको म्याद, मूल्य र गुणस्तरबारे सचेत हुनुपर्ने अवस्था छ।

# एनसेलले बुझायो झन्डै ५ अर्ब नवीकरण दस्तुर

काठमाडौं, भदौ ३ (नागरिक)- निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक एनसेल आजियाटा प्रालिले मोबाइल सेवाको अनुमतिपत्र नवीकरण दस्तुरबापत सरकारलाई चार अर्ब ९६ करोड ४५ लाख ८२ हजार १९१ रुपैयाँ भुक्तानी गरेको छ।

एनसेलले नेपाल दूरसञ्चार प्राधिकरणको नबिल बैंकमा रहेको खातामा उक्त रकम दाखिला गरेको हो। भुक्तानीमा नवीकरण दस्तुरको बाँकी किस्ताबापत चार अर्ब २५ करोड रुपैयाँ सावाँ तथा २०८२ भदौ ७ देखि २०८३ भदौ २ गतेसम्मको ब्याज समावेश छ। यसमध्ये २०८२ भदौ ७ देखि २०८३ असार मसान्तसम्मको ब्याज ६४ करोड ९२ लाख ६० हजार २७३ रुपैयाँ र साउन १ देखि भदौ २ सम्मको ब्याज ६ करोड ५३ लाख २१ हजार ९१७ रुपैयाँ रहेको छ। सरकारले एनसेललाई २० अर्ब रुपैयाँको अनुमतिपत्र नवीकरण दस्तुर चार किस्तामा बुझाउने सुविधा दिएको थियो। बाँकी किस्तामा वार्षिक १० प्रतिशत ब्याज लाग्ने व्यवस्था छ।

एनसेलले स्थापनादेखि हालसम्म कर तथा विभिन्न शुल्कबापत करिब तीन खर्ब ७५ अर्ब रुपैयाँ सरकारलाई बुझाएको जनाएको छ।


## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८३।०५।०४ गतेको नागरिक राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (उक्त दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौँमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँबाट रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः**

**१. ऋणीको नामः लाईट संसार प्रा.लि.** **कर्जा शिर्षकः** डिमाण्ड कर्जा, क्यास क्रेडिट, चालुपूंजी कर्जा र आवधिक कर्जा

(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २३९४३७/०७७/०७८, दर्ता मितिः २०७७/०४/१६, स्थायी लेखा नं.: ६०९७७१९०७, ठेगानाः काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं. ९।

**शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः**

**दिक्षा हुमागाई (दाहाल):** ना.प्र.प.नं (जारी मिति/स्थान): २८-०१-०६५-०१२३२(२०६५/०३/१६/ललितपुर), बाबुको नामः इन्द्र प्रसाद दाहाल, ससुराको नामः विष्णु प्रसाद हुमागाई, पतिको नामः लक्ष्मण हुमागाई, ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ३।

**व्यक्तिगत जमानतकर्ताः**

**लक्ष्मण हुमागाईः** ना.प्र.प.नं (जारी मिति/स्थान): १०५६०२(२०५७/०१/३०/ललितपुर), बाजेको नामः कपिल मणि हुमागाई, बाबुको नामः विष्णु प्रसाद हुमागाई, ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ३।

**लिलाम हुने धितोको विवरणः**

इन्द्र प्रसाद दाहालको छोरी, विष्णु प्रसाद हुमागाईको बुहारी, लक्ष्मण हुमागाईको पत्नी, ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ३ बस्ने **दिक्षा हुमागाई (दाहाल)** को नाममा मालपोत कार्यालय चाबहिल, काठमाण्डौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स./न.पा., वडा नं. ८, नक्सा सीट नं. १०२११४९०८ स्थित कि.न. २७१ र २७४ को क्षेत्रफल क्रमशः ९०.३७ र ५.०० व.मि.को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणीको नामः कृष्ण गुरुङ** **कर्जा शिर्षकः** आवधिक कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १२८९५३(२०५९/०५/२५/कास्की), बाजेको नामः केश विर गुरुङ, बाबुको नामः तिल बहादुर गुरुङ, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २८।

**व्यक्तिगत जमानतकर्ताः**

**नानीमाया गुरुङः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१००१/११०३३१(२०६५/०८/०५/कास्की), बाबुको नामः लाल बहादुर गुरुङ, ससुराको नामः तिल बहादुर गुरुङ, पतिको नामः कृष्ण गुरुङ, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १६।

**लिलाम हुने धितोको विवरणः**

केशविर गुरुङको नाति, तिल बहादुर गुरुङको छोरा, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २८ बस्ने **कृष्ण गुरुङ**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स./न.पा. वडा नं. ७, नक्सा सिट नं. ७ख स्थित कि.न. ३२९ र ३३० को क्षेत्रफल क्रमशः ०-६-२-१ र ०-६-२-१ रोपनीको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**३. ऋणीको नामः बोहरा तिनघरे बाखा फर्म** **कर्जा शिर्षकः** आवधिक कर्जा

(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय; उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको) दर्ता नं.: ४०६७/०७४/०७५, दर्ता मितिः २०७५-०२-२१, स्थायी लेखा नं.: ११४२०४८८४, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १६।

**प्रोप्राईटरः**

**छविलाल बोहराः** ना.प्र.प.नं (जारी मिति/स्थान): १२९(०४१)/२०७३ (२०५७/०३/०१/रुकुम), बाजेको नामः मने बोहरा, बाबुको नामः दले बोहरा, ठेगानाः रुकुम जिल्ला, स्यालापाखा गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १६।

**व्यक्तिगत जमानतकर्ताः**

**टिका कुमारी रानाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५६२८६/४१९० (२०५९/०५/२०/सुर्खेत), बाबुको नामः गकुल बहादुर राना, ससुराको नामः दले बोहरा, पतिको नामः छविलाल बोहरा, ठेगानाः सुर्खेत जिल्ला, गर्पन गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १६।

**४. ऋणीको नामः छविलाल बोहरा** **कर्जा शिर्षकः** आवास कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १२९(०४१)/२०७३ (२०५७/०३/०१/रुकुम), बाजेको नामः मने बोहरा, बाबुको नामः दले बोहरा, ठेगानाः रुकुम जिल्ला, स्यालापाखा गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १६।

**व्यक्तिगत जमानतकर्ताः**

**टिका कुमारी रानाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५६२८६/४१९० (२०५९/०५/२०/सुर्खेत), बाबुको नामः गकुल बहादुर राना, ससुराको नामः दले बोहरा, पतिको नामः छविलाल बोहरा, ठेगानाः सुर्खेत जिल्ला, गर्पन गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १६।

**ऋणी बोहरा तिनघरे बाखा फर्म र ऋणी छविलाल बोहराको लिलाम हुने संयुक्त धितोको विवरणः**

मने बोहराको नाति, दले बोहराको छोरा, रुकुम जिल्ला, स्यालापाखा गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १६ बस्ने **छविलाल बोहरा**को नाममा मालपोत कार्यालय वीरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट नं. ९ स्थित कि.न. ३६१७ को क्षेत्रफल ०-१-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**५. ऋणीको नामः श्री हनुमान बस्त्रालय** **कर्जा शिर्षकः** आवधिक कर्जा

(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा दर्ता रहेको), दर्ता नं.: ७८९८/१३/०७२/७३, दर्ता मितिः २०७२/०४/०८, स्थायी लेखा नं.: ६०३२९०९५२, ठेगानाः धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. २।

**प्रोप्राईटरः**

**राजेन्द्र यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ११२११०१०(प्र.प.२०५९/०२/१५/धनुषा), बाजेको नामः खटर यादव, बाबुको नामः हरि नन्दन यादव, ठेगानाः धनुषा जिल्ला, वेंगाशिवपुर गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. चन्दन यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७-०१-७३-०११९८(२०७३/०५/२६/धनुषा), बाजेको नामः राजेन्द्र यादव, बाबुको नामः शत्रुधन यादव, ठेगानाः धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९।

**ख. शत्रुधन यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ११२१२७०५(२०५२/०५/२१/धनुषा), बाजेको नामः हरि नन्दन यादव, बाबुको नामः राजेन्द्र यादव, ठेगानाः धनुषा जिल्ला, वेङगाशिवपुर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९।

**ग. सुनैना देवी यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७३०८४/३१६(२०६३/१०/१४/धनुषा), बाबुको नामः राजेन्द्र राय यादव, ससुराको नामः राजेन्द्र यादव, पतिको नामः शत्रुधन यादव, ठेगानाः धनुषा जिल्ला, वेंगाशिवपुर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९।

**घ. सृजना कुमारी यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७-०१-७७-१४३३२(२०७७/१२/१०/धनुषा), बाबुको नामः महेश्वर राय, ससुराको नामः शत्रुधन यादव, पतिको नामः चन्दन यादव, ठेगानाः धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९।

**लिलाम हुने धितोको विवरणः**

हरि नन्दन यादवको नाति, राजेन्द्र यादवको छोरा, धनुषा जिल्ला, वेङगाशिवपुर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९ बस्ने **शत्रुधन यादव**को नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, भंगाहा गा.वि.स./न.पा. वडा नं. ९/ङ स्थित कि.न. ३११ को क्षेत्रफल ९१४३.२७ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**६. ऋणीको नामः आसियाना कस्मेटिक एण्ड जनरल स्टोर** **कर्जा शिर्षकः** चालुपूंजी कर्जा

(मधेस प्रदेश सरकार, उद्योग पर्यटन तथा वन मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा दर्ता रहेको), दर्ता नं.: १७६९९/२०८०/०८१, दर्ता मितिः २०८०/०७/१५, स्थायी लेखा नं.: ६१९५५१६७०, ठेगानाः सिराहा जिल्ला, कल्याणपुर न.पा., वडा नं. १२।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**रौशन खातुनः** ना.प्र.प.नं (जारी मिति/स्थान): १४३/११००४९२९(२०५१/११/०५/सिराहा), बाबुको नामः मो. जिवरील अहम्द, ससुराको नामः मो.जिवरील मियाँ, पतिको नामः मो.ईसराईल राइन, ठेगानाः सिराहा जिल्ला, बेल्हा गा.वि.स., वडा नं. ३ परिवर्तित सिराहा जिल्ला, कल्याणपुर न.पा., वडा नं. १२।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. मो.ईसराईल राइनः** ना.प्र.प.नं (जारी मिति/स्थान): २१४९-२९६(२०४६/०३/१३/सिराहा), बाजेको नामः हाजी रहिमान मियाँ, बाबुको नामः मो. जिवरील मियाँ, ठेगानाः सिराहा जिल्ला, बेल्हा गा.वि.स., वडा नं.३ परिवर्तित सिराहा जिल्ला, कल्याणपुर न.पा., वडा नं. १२।

**ख. निशार अहमदः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५-०१-७५-०२९१०(२०७५/०३/०८/सिराहा), बाजेको नामः मो. जिवरील मियाँ, बाबुको नामः मो. ईसराईल राइन, ठेगानाः सिराहा जिल्ला, कल्याणपुर न.पा., वडा नं. १२।

**ग. निजाम अहमद अधिकारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५-०१-७९-०७२६०(२०७९/०५/३१/सिराहा), बाजेको नामः मो. जिवरील मियाँ, बाबुको नामः मो. ईसराईल राइन, ठेगानाः सिराहा जिल्ला, कल्याणपुर न.पा., वडा नं. १२।

**लिलाम हुने धितोको विवरणः**

हाजी रहिमान मियाँको नाति, मो. जिवरील मियाँको छोरा, सिराहा जिल्ला, बेल्हा गा.वि.स., वडा नं. ३ परिवर्तित सिराहा जिल्ला, कल्याणपुर न.पा., वडा नं. १२ बस्ने **मो.ईसराईल राइन**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, बेल्हा गा.वि.स./न.पा., वडा नं. ३, नक्सा सीट नं. ३ क स्थित कि.न. ४५६ को क्षेत्रफल ०-१०-२१/२ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**७. ऋणीको नामः भारती कृषि तथा पशु फर्म** **कर्जा शिर्षकः** क्यास केडिट र आवधिक कर्जा

(प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, बर्दघाट सुस्ता पूर्वमा दर्ता रहेको) दर्ता नं.: ७२०/०७७/०७८, दर्ता मितिः २०७७/०४/२९, स्थायी लेखा नं.: ६१२६३४३०५, ठेगानाः नवलपरासी (व.सु.पू) जिल्ला, कावासोती न.पा., वडा नं. ७।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**सरीता भारतीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५४५८३(२०६३/०५/०१/नवलपरासी), बाबुको नामः दिप बहादुर गिरी, ससुराको नामः दधे भारती, पतिको नामः शेरु भारती, ठेगानाः नवलपरासी जिल्ला, कावासोती गा.वि.स., वडा नं. ५ भई हाल परिवर्तित नवलपरासी (व.सु.पू) जिल्ला, कावासोती न.पा., वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताः**

**शेरु भारतीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १२५०४(२०५६/०१/२२/नवलपरासी), बाजेको नामः कालु भारती, बाबुको नामः दधे भारती, ठेगानाः नवलपरासी जिल्ला, कावासोती गा.वि.स., वडा नं. ५ भई हाल परिवर्तित नवलपरासी (व.सु.पू) जिल्ला, कावासोती न.पा., वडा नं. ७।

**लिलाम हुने धितोको विवरणः**

दिप बहादुर गिरीको छोरी, दधे भारतीको बुहारी, शेरु भारतीको पत्नी, नवलपरासी जिल्ला, कावासोती गा.वि.स., वडा नं. ५ भई हाल परिवर्तित नवलपरासी (व.सु.पू) जिल्ला, कावासोती न.पा., वडा नं. ७ बस्ने **सरीता भारती**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती गा.वि.स./न.पा., वडा नं. ५, नक्सा सीट नं. ५क स्थित कि.न. ५६१ को क्षेत्रफल ०-२-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


## सन नेपाल लाइफद्वारा बागमतीका उत्कृष्ट अभिकर्ता सम्मानित




काठमाडौं, भदौ ३ (नागरिक)- सन नेपाल लाइफ इन्सुरेन्स कम्पनीले बागमती प्रदेशअन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा उत्कृष्ट कार्यसम्पादन गर्ने एजेन्सी डेभलपमेन्ट म्यानेजर तथा इमर्जिङ सन क्लबमा योग्य अभिकर्तालाई सम्मान गरेको छ।

भक्तपुरको राधे-राधेस्थित रोयल थाई हस्पिटालिटीमा आयोजित कार्यक्रममा उत्कृष्ट अभिकर्तासँगै एमडिआरटी हासिल गर्न सफल अभिकर्तालाई समेत अवार्ड तथा सम्मान प्रदान गरिएको थियो। कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्याल, प्रमुख बजार अधिकृत गणेश चौलागाईं, बागमती प्रदेश प्रमुख लोकमाया अधिकारी तथा क्षेत्रीय प्रबन्धकहरूको सहभागिता थियो।

प्रमुख बजार अधिकृत चौलागाईंले बागमतीका अभिकर्ताले कम्पनीको व्यवसाय विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताए। उनले अभिकर्ताको सेवा-सुविधा, क्षमता विकास र व्यवसाय विस्तारलाई प्राथमिकता दिँदै थप प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने बताए।

## गरिमा विकास बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा स्थानान्तरण



काठमाडौं, भदौ ३ (नागरिक)- गरिमा विकास बैंक लिमिटेडले काठमाडौं महानगरपालिका-३, बालुवाटारस्थित आफ्नै स्वामित्वको नवनिर्मित भवनमा केन्द्रीय कार्यालय स्थानान्तरण गरेको छ। नेपाल राष्ट्र बैंकका गभर्नर प्रा. डा. विश्वनाथ पौडेलले बुधबार आयोजित समारोहमा नयाँ कार्यालयको उद्घाटन गरेका हुन्।

केन्द्रीय कार्यालय उद्घाटनसँगै बैंकले यसअघि लाजिम्पाटमा सञ्चालन गर्दै आएको कार्यालय बालुवाटारमा स्थानान्तरण गरेको हो। बैंकले स्याङ्जाको वालिङबाट वित्तीय कारोबार सुरु गरेको थियो। २०६७ वैशाख १ गते पोखराको महेन्द्रपुलमा केन्द्रीय कार्यालय सारेको बैंकले राष्ट्रियस्तरको विकास बैंकमा स्तरोन्नति भएपछि २०७३ चैत २७ गते पोखराबाट काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय स्थानान्तरण गरेको थियो। उद्घाटन कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्यायले वालिङबाट सुरु भएको बैंकको यात्रा काठमाडौंसम्म आइपुग्नुमा ग्राहक, सेयरधनी, नियामक, साझेदार तथा कर्मचारीको योगदान महत्त्वपूर्ण रहेको बताए।

## नेस्ट नेपालद्वारा एससिआइएफमा सामुदायिक सहभागिता कार्यक्रम




काठमाडौं, भदौ ३ (नागरिक)- नेस्ट नेपालले कीर्तिपुरस्थित सपोर्टिङ चिल्ड्रेन इनिसिएटिभ फाउन्डेसन (एससिआइएफ) मा सामुदायिक सहभागिता कार्यक्रम आयोजना गरेको छ। आइतबार आयोजित कार्यक्रममा नेस्ट नेपालका प्रमुख कार्यकारी अधिकृत कुशल काफ्ले, प्रमुख सञ्चालन अधिकृत सुवास कँडेलसहित करिब ६० कर्मचारी सहभागी भएका थिए। संस्थापक बसन्त बिसीको समन्वयमा भएको कार्यक्रममा एससिआइएफलाई घरायसी सामग्री, खाद्यान्न, शैक्षिक तथा स्टेसनरी सामग्री, खेलकुद र मनोरञ्जनका सामग्री हस्तान्तरण गरिएको थियो।

एससिआइएफले हाल १७ बालबालिकाको हेरचाह, शिक्षा र भविष्य निर्माणमा सहयोग गर्दै आएको छ। संस्थाले बालबालिका १८ वर्ष पुगेपछि रोजगारी खोज्न सहयोग गर्ने वा संस्थामै काम गर्ने अवसर उपलब्ध गराउने पहलसमेत गर्दै आएको जनाएको छ।

नेस्ट नेपालले एससिआइएफको आवश्यकताको मूल्यांकन गरी सोही आधारमा सहयोग सामग्री छनोट गरेको जनाएको छ। सामग्री हस्तान्तरणपछि कर्मचारीहरूले बालबालिकासँग खेलकुद, दौड, कला तथा मनोरञ्जनात्मक गतिविधिमा सहभागिता जनाएका थिए। कम्पनीले आगामी दिनमा पनि स्थानीय समुदाय तथा सामाजिक संस्थासँग सहकार्य गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

## रुपाकोट रिसोर्टको आइपिओ निष्कासन प्रबन्धकमा एनआइसी एसिया क्यापिटल




काठमाडौं, भदौ ३ (नागरिक)- रुपाकोट रिसोर्ट लिमिटेडले भविष्यमा सर्वसाधारणका लागि प्राथमिक सेयर (आइपिओ) निष्कासन गर्ने तयारीस्वरूप एनआइसी एसिया क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ। यससम्बन्धी दुईपक्षीय सम्झौता हालै सम्पन्न भएको हो।

सम्झौताअनुसार एनआइसी एसिया क्यापिटलले प्रचलित कानुनअनुसार रूपाकोट रिसोर्टलाई आइपिओ निष्कासनका लागि आवश्यक सम्पूर्ण परामर्श तथा अन्य सेवा उपलब्ध गराउनेछ। कास्कीको रुपा गाउँपालिका-६, मैदानमा कार्यालय रहेको रुपाकोट रिसोर्ट पोखरा क्षेत्रको पर्यटन तथा आतिथ्य व्यवसायमा सक्रिय छ।

प्राकृतिक सौन्दर्य, हिमाली दृश्य तथा रुपा र बेगनास तालको दृश्यावलोकन गर्न सकिने स्थानमा रहेको रिसोर्टले आवास, खानपान, मनोरञ्जन तथा विभिन्न कार्यक्रम सञ्चालन गर्न पूर्वाधार विकास गरेको जनाएको छ।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### सूचना



जिल्ला गोरखा, आरुघाट गाउँपालिका वडा नं. 7 बस्ने भारतीय सेनाका भू.पू. सैनिक नं. 5841077N हनेरी नायब सुवेदार दिप बहादुर 3|9 जि.आर. को पेन्सन अभिलेखमा नाम दिप बहादुर र जन्म मिति 17/12/1951 A.D. भएको तर नेपाली नागरिकता प्रमाणपत्र नं. 617/44810 मा डिल बहादुर श्रेष्ठ र जन्म मितिः 2005/09/14 B.S (28/12/1948 A.D.) उल्लेख भएको साथै निजको एकमात्र श्रीमतीको नामथर पेन्सन अभिलेखमा रत्न कुमारी र जन्म मिति 10/10/1958 A.D. भएको तर नेपाली नागरिकता प्रमाणपत्र नं. 210 मा नामथर ज्ञानमाया श्रेष्ठ र जन्म मिति 2012/08/14 B.S. (29/11/1955 A.D.) उल्लेख भएको हुँदा दुवै नामथर र जन्ममिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

### मोटरसाइकल हरायो

मिति २०८३/०४/११ गते का.जि. तारकेश्वर न.पा. २ काभ्रेस्थलीमा पार्किङ्ग गरी राखेको अवस्थामा मेरो निम्न ब्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी साधनको विवरणः**
मोटरसाईकलको नामः **बजाज पल्सर २२० F**
मोटरसाईकल नं: **बा.प्र. ०२-०६६ प ५७२०**
मोटरसाईकल रङ्गः **कालो/रातो**
ईन्जिन नं: **DKXCTL28927**
च्यासिस नं: **MD2A13EX8TCL83417**
सवारीधनीको नामः **भच्चेक वचत तथा ऋण सहकारी संस्था लि.**
ऋणीको नामः **डाबुन तामाङ**
सम्पर्क नं: ९८६१४०५८८५

### वर्गीकृत डिस्प्ले

**कलर प्रति बक्स**
१X ५ = रू.१८००/-* मात्र
१X १० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X ५ = रू.१२५०/-* मात्र
१X १० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

# अन्तिम चरणमा एसियाली खेलकुदको तयारी

**आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म नागोया र आइचीमा हुने एसियाली खेलकुदमा करिब १५ हजार खेलाडी र पदाधिकारी सहभागी हुने अपेक्षा गरिएको छ। किशोर उमेरका प्रतिभादेखि ओलम्पिकभन्दा पनि बढी खेलाडीको सहभागिता र आँधीको मौसमबीच खेलाडीलाई राखिने क्रुजसम्म यसपटकको एसियन खेलकुदको विशेषता हुनेछ।**

नागोया, भदौ ३ (एएफपी)- एसियाली राष्ट्रहरूका लागि सबैभन्दा ठूलो महोत्सव मानिने एसियाली खेलकुद एक महिनापछि जापानको नागोया शहरमा सुरु हुँदै छ।

यसपटकको एसियाली खेलकुदमा किशोर उमेरका प्रतिभादेखि ओलम्पिकभन्दा पनि बढी खेलाडीको सहभागिता र आँधीको मौसमबीच खेलाडीलाई राखिने क्रुज पानीजहाज सम्मका विशेषता रहनेछन्। आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म नागोया र आसपासको आइची क्षेत्रमा हुने एसियाली खेलकुदमा करिब १५ हजार खेलाडी र पदाधिकारी सहभागी हुने अपेक्षा गरिएको छ। फिलिपिन्सकी टेनिस खेलाडी एलेक्जान्ड्रा इआलासहित विश्वस्तरका दुई युवा प्रतिभा १५ वर्षीय भारतीय क्रिकेटर वैभव सूर्यवंशी र १३ वर्षीया चिनियाँ पौडी खेलाडी यु जिदी पनि सहभागी हुँदैछन्। आयोजकले खेलाडीका लागि क्रुज पानीजहाज, काठका कन्टेनर शैलीका आवासदेखि सामान्य होटलका कोठासम्मको व्यवस्था गरेका छन्।

खेलाडीले यसबाट विशेष अनुभव प्राप्त गर्ने आयोजकको विश्वास छ। आइची/नागोया खेलकुद आयोजक समितिका उपमहासचिव काजुहिरो यागीले एसियाली खेलकुद सुरु हुन लागेको महसुस हुन थालेको बताएका छन्। 'एसियाली खेलकुदको अन्तिम तयारीको चरणमा हामी प्रवेश गरिसकेका छौं। अन्तिम क्षणसम्म पनि एक भएर काम गर्नेछौं। जापान मात्र होइन एसियाभरका मानिसहरूले प्रतियोगिताको आनन्द लिने आशा गरेका छौं,'उनले भने। खर्च कम गर्ने उद्देश्यले आयोजकहरूले खेलाडीका लागि अस्थायी आवासको व्यवस्था गरेका छन्। त्यसअन्तर्गत इटालीको क्रुज पानीजहाज कोस्टा सेरेना भाडामा लिइएको छ। करिब चार हजारदेखि पाँच हजार खेलाडी उक्त पानीजहाजमा बस्नेछन्।

पानीजहाजमा ५७१ वटा क्याबिन, सातवटा पौडी पोखरी, आठवटा रेस्टुरेन्ट तथा नौ वटा बार छन्। जापानमा सामान्यतया सेप्टेम्बर/अक्टोबरमा टाइफुनको मौसम हुने भए पनि यसबाट आवास व्यवस्थामा कुनै असर नपर्नेमा अधिकारीहरू विश्वस्त छन्। नागोयाको गार्डेन पियर क्षेत्रमा थप करिब दुई हजार खेलाडी र पदाधिकारी काठबाट बनेका ढुवानी कन्टेनर शैलीका अस्थायी आवासमा बस्नेछन्। बाँकी खेलाडी र पदाधिकारी होटलमा रहनेछन्। केही खेलाडी तथा पदाधिकारी टोकियोमा पनि राखिने तयारी छ। जहाँ पौडी, डाइभिङ र घोडचढीका प्रतियोगिता सञ्चालन हुनेछन्। 'खेलाडीका लागि आराम गर्ने र अन्य प्रतिस्पर्धीसँग घुलमिल हुने ठाउँ पनि आवश्यक हुन्छ। सबै खेलाडीले आरामदायी रूपमा बस्न र उत्कृष्ट प्रदर्शन गर्न सकुन् भन्ने सुनिश्चित गर्न आवासको तयारी अन्तिम चरणमा पुगेको छ,'यागीले भने।




नागोयामा हुने प्रतियोगिताकी प्रमुख खेलाडीमध्ये इआला पनि एक हुन्। २१ वर्षीया इआला महिला टेनिसमा सफलताको शिखरलाई निरन्तरता दिने लक्ष्यमा हुनेछिन्। विश्व वरीयतामा २०औं स्थानमा रहेकी इआला यसै महिनाको सुरुआतमा वासिङ्टन ओपनको उपाधि जित्दै डब्ल्युटिए उपाधि जित्ने पहिलो फिलिपिन्स खेलाडी बनेकी थिइन्। उनको सफलताले फिलिपिन्समा टेनिसप्रति ठूलो आकर्षण बढाएको छ। धेरै युवा खेलाडीलाई टेनिसतर्फ आकर्षित गरेको छ। भारतीय क्रिकेटका नयाँ प्रतिभाका रूपमा आफूलाई स्थापित गरेका सूर्यवंशीमाथि पनि सबैको नजर रहनेछ। यी प्रतिभाशाली किशोरले गत महिना इङ्ल्यान्डविरुद्ध टी ट्वान्टी खेलमा डेब्यु गर्दै भारतका लागि खेल्ने सबैभन्दा कम उमेरका क्रिकेटर बनेका थिए।

उनी जापानमा नवनिर्मित क्रिकेट मैदानमा स्वर्ण पदक जित्ने लक्ष्यमा हुनेछन्। पुरुषतर्फ क्रिकेटमा साविक विजेता भारतले फाइनलमा आफ्नो चिरप्रतिद्वन्द्वी पाकिस्तानको सामना गर्न सक्ने सम्भावना छ। पौडी खेलाडी युले पनि छोटो समयमै उत्कृष्ट प्रगति गर्दै आफ्नो नाम स्थापित गरिसकेकी छन्। उनले गत वर्ष महिलाको २०० मिटर व्यक्तिगत मेड्लेमा एसियाली नयाँ कीर्तिमान बनाएकी थिइन्। अक्टोबरमा १४ वर्ष पुग्ने यु चिनियाँ टोलीको सदस्य हुनेछिन्। सन् २०२३ मा घरेलु भूमिमा भएको हाङझाउ एसियाली खेलकुदमा पदक तालिकामा दबदबा कायम गरेको चीन यसपटक पनि शीर्ष स्थानमा रहने लक्ष्यमा हुनेछ। हाङझाउमा चीनले कीर्तिमानी २०१ स्वर्ण पदक जितेको थियो। जुन दोस्रो स्थानको जापानको भन्दा झन्डै चार गुणा बढी हो।

एसियाली खेलकुदमा एथलेटिक्स, पौडी र फुटबलजस्ता परम्परागत खेलसँगै कबड्डी, सेपाकताक्रो र उसुजस्ता एसियाका लोकप्रिय खेलहरू पनि समावेश छन्। २०औं संस्करणमा मिक्स मार्सल आर्ट्स, प्याडेल, टेकबल र भर्चुअल तेक्वान्दोजस्ता नयाँ खेलहरू समावेश छ। हाङझाउमा पहिलोपटक अत्यधिक सफल भएको ई स्पोर्ट्सलाई पनि यसपटक निरन्तरता दिइएको छ। नागोया आयोजकहरूले वृद्धवृद्धालाई पनि गेम कन्ट्रोलर चलाउँदै मानसिक रूपमा सक्रिय रहन प्रेरित गर्ने आशा गरेका छन्। सन् १९९४ पछि पहिलोपटक जापानमा एसियाली खेलकुद फर्किन लागेको हो। आयोजक समितिका यागीले प्रतियोगिताको वातावरण विस्तारै उत्साहपूर्ण बन्दै गएको बताएका छन्।



एलेक्जान्ड्रा इआला



वैभव सूर्यवंशी

# 'पदक वितरणमा त्रुटि र लापरबाहीको जिम्मेवार सदस्यसचिव'

**सन्देश श्रेष्ठ**
*कास्की, भदौ ३*

गण्डकी प्रदेश खेलकुद परिषद् (गखेप)का दुई जना कार्यकारी सदस्यले पदक वितरणमा भएको त्रुटि र लापरबाहीको जिम्मेवारी सदस्य सचिवले लिनुपर्ने बताएका छन्।

गखेप कार्यकारिणी सदस्यद्वय भेनिस थापा र कञ्चन थापा कोइरालाले पदक वितरणमा भएको विवादप्रति आफूहरूको ध्यानाकर्षण भएको जनाउँदै त्यसको सम्पूर्ण जिम्मेवार सदस्य सचिव भएको बताएका हुन्। थापा र कोइरालाले बुधबार संयुक्त रूपमा एक विज्ञप्ति जारी गर्दै पदक वितरणमा भएको गल्ती, कमजोरी वा लापरबाहीमा आफूहरूको संलग्नता नरहेको स्पष्ट पारेका छन्। उनीहरूले प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले बनाएको छानबिन समितिले छानबिनपश्चात निकालेको निष्कर्षमा आफूहरू सहमत भएको जनाउँदै सो प्रतिवेदन कार्यान्वयन गर्न मागसमेत गरेका छन्।

'पदक वितरणमा गम्भीर त्रुटि, लापरबाही तथा प्रक्रियागत कमजोरी भएको निष्कर्षसहित छानबिन समितिले प्रतिवेदन बुझाएको सम्बन्धमा हामी



सदस्य द्वयको निर्णय प्रक्रिया वा कार्यान्वयनमा संलग्नता छैन। यसको सम्पूर्ण जिम्मेवारी निर्णय गर्ने र कार्यान्वयन गर्ने पदाधिकारीले लिनुपर्छ,' विज्ञप्तिमा भनिएको छ। पदक सिफारिस समितिको सिफारिस बिना नै पदक वितरण गरिएको थाहा पाउँदा आफूहरू अचम्मित भएको उनीहरूले बताएका छन्। 'हामीलाई पदक सिफारिस समितिबाट सिफारिस भइआएको भनेर प्रस्ताव गरिएको थियो,'उनीहरूले विज्ञप्तिमा भनेका छन्,' त्यस आधारमा उपस्थितिमा हस्ताक्षर गरेका हौं, तर निर्णयमा होइन।' उनीहरूले पदक वितरण सम्बन्धी निर्णयमा उपस्थितिमा गरिएको हस्ताक्षरलाई प्रयोग गरिएको उनीहरूको स्पष्टोक्ति छब।

'उपस्थितिमा गरिएको हस्ताक्षरलाई निर्णयमा प्रयोग गरी हाम्रो सहमति वा स्वीकृति रहेको देखाउनु तथ्यसम्मत होइन',उनीहरूले विज्ञप्तिमा भनेका छन्। सदस्यद्वय थापा र कोइरालाले पदक प्रदेशको गौरव भएको बताउँदै त्यसको गरिमा जोगाएर वितरण हुनुपर्नेमा आफूहरू स्पष्ट रहेको जनाएका छन्। 'पदक खेलाडीको मेहनतसँगै प्रदेश र राष्ट्रको गौरवसँग जोडिएको विषय भएकाले यसको वितरण विधि, प्रक्रिया र मापदण्डअनुसार हुनुपर्छ भन्नेमा हाम्रो स्पष्ट मत छ,'उनीहरूले भनेका छन्।

त्यसैले छानबिन समितिको प्रतिवेदनका आधारमा सत्य तथ्य निष्पक्ष रूपमा परीक्षण गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न र निर्दोषलाई दोषारोपणबाट मुक्त गर्न उनीहरूले सरकारसँग आग्रहसमेत गरेका छन्।

# ग्रिनफिल्ड सेमिफाइनलमा

काठमाडौं भदौ ३ (नगारिक)- आयोजक ग्रिनफिल्ड १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा सेमिफाइनलमा प्रवेश गरेको छ।



बाफलस्थित ग्रिनफिल्डको कभर्डहलमा बुधबार भएको खेलमा ग्रिनफिल्डले इनोभेटिभलाई ३१-२२ ले पराजित गऱ्यो। ग्रिनफिल्डको जितमा अजय मगरले १० अंक योगदान गरे। सिनियर गर्ल्समा सेजल रोकाको २३ अंक सहयोगमा रेडियन्टले काठमाडौं भ्यालीलाई ४३-३० ले हराउँदै सेमिफाइनलमा पुग्यो। सिनियर ब्वाइजमा रेडियन्ट पब्लिकले ज्ञान निकेतनलाई ६२-४५, संस्कृति इन्टरनेसनल स्कुलले राइजिङ स्टारलाई ५७-४८, इनोभेटिभले क्षेत्रज्ञलाई ५३-४०, मार्वलसले ब्राइट होराइजनलाई ५९-५६, काठमाडौं भ्यालीले काठमाडौं जेभियर्सलाई ६६-४८, सनसाइनले साइन मोडेललाई ४४-३१, गण्डकीले न्यु जेनिथलाई ४४-३२ र पुष्पसदनले एन्जल लर्डलाई ४६-४४ ले हराउँदै क्वाटरफाइनलमा स्थान सुरक्षित गरे। रेडियन्ट पब्लिकका अनिश श्रेष्ठले ११, संस्कृतिका अभिग्न श्रेष्ठले २७, इनोभेटिभका कल्याण मगरले २०, मार्वलसका रोशन कुश्वाहले १९, काठमाडौं भ्यालीका जिग्मे लामाले २२, सनसाइनका विशाल खड्काले २०, गण्डकीका तपेन्द्र ओडले १० र एन्जल लर्डका मात्रिका बुढाथोकीले २२ स्कोर गरे।

# विश्व ट्रायथलन टेक्निकलमा चाहना र युवराज

काठमाडौं, भदौ ३ (नागरिक)- नेपाल ट्रायथलनका युवराज सुनुवार र चाहना शाहले सोल विश्व ट्रायथलन टेक्निकल अफिसियल्स र इभेन्ट अर्गनाइजर्स लेभल टु सेमिनार २०२६ मा सहभागिता जनाउने भएका छन्।

कोरिया ट्रायथनल महासंघको आयोजनामा हुने सो सेमिनार भदौ ५ देखि ७ गतेसम्म हुँदैछ। नेपाल ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले टेक्निकल अफिसरद्वय युवराज र चाहनालाई बुधबार शुभकामनासहित बिदाइ गरेका थिए। सो अवसरमा ट्रायथलन संघका कोषाध्यक्ष नीरज श्रेष्ठ, बागमती प्रदेश ट्रायथलन संघका अध्यक्ष ज्ञानकृष्ण प्रजापति र लेभल टु प्रशिक्षक सानुभाइ पौडेलको पनि उपस्थित थिए।

# वर्षाअघि नै भारतले जित जोगायो

**श्रीलंकाको गालेमा भएको पहिलो टेस्टमा स्पिनर मानव सुथारको उत्कृष्ट बलिङ प्रेरणामा भारतले बुधबार घरेलु टोलीमाथि १६५ रनको सहज जित रचेको हो। बायाँहाते स्पिनर मानव सुथारले कुल १० विकेट लिए।**

गाले, भदौ ३ श्रीलंका (एपी)- पाँचौं दिन भारी वर्षाको सहायतामा घरेलु टोली श्रीलंकालाई हारबाट जोगाउन सक्ने अवस्था आउनुभन्दा केही मिनेटअघि नै भारतले पहिलो टेस्ट आफ्नो बनाएको छ।

श्रीलंकाको गालेमा भएको पहिलो टेस्टमा स्पिनर मानव सुथारको उत्कृष्ट बलिङ प्रेरणामा भारतले बुधबार घरेलु टोलीमाथि १६५ रनको सहज जित रचेको हो। बायाँहाते स्पिनर मानव सुथारले कुल १० विकेट लिए। उनले श्रीलंकाको दोस्रो इनिङको ७६औं ओभरमा तीन विकेट लिए भने ७८औं ओभरमा अन्तिम विकेट पनि झार्दै घरेलु टोलीलाई २०६ रनमा अलआउट गरे। सुथारले करियरको दोस्रो टेस्टमै यो उपलब्धि पाएका हुन्। उनी पहिलोपटक एक इनिङमा ६ विकेटसहित कुल १० विकेट लिन सफल भए। २४ वर्षको उमेरमा उनी विदेशी भूमिमा टेस्टमा १० विकेट लिने सबैभन्दा कान्छा भारतीय स्पिनर बनेका छन्। भारतले पहिलो इनिङमा ४६२ र दोस्रो इनिङमा १९३ रन बनाएको थियो।

भारतका देवदत्त पडिकलले क्रमशः १६७ र ४४ रन बनाए। उनी प्लेयर अफ द म्याच पनि घोषित भए। श्रीलंकाले पहिलो इनिङमा २८४ रन बनाएको थियो। पछि ३७२ रनको विजयी लक्ष्य पछ्याएको श्रीलंका २०६ रनमै समेटियो। श्रीलंकाले मंगलबार दिउँसोसम्म चार विकेट गुमाइसकेको थियो। सोनल दिनुषा र कप्तान धनञ्जय डी सिल्भा बीचको साझेदारी अन्तिम दिन टुट्यो। लन्चसम्म १७५-६ को अवस्थामा रहेको श्रीलंकाले त्यसपछि ६४ बलमा थप चार विकेट गुमायो। यस क्रममा उसले ३१ रन मात्र जोड्यो। 'ठूलो वर्षा हुन सक्ने अनुमान थियो। त्यसैले खेललाई ढिला गर्न चाहँदैनथ्यौं,'भारतका ब्याटर लोकेश राहुलले भने,'उनीहरूको एउटा ठूलो साझेदारी थियो। त्यो साझेदारी तोडेपछि पुछारका ब्याटरलाई आउट गर्न सकिन्छ भन्ने विश्वास थियो।'

यो जितसँगै भारतले आफ्नो टेस्ट क्रिकेट इतिहासमा ६००औं जित रचेको छ। दुई खेलको शृंखलामा १-० को अग्रता लिएको छ। दोस्रो टेस्ट आइतबार कोलम्बोमा सुरु हुनेछ। बुधबार बिहान दिनुषा र डी सिल्भाले पूरै दिन खेल्ने उद्देश्यले ब्याटिङ गरेका थिए। उनीहरूले चौथो दिनको खेल समाप्त हुँदा ७४ बल सामना गर्दै साझेदारी कायम राखेका थिए। पाँचौं दिन बिहानसम्म उनीहरूको साझेदारी २०२ बलसम्म पुगेको थियो। दुवै ब्याटरले बिहानै अर्धशतक पूरा गरे। भारतका रवीन्द्र जडेजाले डी सिल्भालाई आउट गर्दै महत्वपूर्ण सफलता दिलाए। डी सिल्भा सर्ट फाइन लेगमा क्याच आउट भए। उनले १५१ बलमा ५९ रन बनाए। तीन घण्टाभन्दा बढी समय क्रिजमा रहेका उनले दिनुषासँग मिलेर ९५ रनको साझेदारी गरे।

चार ओभरपछि नजिकैको फिल्डर यशस्वी जैसवालले नरोशन डिक्वेलाको धैर्यको परीक्षा लिए। डिक्वेलाले प्रसिद्ध कृष्णाको बलमा प्रहार गर्ने प्रयास गर्दा विकेट पछाडि क्याच आउट भए। उनले १० रन बनाए। दिनुषा र केशरा नुवन्थाले लन्चसम्म श्रीलंकाको इनिङ सम्हालेका थिए। तर लन्चपछि दिनुषाको विकेट गएसँगै श्रीलंकाको पतन तीव्र बन्यो र भारतले सानदार जित निकाल्यो। सुथारले दिनुषाको चुनौती समाप्त गरे। स्पिनरको दिशाहीन बललाई लेग साइडतर्फ खेल्ने क्रममा दिनुषा एज लागेर क्याच आउट भए। पहिलो इनिङमा शतक बनाएका दिनुषा दोस्रो इनिङमा पनि श्रीलंकाका सर्वाधिक रन बनाउने खेलाडी रहे। उनले १२८ बलमा ८४ रन बनाए। सुथारले नुवन्थालाई बोल्ड गर्दै लन्चपछि श्रीलंकाका सबै चार विकेट लिए।




टेस्ट क्रिकेटमा उनको दोस्रो ६ विकेटको प्रदर्शन हो। यसअघि सुथारले जुनमा डेब्यु टेस्ट (अफगानिस्तानविरुद्ध) मै ३३ रन दिएर ६ विकेट लिएका थिए। गाले टेस्टमा उनले कुल १३१ रन खर्चेर १० विकेट लिए। 'उनले निकै उत्कृष्ट बलिङ गरिरहेका छन्। उनी सम्भावना भएका खेलाडी हुन्। लामो समयसम्म भारतका लागि खेल्न सक्ने खेलाडी हुन्,'भारतका कप्तान शुभमन गिलले सुथारको प्रशंसा गर्दै भने,'पडिकलको खेल पनि सानदार रह्यो। सतक बनाउनु महत्वपूर्ण हुन्छ, तर शतक बनाएपछि पनि उनले ठूलो स्कोर बनाए।'




**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी